# पहिला मेरो बाइबल

अनुवादक - प्रकाश मानन्धर
शुद्धिकरण - धन बहादुर पुलामी

दोस्रो वर्ष
त्रैमासिक ३

विषय सूची


| | | | पाना नं. |
|---|---|---|---|
| | पाठ १ | परमेश्वरको अचम्मको उपहार | १ |
| | पाठ २ | स्वर्गदूतबाट आएको एउटा गोप्य रहस्य | ५ |
| | पाठ ३ | परमेश्वर हामीहरूसँग | ९ |
| | पाठ ४ | एउटा ताराद्वारा अगुवाई | १३ |
| | पाठ ५ | बालक येशू | १७ |
| | पाठ ६ | येशू हाम्रो उदाहरण | २१ |
| | पाठ ७ | तीनवटा डरलाग्दा परीक्षाहरू | २५ |
| | पाठ ८ | चेलाहरूको बोलावट | २९ |
| | पाठ ९ | येशूले मन्दिरलाई शुद्ध पार्नुभएको | ३३ |
| | पाठ १० | मृत्युसम्मै विश्वासी | ३७ |
| | पाठ ११ | एउटा वैद्यको इन्कार | ४१ |
| | पाठ १२ | शिक्षा र चङ्गाईदान | ४५ |
| | पाठ १३ | पापीहरूका मित्र, येशू ख्रीष्ट | ४९ |

# याद गर्नुपर्ने पदहरू:

१. "परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ ।" — मत्ती ३:३

२. "तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनु हुनेछ ।" — मत्ती १:२१

३. "सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति !" — लूका २:१४

४. "जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ ।" — यर्मिया २९:१३

५. "अनि येशू बुद्धि र कदमा, र परमेश्वर र मानिसहरूको पक्षमा बढ्नुभयो । - लूका २:५२"

६. जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ बचत हुनेछ । - मर्कूस १६:१६

७. "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ' ।" — मत्ती ४:४

८. "उहाँले भन्नुभए बमोजिम तिमीहरूले गर ।"— यूहन्ना २:५

९. "तिमीहरूले मेरो शबाथ पालन गर, र मेरो पवित्रस्थानको आदर गर । म परमप्रभु हुँ ।" — लेवी २६:२

१०. "तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु ।" — प्रकाश २:१०

११. "शबाथमा भलो गर्नु उचित छ ।" — मत्ती १२:१२

१२. "मैले तँलाई तेरो नाउँ काढेर बोलाएको छु, तँ मेरै होस् ।" — यशैया ४३:१

१३. "परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ?" — मर्कूस २:७

# पहिला मेरो बाइबल

दोस्रो वर्ष

त्रैमासिक–३, पाठ–१

## परमेश्वरको अचम्मको उपहार



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

**याद गर्नुपर्ने पदः**
"परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ ।" — मत्ती ३:३

### आइतबार

**१** के तपाईंलाई बाइबलको शुरूका कथाहरू याद छ? ती कथाहरू बाइबलको कुन चाहिँ पुस्तकमा छन्? ती कथाहरू बाइबलको पहिलो पुस्तकमा छन् । त्यो पुस्तकको नाम के हो त? त्यो पुस्तकको नाम उत्पत्ति हो ।

ती कथाहरूमा, पुत्र परमेश्वर येशूले हाम्रो संसार र त्यो संसारभित्रका यावत् थोकहरू सृष्टि गर्नुभयो भन्ने कुरा हामीले बुझिसकेका छौं । पापको शुरूवात् कसरी भयो, र शैतानको बारेमा पनि हामीले बुझिसकेका छौं, र त्यसले सधैं मृत्युलाई निम्त्याउँदछ भन्ने कुरा पनि हामीले बुझिसकेका छौं ।

जब आदम र हव्वाले हाम्रो प्रेमिलो परमेश्वरमाथि भरोसा गर्नुको सट्टामा शैतानका झूटा कुराहरूमाथि विश्वास गर्ने निश्चय गरे, तब तिनीहरूले पनि पाप गर्न पुगे । त्यसबेलादेखि हरेक मानिसले पाप गर्दै आएका छन् । हामी स्वभाविक रूपले नै स्वार्थी छौं, र आफ्नै मार्गमा हिंडिरहेका छौं । यदि परमप्रभुले हाम्रो मुक्तिका निम्ति योजनाहरू नबनाउनु भएको भए, मानव जातिको अस्तित्व सदाको निम्ति मेटिन सक्थ्यो । तर परमप्रभुले बनाउनु भएको त्यो सुन्दर योजनाको कारण हामीले जतिसुकै पाप गरे तापनि हामीमध्ये कोही पनि सदाको निम्ति मर्ने छैनौं ।

कसैले पनि परमेश्वरको विधि-विधानलाई पालना गर्नुपर्दैन भनेर शैतानले भनेको थियो । यदि हामीले शैतानकै आज्ञालाई मानिरहयौं भनेदेखि, हामी सदा-सर्वदा शान्तिसित जीवन जीउन सक्छौं भनी शैतानले भनेको थियो । के त्यो सत्य हो त? अँहँ, होइन । त्यो दुष्ट शैतानको झूटा कुराहरू हुन् । शैतानको झूटा कुराहरूमाथि विश्वास गर्ने कुनै पनि व्यक्तिले अनन्त जीवन पाउने छैन ।

हाम्रो मुक्तिको निम्ति परमेश्वरको योजनामा, उहाँ मानवरूपी भेषमा आउनु हुनेछ भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो । उहाँ मानव भेषमा आएर परमप्रभुको आज्ञाहरू पालना गर्नका निम्ति उहाँले आफ्ना जनहरूलाई मद्दत गर्नुहुनेछ भन्ने कुरा उहाँले प्रमाणित गरी देखाउनु हुनेछ । येशू हाम्रो पापको सट्टामा मर्नुभयो, त्यसैले हामीले मृत्यु वहन गर्नुपर्ने आवश्यकता छैन । यूहन्ना ३:१६ पढ्नुहोस् । तर येशूले पूर्ण जीवन जीउनु भएकाले उहाँको फेरि पुनरूत्थान हुनेछ ।

अब, जो कोही आफ्ना पापको निम्ति दुःखी छन्, र ज-जसले येशूलाई चुनेका छन्, तिनीहरूले उहाँको जस्तै जीवन जीउनलाई मद्दतका लागि उहाँमा पुकारा गर्न सक्छन् । तिनीहरूले मृत्युलाई अँगाल्न परे तापनि सदाको निम्ति मर्नुपर्दैन । कुनै दिन येशूको पुनरागमन हुनेछ, र उहाँ जीवनको निम्ति पुनरूत्थान हुनु भए झैं, उहाँले तिनीहरूलाई पनि जीवनको निम्ति ब्युँताउनु हुनेछ ।

उहाँको आज्ञा बमोजिम येशू यस पृथ्वीमा झण्डै मानवरूपी जीवन जीउने समय आएको छ । सबै स्वर्गदूतहरूले प्रतीक्षा गरिरहेका छन् । अरू संसारका मानिसहरूले पनि हेरिरहेका छन् । के परमेश्वरका जनहरूले पनि प्रतीक्षा गरिरहेका छन् त? हामी पत्ता लगाउने छौं ।

**सोच्नुहोस्ः** हाम्रो मुक्तिको निम्ति परमेश्वरले बनाउनु भएको योजना कस्तो छ भनेर यदि कसैले तपाईंलाई सोध्यो भने, तपाईंले कसरी वर्णन गर्नुहुन्छ?

## सोमबार

**२** महिमा र प्रशंसाको सेवाकाइमा निर्दोष पाठोको बलि चढाउन किन परमेश्वरले आफ्ना जनहरूलाई सिकाउनु भयो त? तिनीहरूको पापको निम्ति परमेश्वरको साँचो थुमाको रूपमा बलि हुन कुनै दिन येशूको आगमन हुनेछ भनी परमेश्वरले गर्नुभएको प्रतिज्ञालाई तिनीहरूले याद गरेको होस् भनी उहाँले इच्छा गर्नुभयो । येशू तिनीहरूको निम्ति मर्नुहुनेछ भन्ने सम्झनामा हरेक समय तिनीहरूले पाठोको बलि चढाउँथे ।

परमेश्वरका जनहरूले येशूको दोश्रो आगमनको प्रतीक्षा गरिरहेका छन्? तिनीहरूले उहाँलाई "मसीह" भन्थे, जसको अर्थ उही "ख्रीष्ट" शब्द हो । उहाँ चाँडै नै फर्केर आउनु हुनेछ भनी तिनीहरूले विश्वास गरे, तर त्यो कुरा तिनीहरूले कसरी थाहा पाए त?

तिनीहरूलाई ती कुराहरू थाहा थियो, किनकि सयौं वर्ष अघि, परमेश्वरले आफ्ना अगमवक्ताहरूद्वारा विशेष सुसमाचार पठाउनु भएको थियो । धेरै लामो अवधि पश्चात्, येशूको आगमनको बारेमा परमेश्वरले अगमवक्ता दानिएललाई भन्नुभएको थियो । कहिले त्यो समयको शुरूवात हुनेछन् र कहिले त्यसको अन्त हुनेछ भनेर पनि परमेश्वरले तिनलाई भन्नुभएको थियो । दानिएल ९:२५ पढ्नुहोस् ।

अब ४०० वर्ष भन्दा लामो समयावधि अन्त्यतिर नजिकिंदै छ । साच्चै नै, दानिएलको भविष्यवाणी बुझ्ने मानिसहरूले मसीहको आगमनको समय नजिक छ भनी बुझेका थिए ।

**सोच्नुहोस्:** येशूको आगमनको समयको बारेमा, यदि तपाईंलाई थाहा भएको भए, तपाईं पनि निकै नै उत्साहित हुनुहुनेछ भनी के तपाईंले सोच्नुभएको छ? दानिएलको त्यो पूरै भविष्यवाणी अचम्मलाग्दो छ । कुनै समय तपाईंले त्यसबारेमा धेरै बुझ्नुहुनेछ, र तपाईंले दानिएलको अरू भविष्यवाणीहरूको बारेमा पनि बुझ्नुहुनेछ ।

## मंगलबार

**३** येशूको आगमनको समय नजिक छ । संसारको धेरै जसो मानिसहरूले साँचो परमेश्वरको महिमा र प्रशंसा गरिरहेका छैनन्; र यहुदीहरू ती थोरै मानिसहरूमध्येका हुन्, जसले उहाँलाई चिन्न सकेका छन् । तर अगमवक्ताहरूले मसीहको बारेमा लेखेका कुराहरूलाई धेरैजसो यहुदीहरूले साँचो रूपले बुझ्न सकेका थिएनन् । दाऊद र सोलोमनको राज्यकालमा झैं तिनीहरू महान् र शक्तिशाली राष्ट्र चाहन्थे । तर त्यसको सट्टामा, शक्तिशाली रोमी साम्राज्यले तिनीहरूमाथि शासन गरे; र साँच्चै नै, तिनीहरूले त्यस्तो राज्यको अपेक्षा गरेका थिएनन् ।

मसीह किन आउनुहुनेछ, उहाँको जन्म कहिले र कहाँ हुनेछ, र उहाँ कसरी मर्नुहुनेछ भन्ने बारेमा अगमवक्ताहरूले धेरै अगमवाणी गरेका थिए । तर त्यस्ता महत्वपूर्ण कुराहरूको बारेमा कसैले ध्यान दिएका थिएनन् ।

तिनीहरू अब्राहामको घरानाबाट आएका हुनाले परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो भनी मानिसहरूले सोच्दथे । तिनीहरूले परमेश्वरको दश आज्ञालाई पालना गर्दथे, त्यसैले उहाँले तिनीहरूलाई प्रेम गर्नुभयो भनी मानिसहरूले सोच्दथे । तिनीहरू परमेश्वरका प्रिय जनहरू हुन् भन्ने कुरामा तिनीहरू पक्का थिए । तिनीहरूलाई रोमी साम्राज्यबाट छुटकारा दिलाउनको निमित्त एउटा शक्तिशाली राजाको माग नै तिनीहरूको ठूलो आवश्यकता रहेको कुरामा तिनीहरू निश्चिन्त थिए ।

तर पूरै ब्रम्हाण्डकै दुष्ट र निर्दयी शत्रु शैतानबाट छुटकारा पाउनु नै तिनीहरूको ठूलो आवश्यकता रहेको कुरा तिनीहरूले बुझ्न सकेका थिएनन् । येशू किन यस पापी संसारमा आउन लागिरहनु भएको थियो भन्ने कुरा मानिसहरूलाई बुझाउन परमेश्वरलाई कसैको खाँचो थियो, र त्यस व्यक्तिको बारेमा पनि उहाँ जान्नुहुन्थ्यो ।


एउटा विश्वासी पूजाहारी जकरिया र तिनकी पत्नी एलीशिबा यहूदाको एउटा पहाडमा बस्दथे । तिनीहरू दुबै जनाको उमेर निकै ढल्किसकेको थियो, तिनीहरूका कुनै सन्तान थिएनन् । परमेश्वरले बोल्नुभएको अगमवाणीको बारेमा तिनीहरू जान्दथे, र यो समय मसीहको आगमनको समय हुनुपर्छ भनेर तिनीहरूलाई थाहा थियो । लूका १:५–७ पढ्नुहोस् ।

परमेश्वरले आफ्नो निम्ति यी दुई वृद्धहरूलाई कसरी प्रयोग गर्नुभयो त? हामी भोलि पत्ता लगाउने छौं ।

**सोच्नुहोस्:** हामी मण्डली जाँदैमा र हामीले आफूलाई इसाई ठान्दैमा, के हामी शैतानबाट सुरक्षित हुन सक्छौं त? किन हुन सक्छौं? किन हुन सक्दैनौं?

## बुधबार


**४** पूजाहारी जकरिया येरूशलेमको परमप्रभुको मन्दिरमा महिमा र प्रशंसाको सेवाकाईमा आफ्नो दलको पालोमा पूजाहारीको काम गरिरहेका थिए । एकदिन, केही अचम्मलाग्दा घटना भए । लूका १:८–११ पढ्नुहोस् ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

जकरिया आत्तिन पुगे, र भयभीत भए । एउटा स्वर्गदूत धूप-वेदीको दाहिने पट्टि उभिरहेको तिनलाई याद भएन, त्यसको अर्थ त्यो स्वर्गदूतले खुशीको सुसमाचार सुनाउन आएका थिए । त्यो स्वर्गदूतले यसो भने,

"तिम्री पत्नीले एउटा छोरो जन्माउने छिन्, र तिमीहरूले तिनको नाउँ यूहन्ना राख्नू ।" पदहरू १२–१४ पढ्नुहोस् ।

अनि, यूहन्नाको कसरी ख्याल राख्ने भन्ने बारेमा तिनले परमप्रभुका स्वर्गदूतसँग सल्लाह मागे । आफ्नी आमाको गर्भदेखि नै तिनी पवित्र आत्माले भरिपूर्ण हुनेछन्, त्यसैले प्रभु येशूको दोस्रो आगमनको निम्ति मानिसहरूलाई तयार पार्न तिनले मद्दत गर्नेछन् । धेरैजनाले पापको पश्चात्ताप गर्नेछन्, र धेरैजनाले परिवर्तन हुने निश्चय गर्नेछन् । पदहरू १५-१७ पढ्नुहोस् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

स्वर्गदूतले भनेको कुरालाई जकरियाले सुनिरहेका थिए, तर त्यो कुरा साँचो हो कि होइन भन्ने कुरामा विश्वस्त हुन जकरियालाई गाह्रो भइरहेको थियो । तिनी र एलीशिबाले सन्तान पाउनका निम्ति धेरै उमेर ढल्किसकेको थियो । स्वर्गदूतले भने जस्तै होला भन्ने कुरामा कसरी तिनीहरू पक्का हुन सक्थे र? के स्वर्गदूत गाब्रिएलले तिनलाई एउटा चिन्ह दिनुभयो? पदहरू १८–२० पढ्नुहोस् ।

परमप्रभुको मन्दिरको चोकमा मानिसहरू दिक्क मान्दै बसिरहेका थिए । किन जकरियाले पवित्र स्थानमा धेरै समय लिइरहेका थिए? अन्तमा, जब तिनी बाहिर निस्के, तब तिनले पक्कै मन्दिरमा दर्शन देखेछन् भनी मानिसहरूले बुझे । जब जकरियाले उनीहरूसित कुरा गर्ने कोशिस गरे, तब तिनले उनीहरूसँग बोल्न सकेनन् । पदहरू २१, २२ पढ्नुहोस् ।

परमप्रभुको मन्दिरमा तिनको सेवाको पालो सकिएपछि, तिनी हतार-हतार आफ्नो घरमा गए । तिनले बोल्न चाहेका कुराहरू लेख्न तिनले आवश्यक ठाने, किनकि तिनी अझै पनि बोल्न सकेका थिएनन् ।

एलिशिबा कति खुशी भई होली भनेर के तपाईंले कल्पना गर्नुभएको छ? तिनीहरूको सन्तान जन्मनेछन् र परमप्रभुका जनहरूका निम्ति तिनले विशेष कामहरू गरेर देखाउनेछन् । तिनी खुशी भएकोमा कुनै अचम्म मान्नुपर्दैन! र तिनका सबै छिमेकीहरू र नातेदारहरू तिनीसँगै रमाए । पदहरू ५७, ५८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** उमेर ढल्कि सकेपछि पनि सन्तान जन्माएका कुनै परिवारलाई के तपाईंले चिन्नु भएको छ? तपाईंले कसलाई चिन्नुभएको छ?

## बिहीबार

**५**

जब बालकको नाउँ राख्ने समय भयो, तब सबैजनाले तिनको नाउँ बावुको नाउँ जस्तै जकरिया राख्नुपर्छ भनी सल्लाह दिए । तर एलिशिबाले तिनीहरूलाई के भनिन्? लूका १:६० पढ्नुहोस् ।

यूहन्ना? किन उनीहरूले तिनलाई यूहन्ना नाउँले बो लाउनेछन् त? तिनीहरूको नाते दारमा पनि त्यस्तो नाउँ भएको कुनै मानिस थिएनन् । जब तिनीहरूले जकरियालाई सोधे, तब के भयो त? पदहरू ६१–६४ पढ् नुहोस् ।

अब, बालक यूहन्ना कोही महत्वपूर्ण मानिस बन्न गइरहेका छन् भनी मानिसहरूलाई थाहा भयो, र बालक यूहन्ना आत्मामा हुर्कंदै बढ्दै गएको जब तिनीहरूले देखे, तब तिनीद्वारा पर मप्रभुले केही महत्वपूर्ण काम गर्न गइरहनु भएको छ भन्ने कुरा तिनीहरूले बुझे । पदहरू ६५, ६६ पढ्नुहोस् ।

जब यूहन्ना आत्मामा बलियो हुँदै गए, तब मसीहको आगमनको निम्ति मार्ग तयार पार्ने काममा नियुक्त गर्नका लागि परप्रभुले उनैलाई चुन्नुभएको छ भन्ने कुराको ज्ञान यूहन्नालाई भयो । परमप्रभुले पनि त्यस्तै भन्नुभएको थियो । पदहरू ७६, ७९ पढ्नुहोस् ।

यूहन्ना नियमित रूपमा पाठशाला गएनन्; तिनले घरमै अध्ययन गरे । जब तिनी हुर्कंदै बढ्दै गए, तब तिनी जङ्गलहरूको बीचमा चट्टाने पहाडहरू, बेंसीहरू र ओडारहरूमा बस्ने निश्चय गरे । त्यस्तो खालको जीवन जीउन सहज छैन भन्ने कुराको ज्ञान तिनमा थियो । तर दिन-प्रतिदिन नराम्रा कुराहरू देख्ने र नराम्रा कुराहरू सुन्ने ठाउँमा बस्नु उचित हुँदैन भन्ने कुरा पनि तिनलाई थाहा थियो । यशैया ४०:३, ४ पढ्नुहोस् । यूहन्नाले कस्तो खालको काम गर्नेछन् भनेर परमप्रभु परमेश्वर भन्नुहुन्छ?

यूहन्ना बाटोको कामदार जस्तै हुनेछन्, जो चाहिँ अगि-अगि गएर महत्वपूर्ण यात्रीहरूको निम्ति बाटोको खाल्टाखुल्टीहरू पुरेर समतल बनाउनेछन् । येशूले आफ्नो काम शुरू गर्नु अघि, यूहन्ना ती बाटोको खाल्टाखुल्टी पुर्ने कामदारहरू झैं अगि-अगि जानेछन्, र येशूले बोल्ने वचनहरू मानिसहरूले आफ्नो हृदयमा गुन्नका लागि मानिसहरूले के गर्नुपर्ने हो, सो तिनले सिकाउने छन् ।

जब यूहन्नाले महत्वपूर्ण कामको शुरूवात् गर्ने बेला भयो, तब तिनले के भने र तिनले कस्तो खालको पोशाक लाउँथे? मत्ती ३:१–४ पढ्नुहोस् ।

परमेश्वरका जनहरूलाई सहायताको खाँचो छ भन्ने कुरा परमप्रभु परमेश्वर जान्नुहुन्थ्यो । उहाँको बारेमा र अरू धेरै महत्वपूर्ण कुराहरूको बारेमा मानिसहरूको धारणा गलत थियो । तिनीहरूका गुरूहरूले तिनीहरूलाई त्यस्ता कुराहरू सिकाउँदै थिए, जुन कुराहरू सत्य थिएनन् । मानिसहहरूले आफ्ना गलत मार्गहरूलाई त्याग्ने र पापको प्रायश्चित गर्ने बारेमा यूहन्नाले

मानिसहरूलाई सिकाउनु पर्ने थियो । के मानिसहरूले तिनको कुरामा ध्यान दिए त? पदहरू ५, ६ पढ्नुहोस् ।

**सोच्नुहोस्:** यूहन्ना परमप्रभुको एक साहसिलो अगमवक्ता बनिरहेका थिए । के तपाईंले अर्को एउटा साहसी र निडर अगमवक्ताको बारेमा सोच्नुभएको छ? के तपाईंले अगमवक्ता एलियाको बारेमा सोच्नुभएको छ?

## शुक्रबार

६

सबै प्रान्तका सबै जातिका मानिसहरू यूहन्नाको सुसमाचार सुन्नलाई आइरहेका थिए । सयौं मानिसहरू भेला भए । राजकुमारहरू, शास्त्रीहरू, सिपाहीहरू, कर सङ्कलनकर्ताहरू, र आम जन मानिसहरू पनि तिनको सुसमाचार सुन्नलाई आए, र यूहन्ना तिनीहरूमध्ये कसैसित पनि कुरा गर्नलाई डराउँदैनथे । तिनले एउटा राजालाई पनि गलत काम गरेको बारेमा याद दिलाए । निश्चितैले, परमेश्वरले एउटा साहसी अगमवक्तालाई मृत्युबाट उठाउनु भएको छ भनी केही केही मानिसहरूले विचार गरे ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

तिनको सुसमाचार सुन्न आएका केही धर्म-गुरुहरू पनि आफ्ना पापको निम्ति साँचो रूपले दु:खी भएका छैनन् भन्ने कुरा यूहन्नालाई थाहा थियो । तिनीहरूले केवल भविष्यमा आउनु हुने मसीहको मात्र चाहना गरिरहेका थिए, जो आउनुहुँदा तिनीहरू धेरै असल छन् भन्ने सोच्नेछन् । वास्तवमा, तिनीहरू स्वार्थी, घमण्डी र तुच्छ बनिरहेका थिए । यूहन्नाले तिनीहरूलाई "विषालु साँपहरू" भनेर पनि बोलाउँथे । "तिमी किन यहाँ छौ?" तिनले सोधे । मत्ती ३:७–९ पढ्नुहोस् ।

तिनीहरू अब्राहामको घरानाको हुँदैमा परमेश्वरको छोराछोरी कहलाइँदैन भनी यूहन्नाले तिनीहरूलाई बुझाउने प्रयत्न गरे । तिनीहरूले अब्राहामले झैं परमेश्वरमाथि भरोसा गर्ने, पूर्ण भक्तिकासाथ उहाँको सेवा गर्ने र उहाँको विधि-विधानहरूलाई पालना गर्नुपर्ने आवश्यकता देखिन्थ्यो । केवल परमेश्वरका असल छोराछोरीहरूले मात्र आफ्नो व्यवहारद्वारा त्यस्ता कामहरू गरेर देखाउँछन्, जसरी स्याउको रूखले स्याउ नै फलाउँछन्, अमिलो कागती फलाउँदैनन् ।

परमेश्वरका असल छोराछोरीहरूले येशूले झैं व्यवहार देखाउँदछन्, शैतानको जस्तो व्यवहार होइन । यूहन्नाको वचनहरू एउटा धारिलो वञ्चरोले असल फल नफलाउने रूखहरूलाई काटी ढालेको जस्तै थियो; मानिसहरूले साँचो परमेश्वर माथि भरोसा गर्ने र उहाँको विधि-विधानलाई मान्नुपर्ने थियो, नत्रता तिनहरूले शैतानको मार्गलाई पछ्याउँदै जानेछन् । पद १० पढ्नुहोस् ।

**सोच्नुहोस्:** अब, येशूको दोस्रो आगमन हुनुअघि नै, उहाँको निम्ति मानिसहरूलाई तयार बनाउनका निम्ति के हामीले मानिसहरूलाई सिकाइरहेका छौं त? येशू आउनु अघि, शुरुमा यूहन्नाले त्यही गरिरहेका थिए । यूहन्नाले गरे झैं, येशूको दोस्रो आगमनमा, उहाँसँगै स्वर्गमा जानलाई तयारी हुन कसरी निश्चय गर्ने भन्ने कुरा हामीले पनि मानिसहरूलाई सिकाउन सक्छौं ।

## अधिक अध्ययनका निम्ति:

लूका १:१–२५; ५७–८०; ३:२–१८; द डिजायर अफ एजेज, पेज ९७–१०८; द बाइबल स्टोरी, भोल्युम ७, पेज १८–२२ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

पहिला मेरो बाइबल

दोस्रो वर्ष
त्रैमासिक–३, पाठ–२

# स्वर्गदूतबाट आएको एउटा गोप्य रहस्य



## आइतबार

**१** स्वर्गका सबै स्वर्गदूतहरूले र संसारका अन्य सबै मानिसहरूले हेरिरहेका थिए । के पुत्र परमेश्वरले साँच्चै नै मानव रूप धारण गर्लान् त? के उहाँले पापले भरिपूर्ण यो संसारमा एउटा तुच्छ र साहाराविहीन बालक झैं जीवन व्यतीत गर्ने इच्छा गर्नुहुन्छ होला त? दुष्ट शैतानले हामीलाई परीक्षामा पारेको भन्दा पनि बढी के उहाँले आफूलाई नै परीक्षामा पर्न दिनुहुन्छ होला त? कसरी परमप्रभुले मानिसहरूलाई यति धेरै प्रेम गर्न सक्नुभयो त?

येशूले आदमलाई सृष्टि गर्नुभयो, जब आदम जस्तै आफू पनि एउटा मानव बन्नका लागि, वा आफू एउटा महान् र शक्तिशाली राजा चुनिनु भए तापनि, स्वर्गमा उहाँ महान् हुनु भए झैं यस पृथ्वीमा आफूलाई त्यस्तो केही बनाउन चाहनुभएन । स्वर्गमा हरेक स्वर्गदूतहरूले आफ्ना सर्वशक्तिमान् सृष्टिकर्ता येशूलाई धेरै प्रेम गर्थे । तिनीहरूले उहाँको महिमा, प्रशंसा र जय-जयकार गर्थे । उहाँले नै तिनीहरू हरेकलाई सृष्टि गर्नुभयो ।

जब येशू संसारमा आएर मानवको रूप धारण गर्नुहुनेछ, तब उहाँ पहिले जस्तै परमप्रभु परमेश्वर नै रहनुहुनेछ । तर उहाँले आफ्नै निम्ति परमप्रभुको झैं शक्ति प्रयोग गर्नु हुनेछैन । उहाँ मानव भएको नाताले आफूलाई सहज बनाउनका लागि कुनै सानो कामको निम्ति आफ्नो शक्तिको उपयोग गर्नु हुनेछैन । जब उहाँले मानवको रूप धारण गर्नुभयो, तब उहाँले आफ्नो साँचो पिता परमेश्वरमाथि पूर्ण रूपले भरोसा राख्नुभयो । हामीले पनि परपम्रभुलाई साँचो पिता जस्तै आदर र सम्मान गर्न सिकेका होऔं भनी परमेश्वर चाहनुहुन्छ भन्ने कुरा येशूले हामीलाई सिकाउनु हुन्छ ।

**याद गर्नुपर्ने पद:**
"तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनु हुनेछ ।" — मत्ती १:२१

जसरी येशूले आफ्नो पिता परमेश्वरमाथि निरन्तर रूपमा भरोसा गर्नुहुन्थ्यो, त्यसरी नै हामीले पनि उहाँमाथि निरन्तर रूपमा भरोसा राख्यौं भने, जसरी परमेश्वरले उहाँलाई शैतानबाट सुरक्षित राख्नुभयो, त्यसरी नै उहाँले हामीलाई पनि शैतानबाट सुरक्षित राख्नुहुनेछ भन्ने कुराको ज्ञान हामीमा होस् भनी पिता परमेश्वरले इच्छा गर्नुहुन्छ ।

**सोच्नुहोस्:** एक समय, जब येशू ख्रीष्ट यस पृथ्वीमा हुनुहुन्थ्यो, पिता परमेश्वरसँग कसरी बातचित गर्ने भन्ने कुरा उहाँका चेलाहरूले जान्ने इच्छा राखे । मत्ती ६:९ मा येशूले आफ्ना चेलाहरूलाई प्रार्थना गर्न सिकाउनु भएको शुरूको दुई शव्दहरू के-के हुन्? तपाईं हेर्नुहोस् । जब हामी येशूमाथि भरोसा राख्छौं, तब परमेश्वर हाम्रो पनि पिता हुनुहुन्छ र हामी उहाँको आफ्नै छोराछोरी कहलाइनेछौं ।

## सोमबार

**२** हाम्रा प्रभु येशू मानव बन्नुको कारण स्वर्गदूतहरूले बुझ्न सकिरहेका थिएनन् । हामीलाई भन्दा पनि येशूलाई यस संसारमा मानव जीवन व्यतीत गर्न सजिलो लाग्नेछ भनेर शैतानले कहिल्यै भन्न सक्दैन भन्ने कुरा ती स्वर्गदूतहरूलाई

थाहा थियो । आफ्नो मानवीय जीवन सहज बनाउनलाई उहाँले परमेश्वरले झैं आफ्नो शक्तिको उपयोग कहिल्यै गर्नु हुनेछैन । शैतानले तपाईं र मलाई परीक्षामा पारे झैं, उहाँलाई पनि परीक्षामा पाऱ्यो ।

शैतानले परमेश्वरको सबै योजनाहरूको बारेमा बुझेको थिएन । यदि येशूले साँच्चै नै मानवरूपी जीवन जीउनुभयो भने, उहाँलाई पापको मार्गमा डोऱ्याउन सक्ने कुरामा शैतान पक्का थियो । यदि उहाँले पाप गर्नुभएको भए, हामीले परमप्रभुमाथि भरोसा राख्ने अठोट गरे तापनि, परमप्रभुले हामीलाई शैतानबाट छुटकारा दिलाउन सक्नु हुनेथिएन । जीवन जीउने हरेक मानिसहरूलाई शैतानले परीक्षामा पारेको छ, र हरेक मानिसले पाप गर्न पुगेका छन् । येशूले पनि निश्चित रूपले पाप गर्नुहुनेछ भन्ने कुरा शैतानले सोचेको थियो । उहाँलाई पापको मार्गमा डोऱ्याउन शैतान र उसका दूतहरूले सक्दो कोसिस गरे । उहाँले निश्चित रूपले हार स्वीकार गर्नुभएको भए, उहाँ पूर्ण र निर्दोष "थुमा" बन्न सक्नु हुनेथिएन, र हामीलाई पापबाट छुटकारा दिन पनि सक्नु हुनेथिएन ।

त्यसैले शैतानले त्यहाँ भइरहेका स-साना कुराहरूमाथि पनि ध्यान दिइरहेको थियो । हाम्रो मुक्तिको निम्ति परमेश्वरले कुनै मानिसलाई पठाउने बारेमा अगमवक्ताहरूले बोलेका अगमवाणीहरूको बारेमा, कुनै शास्त्री र फरिसीहरूलाई भन्दा पनि शैतानलाई राम्रोसँग थाहा थियो, र परमेश्वरले आफ्नो प्रतिज्ञालाई सधैं पूरा गर्नुहुन्छ भन्ने कुरा पनि शैतानलाई राम्रोसँग थाहा थियो ।

जब स्वर्गदूतहरूले हेरिरहे, तब परमेश्वरका जनहरूले उहाँको प्रतीक्षा गरिरहेका छन् कि छैनन् भनी तिनीहरूले सोचे । के परमेश्वरका जनहरू येशूको आगमनको निम्ति तयार रहँलान् त? तिनीहरूका सृष्टिकर्ता पुत्र परमेश्वरको निम्ति यो संसारको सबैभन्दा सुन्दर र भव्य महल पनि उहाँको निम्ति योग्य भएन । मानिसहरूले उहाँलाई कसरी व्यवहार गर्लान् त?

**सोच्नुहोस्:** के संसारका मानिसहरू येशूको दोस्रो आगमनको निम्ति तयार छन् त? अँहँ, तयार छैनन् । जहाँसम्म लाग्छ, तिनीहरूमध्ये धेरैजनालाई येशूको बारेमा थाहा पनि छैन । तर यहुदीहरूको बारेमा के हो त, जो चाहिँ परमेश्वरका विशेष जनहरू हुन् भन्ने कुरा निश्चित हो? कुनैदिन तिनीहरूको मसीह आउनु हुनेछ भन्ने कुरा तिनीहरूलाई थाहा थियो । के तिनीहरू तयार रहँलान् त?

## मंगलबार

**३** हजारौं वर्षअघि, परमेश्वरले प्रतिज्ञा गर्नुभए झैं, मुक्तिदाताको जन्म हुने समय भइरहेको थियो । उहाँ राजा दाऊदको घरानाबाट आउनुहुनेछ, उहाँकी आमा एउटी कन्ये केटी हुनेछिन्, र उहाँको जन्म बेथलेहेममा हुनेछ भनी अगमवक्ताहरूले अगमवाणी बोलेका थिए ।

एकदिन परमेश्वरले आफ्नो विशेष स्वर्गदूत गाब्रिएललाई एउटी कुमारी स्त्रीकहाँ पठाउनुभयो, जसको नाउँ मरियम थियो । तिनी नासरतको एउटा सानो शहर गालीलमा बस्दथिन् । मरियम कुमारी नै थिइन्, तर योसेफ नाउँ गरेका एकजना सिकर्मीसँग तिनको मगनी भइसकेको थियो, जसको कारखाना नासरतमै थियो । लूका १:२६, २७ पढ्नुहोस् ।

मरियम र एलीशिबा नातेदार थिए । जकरिया र एलीशिबाले झैं, मरियमले पनि सारा हृदयले परमेश्वरलाई प्रेम गर्दथी, र चाँडै नै, मसीहको आगमन होस् भनी तिनले इच्छा गरिन् । पद ३६ पढ्नुहोस् ।

जब गाब्रिएलले मरियमलाई दर्शन दिए, तब तिनले बोलेको पहिलो शब्द सुनेर मरियमले अचम्म मानिन्, र तिनी त्यस कुराले विचलित भइन् । त्यस शब्दको अर्थ के थियो त? किन गाब्रिएलले तिनीसित त्यस्तो मिठो शब्द बोलिरहेका थिए त? पदहरू २८, २९ पढ्नुहोस् ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

तिनी आउनुको कारण मरियमलाई थाहा छैन भन्ने गाब्रिएललाई थाहा थियो । जब गाब्रिएलले तिनलाई सुसमाचार सुनाए, तब तिनले अचम्म मानिन् । ती सबै कुराहरूको अर्थ के होला त? गाब्रिएलले भनेका कुराहरू कसरी सम्भव हुन सक्थ्यो र? पदहरू ३०—३३ पढ्नुहोस् ।

आदम र हव्वाले पाप गरेपछि, परमेश्वरले तिनीहरूलाई प्रतिज्ञा गर्नुभएको समयदेखि, परमेश्वरको प्रतिज्ञा बमोजिम हाम्रो मुक्तिको निम्ति पठाइने मानिस तिनीहरूका सन्तान मध्येबाटै होस् भनी साँचो परमेश्वरको सेवा गर्ने धेरै आमाहरूले आशा लिएका थिए ।

अब, तिनी नै मसीहकी आमा बन्न गइरहेकी छिन् भनेर गाब्रिएलले मरियमलाई भनेका थिए । त्यो कुरा कसरी सम्भव हुन सक्छ भनेर मरियमले बुझ्न सकिरहेकी थिइनन् । तिनी आफू कुमारी नै रहेको कुरा तिनले गाब्रिएललाई सम्झना दिलाउन पुगिन् । पद ३४ पढ्नुहोस् ।

**सोच्नुहोस्:** के मरियम महत्वपूर्ण र धनाढ्य स्त्री थिइन् त? किन परमेश्वरले ती स्त्रीलाई एक महान् सृष्टिकर्ता

पुत्र परमेश्वरको आमा हुनलाई चुन्नुभयो त? किन एउटा गरिब सिकर्मी उहाँको सौतेला बुबा बन्न पुग्यो त?

## बुधबार

४ मरियम अलमलिएकी थिइन् । कसरी तिनी एउटा महान् मसीहको आमा बन्न सक्छिन् त? स्वर्गदूत गाब्रिएलले तिनको प्रश्नको जवाब कसरी दिए त? लूका १:३५–३७ पढ्नुहोस् ।

मरियमको मनमा धेरै नै खुल्दुली भइरहेको हुनुपर्छ । परमेश्वरले एलीशिबाको निम्ति पनि आश्चर्यमय कामहरू गर्नुभएको थियो । तिनी वृद्धावस्थामा भए तापनि एउटा छोरो जन्माउन गइरहेकी थिइन् । अनि मरियमले आफ्नो बारेमा एकपल्ट सोचिन् । सिकर्मीको काम गर्ने एउटा असल मानिस योसेफसँग मरियमको मगनी भइसकेको थियो । जब तिनले बच्चा जन्माउन गइरहेको कुरा योसेफलाई सुनाउने छिन्, तब योसेफले कस्तो महसूस गर्नेछन् होला त? के उनी मरियमसित विवाह गर्न राजी होलान् त? तर परमेश्वरको निम्ति कुनै पनि काम असम्भव छैन भनेर स्वर्गदूत गाब्रिएलले भनेको कुरालाई तिनले सम्झिन् । निश्चय नै परमेश्वरले तिनलाई सहयोग गर्नुहुनेछ । तिनले साहस गरेर स्वर्गदूत गाब्रिएललाई के भनिन् त? पद ३८ पढ्नुहोस् ।

एलीशिबा नासरतबाट सयौं कोस टाढा बस्थिन्; तर अब, मरियमले तिनीसित कुरा गर्न चाहिन् । त्यसका लागि लामो यात्रा तय गर्नुपर्ने थियो, तर अन्तमा, तिनी त्यहाँ पुगिन् । पदहरू ३९, ४० पढ्नुहोस् ।

एलीशिबालाई देखेर मरियम धेरै खुशी भइन् । परमेश्वरले एलीशिबालाई तुरुन्तै दर्शन दिनुभयो । मरियमले



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

बालक जन्माउन गइरहेकी छिन्, र त्यो बालक मसीह कहलाइनेछ भनी तिनले चाँडै नै थाहा पाइन्, जसले परमेश्वरले गर्नुभएको प्रतिज्ञा बमोजिम मानिसहरूलाई शैतानबाट मुक्त पार्नुहुनेछ । पदहरू ४२, ४३ पढ्नुहोस् ।

जब तिनीहरूले भेट गरे र भविष्यमा आउनु हुने विशेष बालकको बारेमा बातचित गरे, तब त्यो समय रमाहटको समय भएको हुनुपर्छ! तिनीहरूको बालकको विषयमा स्वर्गदूतले भनेका सम्पूर्ण कुराहरू तिनीहरूले बुझ्न नसके तापनि, आफूहरूले परमप्रभुमाथि भरोसा गरिरहेको र उहाँको योजनालाई पछ्याइरहेको कुरामा भने पक्का थिए ।

बाइबलले हामीलाई बताउँदैन, तर जब बालक यूहन्ना जन्मिए, तब हर्षको उत्सव मनाउन मरियम त्यहीं बसेकी हुनुपर्छ । अनि, जब तिनी नासरत फर्किन्, तब तिनले खुशी पनि र डर पनि दुईटै महसूस गरिरहेकी हुनुपर्छ । अब, तिनलाई स्वर्गदूतले दर्शन दिएको कुरा र बालकको बारेमा तिनले योसेफलाई भन्नुपर्ने थियो । पद ५६ पढ्नुहोस् ।

सोच्नुहोस्: मरियमले कस्तो महसूस गरिरहेकी थिइन् भन्ने तपाईंलाई लाग्छ? के तिनी खुशी भइरहेकी थिइन् होली? के तिनी उत्साहित थिइन्? के तिनले केही डर महसूस गरिरहेकी होली?

## बिहीबार

५ योसेफ द्विविधामा परेका थिए । के मरियमले तिनलाई साँचो कुरा बताइरहेकी थिइन् त? तिनले उनलाई भनिरहेको कुरा असम्भव जस्तो लाग्थ्यो । त्यो कसरी सत्य हुन सक्थ्यो र? योसेफले अझै पनि मरियमलाई प्रेम गर्थे, र तिनको अपमान गर्न चाहेनन्; तर मरियमसँग विवाह गर्न योसेफ कसरी राजी होलान् त? मानिसहरूले के सोच्लान् त?

अन्तमा, योसेफले आफू शर्ममा नपर्न सुटुक्क मगनीको सम्झौतााई तोडिदियो भने राम्रो होला भन्ने निर्णय गरे । मरियमले कतै गएर बालक जन्माई हाल्छिन् । तिनले कसैलाई थाहा दिनु पनि परेन भन्ने विचार गरे । तर सबैजनालाई यो कुरा थाहा होस् भनी परमेश्वरले इच्छा गर्नुभएको थियो । त्यसकारण स्वर्गदूतले योसेफलाई के भने त? मत्ती १:१८–२१ पढ्नुहोस् ।

धेरै समय अघि, बालक येशू विलक्षण प्रतिभाका हुनेछन् भनी परमप्रभुले अगमवक्ता यशैयालाई भन्नुभएको थियो, किनकि उहाँकी आमा एउटी कन्ये केटी हुनेछिन्, तर पवित्र आत्माद्वारा तिनले एउटा शिशुलाई जन्म दिनेछिन् । यशैया ७:१४ पढ्नुहोस् ।

परमेश्वरले सम्पूर्ण कुराहरूको उचित तरिकाले योजना बनाउनु भएको थियो, र आफ्नो योजनामा स-साना कुराहरू पनि धेरै नै महत्वपूर्ण छन् भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो । अब, योसेफलाई निडर भई उहाँमाथि भरोसा गर्ने ब्यक्ति हुनका लागि परमेश्वरले तिनलाई मद्दत गर्नुभयो । मत्ती १:२२, २३ पढ्नुहोस् ।

स्वर्गदूतले योसेफलाई सपनामा दर्शन दिंदा तिनी धेरै नै खुशी भएको हुनुपर्छ । मरियमले झैं तिनले पनि परमेश्वरलाई आफ्नो सारा हृदयले प्रेम गरे र उहाँमाथि भरोसा राखे । तर परमेश्वरले तिनलाई महत्वपूर्ण जिम्मेवारी दिनुभएको थियो! तिनले बालक येशूको सकेसम्म राम्रोसँग हेरचाह गर्ने प्रयास गर्नुपर्ने थियो । जब मरियमले आफ्नो प्यारो बालकलाई राम्रोसँग स्याहार-सुसार गरी राम्रो शिक्षा-दिक्षा दिनेछिन्, तब योसेफले तिनलाई

सक्दो सहयोग पनि गर्नेछन् । पद २४ पढ्नुहोस् ।

**सोच्नुहोस्:** ईम्मानुएल! जसको अर्थ "परमेश्वर हामीसँग" हो । हामी हरेक शब्दको बारेमा विचार गरौं; "परमेश्वर" हामीसँग, हाम्रो महान् सृष्टिकर्ता हामीसँगै हुनुहुन्छ । परमेश्वर हामी "सँग", टाढा स्वर्गमा होइन, तर हरसमय हाम्रो छेउमै हुनुहुन्छ । परमेश्वर "हामी" सँग, हामीमध्ये एक हुने इच्छा गर्नुहुन्छ । हाम्रो निम्ति मर्न इच्छा राख्नुहुन्छ । कति चाखलाग्दो कुरा! यी सबै कुराहरूको बारेमा विचार गर्दा बालक येशूलाई प्रेम गर्न के यसले तपाईंलाई उत्साह दिँदछ? अहिले नै यो कुरा प्रभु येशूलाई किन नभन्ने त?

## शुक्रबार

६ बेथलेहेम त्यहीं ठाउँ थियो, जहाँ रूथ र बोअज बस्तथे । त्यो त्यहीं ठाउँ थियो, जहाँ राजा दाऊदको जन्म भएको थियो, र त्यो त्यहीं एउटा सानो शहर थियो, जहाँ एउटा अगमवक्ताले प्रभु येशूको जन्मको बारेमा अगमवाणी बोलेका थिए । तिनले के भविष्यवाणी गरेका थिए त? मीका ५:२ पढ्नुहोस् ।



योसेफको परिवार र मरियमको परिवार दुईटै बेथलेहेमबाट आएका थिए । तर अहिले तिनीहरू नासरतमा बस्दै थिए, जुन ठाउँ बेथलेहेमबाट टाढा नै छ । येशू जन्मिने ठाउँको बारेमा अगमवक्ताले गरेका भविष्यवाणीको बारेमा के तिनीहरूलाई याद थियो होला त? सायद याद थिएन होला, तर परमेश्वर जान्नुहुन्थ्यो । उहाँ भविष्यको बारेमा सबै कुरा जान्नुहुन्छ । त्यसैले येशू जन्मिने समयमा तिनीहरू बेथलेहेममै हुनेछन् भन्ने कुरा उहाँ पहिले नै जान्नुहुन्थ्यो । त्यो कसरी भयो त?

रोमी शासक कैसर अगस्टसले सबै मानिसहरूलाई आ-आफ्नो शहरमा गएर नाम दर्ता गर्नू भन्ने हुकुम जारी गरे । तसर्थ योसेफ र मरियमको बालक जन्माउने समय भए तापनि, तिनीहरू धेरै टाढा बेथलेहेममा जानुपर्ने बेला भयो । लूका २:१, ५ पढ्नुहोस् ।

तिनीहरूले धेरै लामो यात्रा तय गर्नुपर्ने भयो, र मरियमले गधामाथि बसेर यात्रा गर्नु परे तापनि, त्यहाँसम्म पुग्दाखेरि तिनी धेरै थकित भइन् । सबै मानिसहरू नाम दर्ता गर्न आएकाले त्यो सानो शहरमा मानिसहरूको भीड थियो, र, साँच्चै नै, होटल पनि यात्रुहरूले खचाखच भरिएको थियो ।

मरियमलाई आराम गर्नको निम्ति सुरक्षित ठाउँको व्यवस्था मिलाउनु पर्ने कुरा योसेफलाई थाहा थियो । तिनीहरूले आफूहरू बस्नलाई ठाउँ मिलाउन बेथलेहेममा जाने राजमार्गको हरेक घर चाहारे । तर सबै ठाउँमा तिनीहरूले एउटै कुरा सुने, "माफ गर्नुहोला, हाम्रोमा बस्नको लागि कुनै कोठा खाली छैन ।"

तिनीहरूले के गरे होलान् त? तिनीहरू निकै नै चिन्तित भएको हुनुपर्छ, किनकि मरियमले कुनै पनि बेला बालक जन्माउन सक्थिन् । तिनीहरूले बस्नलाई ठाउँको व्यवस्था गर्नैपर्ने थियो ।

**सोच्नुहोस्:** ती मानिसहरू, जसले कोठा खाली छैन भनेर भने, के तिनीहरूलाई यस संसारलाई सृष्टि गर्नुहुने सृष्टिकर्ताको जन्म हुन गइरहेको छ भन्ने कुरा थाहा थियो त? यदि तपाईं ती मानिसहरूमध्ये एक हुनु भएको भए, तपाईंले के गर्नुहुन्थ्यो होला त?

### अधिक अध्ययनका निम्ति:

मत्ती १; लूका १:२६–५६; द डिजायर अफ एजेज, पेज १९–३८; द बाइबल स्टोरी, भोल्युम ७, पेज ९–३० ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

### मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

दोस्रो वर्ष

त्रैमासिक–३, पाठ–३

# परमेश्वर हामीहरूसँग

## आइतबार

१ योसेफ र मरियमले के गरे होलान् त? बेथलेहेमको कुनै पनि घरमा तिनीहरूको निम्ति कोठा खाली थिएन, र कुनै पनि बेला मरियमले बालकलाई जन्माउन सक्ने कुरा ती गाउँका मानिसहरूलाई भनी विन्ती गर्न सक्थे ।

अन्तमा, केही मानिसहरूले तिनीहरूलाई बस्नको लागि गोठमा ठाउँको व्यवस्था गरिदिए, जहाँ तिनीहरूले आफ्ना गाई-बस्तुहरू बाँधेर राख्थे । तिनीहरूले बालक जन्माउनको लागि कस्तो अनौठो खालको ठाउँ पाए । विशेष गरी मसीहको जन्मको लागि त्यो ठाउँ तिनीहरूले पाए । कसरी परमेश्वरले त्यस्तो हुन दिनुभयो त? तर उहाँले त्यस्तै हुन दिनुभयो ।

हुनसक्छ, योसेफले बाल्नका लागि एउटा दियो उधारो मागे होलान्, अथवा अर्को खालको कुनै बत्ती मागे होलान्, ताकि मरियमको निम्ति ओछ्यान बनाउनलाई त्यहाँ उज्यालो होस् । हुनसक्छ, तिनले पराल ओछ्याए होलान्, र त्यसमाथि तन्ना ओछ्याए होलान् । जब शिशु जन्मनेछ, तब त्यस नाङ्गो शिशुलाई बेह्रेर न्यानो पार्नका लागि सायद मरियमले केही कपडाहरू ल्याएकी थिइन् होली ।

तर शिशुलाई कहाँ सुताउने हो त? योसेफले केही वस्तु भेट्टिएला कि भनी वरिपरि हेरे । त्यहाँ गाई-वस्तुहरूलाई खाना राख्ने डूँडहरू थिए, र योसेफले आफ्नो शिशुको निम्ति एउटा डूँड लिए । सायद तिनले त्यसलाई सफा गरे होलान्, र त्यसमाथि ताजा र सफा परालहरू ओछ्याए होलान्, र परालमाथि सानो तन्ना ओछ्याइ दिए होलान्, र त्यो नै बालक येशूको निम्ति पहिलो ओछ्यान भयो । लूका २:७ पढ्नुहोस् ।

पिलपिल गर्ने उज्यालोमा, योसेफ र मरियमले बालक येशूलाई हेरे होलान् । सायद गाईहरू बाँ-बाँ गरी कराएका थिए होलान् । सायद ढुकुरहरू पनि छानामाथिको धुरीबाट ढुकुरकुर गरी कराउँदै थिए होलान्, र पहरा दिने स्वर्गदूतहरूले ती सबै हेरिरहेका थिए होलान् ।



**याद गर्नुपर्ने पद:**
"सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति!" – लूका २:१४

सुरक्षित साथ बालक येशू जन्मँदा, स्वर्गका सबै स्वर्गदूतहरूलाई थाहा भइसकेको थियो, र तिनीहरू पनि खुशी भए! हर्ष र उल्लासकासाथ भजनहरू गाए! अब, हाम्रो संसार चाहिँ शैतानबाट सुरक्षित हुनेछ ।

**सोच्नुहोस्:** के अरूलाई येशू जन्मनु भएको खबर थाहा थियो? के उहाँको जन्मले संसारमा कोही पनि खुशी भइरहेको थिएन र?

## सोमबार

२ पुत्र परमेश्वर मसीह बेथलेहेममा जन्मिसक्नु भएको थियो । के कसैले पनि त्यो अचम्म लाग्दो चमत्कारको निम्ति हर्षका उत्सव मनाउन गइरहेका थिएनन् होला त? के त्यसको बारेमा कसैले ध्यान पुऱ्याएनन् होला त?

येशू जन्मनु अघि, को चाहिँ तयारीसाथ उहाँको जन्मको प्रतीक्षामा बसिरहेका छन् भनी हेर्नलाई स्वर्गदूतहरू संसारमा आएका थिए । साँच्चै नै, संसारका धेरैजसो मानिसहरूले उहाँको

बारेमा सुनेका थिएनन् । धेरैजसो मानिसहरूले मूर्तिकै पूजा गरिरहेका थिए ।

तर परमेश्वरको जनहरू चाहिँ के गरिरहेका थिए होलान् त? निश्चय नै, तिनीहरूले उत्सुकताकासाथ उहाँको पतीतक्षा गरिरहेको हुनुपर्छ । यरूशलेमको मन्दिरमा जकरियाको साथमा के भएको थियो भन्ने कुरा धेरैजसो मानिसहरूलाई थाहा थियो । तिनका छोरा यूहन्ना हुर्कंदै बढ्दै गएपछि, पछि गएर उनले गर्ने कामको बारेमा स्वर्गदूतले जकरियालाई भनेका कुराहरू सबै मानिसहरूलाई थाहा थियो । लूका १:१६, १७ पढ्नुहोस् ।

सधैं झैं, पूजाहारीहरूले अझै पनि सबै कामहरू नियमित रूपले गर्दै थिए । कोही एक जना मानिस तिनीहरूको पापको निम्ति मर्नुहुनेछ भन्ने कुराको सम्झना दिलाउनलाई प्रत्येक दिन थुमाको बलि चढाउनु परेको कुरा शायद तिनीहरूले बिर्सिसके जस्तो देखिन्थ्यो । त्यसको बारेमा अगमवक्ता दानिएलले खुलाशा गरेका थिए, तर तिनीहरूले त्यस बारेमा कुनै चासो नराखे जस्तो देखिन्थ्यो ।

तर त्यहाँ त्यस्ता मानिसहरू पनि थिए, जुन मानिसहरूले मसीहको आगमनको समय नजिक रहेको कुरालाई साँचो रूपले विश्वास गरेका थिए ।

अहिले त्यो समय आएको थियो, स्वर्गका लाखौं स्वर्गदूतहरूले हर्ष र आनन्द मनाइरहेका थिए; तर संसारमा के भइरहेको छ भनी योसेफ र मरियमलाई बाहेक, अरू कसैलाई पनि त्यो कुरा थाहा थिएन । जब तिनीहरूले बालक येशूलाई हेरे, तब येशू जन्मेको सत्य हो कि होइन भनेर योसेफ र मरियम पनि द्विविधामा परेको हुनुपर्छ । फिल्महरूमा देखाए झैं, बालकको शिरको वरिपरी कुनै ज्योतिहरू थिएन । उहाँ साधारण बालक जस्तै देखिनुहुन्थ्यो ।

**सोच्नुहोस्:** यदि तपाईं त्यहाँ हुनुभएको भए, र बालक येशू को हुनुहुन्थ्यो भनी तपाईंले जान्नु भएको भए, तपाईंले के गर्नुहुन्थ्यो होला?

## मंगलबार

**३** जब येशू जन्मनुभयो, तब त्यस रात बेथलेहेमको नजिकैको आकाशतिर स्वर्गदूतहरूका गायन मण्डलीले प्रतीक्षा गरिरहेको कसैलाई थाहा थिएन, र त्यहीं इलाकामा गोठालाहरूले चउरमा बसेर राती आफ्नो बगालको रखवाली गर्दै थिए । लूका २:८ पढ्नुहोस् ।

जब तिनीहरू अँध्यारो चउरमा वरिपरि बसेर आगो तापिरहेका थिए, तब तिनीहरूले मसीहकै बारेमा कुराकानी गर्दै थिए, र चाँडै नै, तिनको आगमन हुनेछ भन्ने आशामा बसिरहेका थिए । साँच्चै नै, त्यो रात बेथलेहेमको इलाकामा के भइरहेको थियो भन्ने कुरामा तिनीहरू अन्जान नै थिए ।

जब प्रभुका एकजना दूत तिनीहरूकहाँ देखा परे, र प्रभुको तेज तिनीहरूको वरिपरी चम्क्यो, त्यतिखेर तिनीहरूले कस्तो महसूस गरे होलान् भन्ने तपाईंलाई लाग्छ? पदहरू ९–११ पढ्नुहोस् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

मसीहको आगमन भइसकेको थियो । एउटा अचम्मको र शक्तिशाली राजाको जन्म भइसकेको तिनीहरूले सोचे । घृणित रोमीहरूको पतन हुनेछ, मानिसहरू कहिल्यै गरिब हुने छैनन् । अन्तमा, तिनीहरू स्वतन्त्र बन्नेछन्, र फेरि तिनीहरूको राष्ट्र बलियो र महत्वपूर्ण राष्ट्र बन्नेछ ।

तिनीहरूलाई चेतावनी दिनुपर्ने कुराको बारेमा परमप्रभु परमेश्वर जान्नुहुन्थ्यो । मसीह तिनीहरूले सोचे जस्तै हुनुहुने छैन । त्यसैले तिनीहरूले कस्तो कुराहरूको अपेक्षा गर्नुपर्ने हो, सो कुरा स्वर्गदूतहरूले तिनीहरूलाई बताइदिए । पद १२ पढ्नुहोस् ।

अनि, स्वर्गदूतले भनेका कुराहरूको बारेमा अचम्म मान्नुअघि, तिनीहरू बसेको चउरको वरिपरी प्रभुको तेज चम्क्यो; र तिनीहरूको कानमा धेरै नै मिठो भजन गुञ्जियो । तिनीहरूले माथि आकाशमा हेरे । आकाशमा तेजले ज्वजल्यमान सुन्दर स्वर्गदूतहरूको एउटा दल देखा परे । तिनीहरूले कस्तो भजन गाइरहेका थिए त? पद १४ पढ्नुहोस् ।

अनि अचानक स्वर्गदूतहरू अदृश्य भए । पिलपिल गर्ने बत्तीको उज्यालोमा गोठालाहरूले एक-अर्कालाई हेरे । के ती सबै सपना थिए त? तर त्यो सपना थिएन भन्ने ज्ञान तिनीहरूलाई भयो ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

**सोच्नुहोस्:** परमेश्वरले ती गरिब र आज्ञाकारी गोठालाहरूलाई सुसमाचार सुनाउने निर्णय किन गर्नुभयो भन्ने कुरा के तपाईंलाई थाहा छ? किन उहाँले राजालाई थाहा दिनुभएन त? अथवा उहाँले पूजाहारी वा शास्त्रीहरूलाई किन थाहा दिनु भएन त?

## बुधबार

**४** गोठालाहरूले एक-अर्कालाई हेरे । अहिले भर्खर देखेका घटनाहरू सपना होइन भनी तिनीहरूलाई थाहा थियो; त्यो यथार्थ नै थियो । मसीहको आगमन भइसकेको थियो! स्वर्गदूतहरूले पनि त्यस्तै भनेका थिए । त्यो साँच्चै नै यथार्थ हुनुपर्छ, र तिनीहरूले बालकलाई डूँडमा सुतिरहेको भेट्टाउनेछन् । त्यो कस्तो अनौठो! तुरुन्तै तिनीहरू हतार-हतार गरी बेथलेहेमतिर लागे । लूका २:१५ पढ्नुहोस् ।

अझै अँध्यारो नै थियो । त्यो सानो शहरमा योसेफ, मरियम र गोठालाहरू बाहेक, अरू सबै मानिसहरू मस्त निद्रामै थिए । जब गोठालाहरू मूल मार्गमा आइपुगे, सायद तिनीहरूले भित्रपट्टि मधुरो बत्तीको उज्यालोमा एउटा अन्नको ढुकुटी देखे । तिनीहरूले भित्र नियालेर हेरे, र त्यहाँ एउटा स्त्री र तिनको साथमा तिनको पति थिए, र त्यहाँ बालकलाई चाहिँ एउटा डूँडमा सुतिरहेको तिनीहरूले भेट्टाए । पद १६ पढ्नुहोस् ।


योसेफ र मरियमले गोठालाहरूलाई देखेर अचम्म मानेको हुनुपर्छ । तिनीहरू त्यहाँ भएको कुरा गोठालाहरूलाई कसरी थाहा भयो त?

बालकको जन्मको बारेमा र तिनलाई कहाँ भेट्टाइनेछ भन्ने बारेमा स्वर्गदूतहरूले तिनीहरूलाई बताएको कुरा ती गोठालाहरूले योसेफ र मरियमलाई सुनाए भन्ने कुरामा कुनै शंका छैन । उहाँ नै पुत्र परमेश्वर येशू ख्रीष्ट हुनुहुन्छ भनी स्वर्गदूतहरूले भनेका थिए । स्वर्गदूतहरूको गायन मण्डली देखा परेको र तिनीहरूले मिठो भजनहरू गाएको कुरा पनि गोठालाहरूले तिनीहरूलाई सुनाए ।

ती गोठालाहरूले त्यो बालकको अगि श्रद्धापूर्वक झुकेर उहाँलाई दण्डवत् गरे । उहाँ एक महान् मसीह हुनुहुन्छ भन्ने कुरा तिनीहरूलाई थाहा थियो । तब त्यो सुसमाचार अरूलाई सुनाउन गोठालाहरू आतुरी भए । पद १७ पढ्नुहोस् ।

गोठालाहरू त्यहाँबाट बिदा भएर गइसकेपछि, योसेफ र मरियमले एक अर्कालाई हेराहेर गरेको हुनुपर्छ । डूँडमा शान्तिसित सुतिरहेका महत्वपूर्ण बालकको हुन् भन्ने बारेमा स्वर्गदूतहरूले भनेका कुराहरूमा कुनै शंका छैन ।

**सोच्नुहोस्:** स्वर्गदूतहरू मरियम, योसेफ र गोठालाहरूको धेरै नजिक थिए । के हाम्रो नजिक पनि स्वर्गदूतहरू छन् त?



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

## बिहीबार

**५** योसेफ र मरियम जस्तै संसारभरिका मानिसहरू बेथलेहेममा आएका थिए । गोठालाहरूले स्वर्गदूतहरू र बालकको बारेमा भनेका कुराहरूलाई जब तिनीहरूले ध्यानसित सुने, तब तिनीहरूलाई त्यो कुरा विश्वास गर्न गाह्रै परिरहेको थियो । केही मानिसहरू बालकलाई हेर्नलाई आए । ती बालक एकदमै महत्वपूर्ण बालक झैं देखिन्थे । ती सबै कुराहरू देख्दा अनौठो लाग्थ्यो! लूका २:१७, १८ पढ्नुहोस् ।

जब मानिसहरू आ-आफ्नो घर फर्के, तब गोठालाहरूले त्यस रात देखेका कुराहरू र तिनीहरूले बालकलाई भेट्टाएको कुरा अरूलाई पनि बताए ।

येरूशलेम पाँच किलोमिटर मात्र टाढा थियो, र त्यहाँका पूजाहारी र शास्त्रीहरूले ती गोठालाहरूको कथा सुनेको पनि धेरै समय भएको थिएन । तिनीहरूले जकरियाको बारेमा सोचेको हुनुपर्छ । मसीहको आगमनको लागि मानिसहरूलाई तयार पार्न यूहन्नाले सघाउने छन् भनी जकरियाले बताएको एक वर्ष मात्र भएको थियो । लूका १:७६ पढ्नुहोस् ।

पूजाहारी र शास्त्रीहरूले सहज तरिकाले बालकको खोजी गर्न सक्थे; तर तिनीहरूले त्यस विषयमा कुनै चासो लिएनन् । गोठालाहरूले बालकको विषयमा बताएका कुराहरूप्रति कुनै ध्यान नदिने निश्चय तिनीहरूले गरे ।

बेथलेहेममा फर्केपछि, मरियमले ती घटनाहरूका सम्पूर्ण कुराहरूमाथि विचार गर्दै थिइन्, र गोठालाहरू पनि आफ्नो बगालको रखवाली गर्न गए । तर त्यस रात स्वर्गदूतहरूले दिएका दर्शनहरू र बालकलाई भेट्टाएको कुरालाई आफ्नो समस्त जीवनकालभरि तिनीहरूले बिर्सेनन् । लूका २:१९, २० पढ्नुहोस् ।

**सोच्नुहोस्:** परमेश्वरले मसीहरूको आगमनको विषयमा महत्वपूर्ण व्यक्तिहरूलाई थाहा दिनुको सट्टामा, गरिब र अनभिज्ञ गोठालाहरूलाई थाहा दिनलाई उहाँले आफ्नो स्वर्गदूतहरू पठाउनुभयो भन्ने कुरामा के पूजाहारी र शासकहरूले त्यसप्रति चासो लिनु उचित ठाने त? गरिब र सहाराविहीन आमाबुबाको बालक झैं, मसीहको आगमन हुनेछ भनेर के तिनीहरूले सोचेका थिए त?

## शुक्रबार

**६** बालक येशूको निम्ति परमप्रभु परमेश्वरले बनाउनु भएको योजनालाई योसेफ र मरियमले ध्यानपूर्वक पछ्याए । येशू जन्मनु भएको झण्डै छ हप्तापछि, तिनीहरूले बालक येशूलाई परमप्रभुको सामुन्ने अर्पण गर्न यरूशलेममा ल्याए ।

नयाँ शिशुका आमाबुबाले होमबलिको

निम्ति एउटा थुमा, या त परेवाका दुईवटा बचेरा अथवा दुईवटा ढुकुर तयार पार्नुपर्ने विधि-विधान थियो । तर थुमा ल्याउने यदि तिनीहरूको औकात छैन भने, तिनीहरूले दुईवटा परेवा अथवा दुईवटा ढुकुरहरूको होमबलि दिन मिल्थ्यो । त्यसैले योसेफ र मरियमले पनि मानिसहरूको निम्ति होमबलि चढाए । लेवीहरू १२:८ पढ्नुहोस् ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

हाम्रो मुक्तिको निम्ति मसीह हाम्रो सट्टामा मर्नुहुनेछ भनी त्यस होमबलिले परमप्रभु परमेश्वरका जनहरूलाई सम्झना दिलाउँथ्यो । तर धेरै जसो मानिसहरूले त्यस होमबलिको अर्थ बिर्सिसकेका थिए, र अन्जान भएर तिनीहरूले त्यस विधि-विधानलाई पछ्याइरहेका थिए । योसेफ र मरियमले पनि होमबलिको अर्थ साँचो रूपमा बुझेका थिएनन्, र मसीह हाम्रो निम्ति मर्नुहुनेछ भन्ने कुरामा पनि अनभिज्ञ नै थिए ।

परमप्रभुको सामुन्ने व्यवस्था अनुसारको विधि गर्नलाई धेरै शिशुहरू ल्याइए । बालक येशूलाई समर्पण गरेको दिनमा, पूजाहारीहरूले अरू शिशुहरूलाई झैं, बालक येशूलाई पनि काखमा लिए । तर तिनले पुत्र परमेश्वरलाई काखमा लिइरहेको जस्तो तिनको मनमा महसूस भएको थिएन, जो चाहिँ हामी हरेकको निम्ति महान् मुक्तिदाता हुनेछन् । अनि तिनले उहाँको नाउँ "येशू" भनेर आफ्नो लेखा किताबमा लेखे ।

त्यसदिन शिमियोन भन्ने एउटा वृद्ध मानिस त्यस मन्दिरमा आए । तिनले योसेफ, मरियम र बालक येशूलाई त्यहाँ देखे, र जब पवित्र आत्माले तिनीसँग बोले, तब तिनी मरियम र योसेफको नजिक गएर बालक येशूलाई काखमा लिए । जब शिमियोनले बोले, तब तिनले येशूका बारेमा बोलेका कुराहरूमा पूजाहारी, योसेफ र मरियम आश्चर्य चकित भए । लूका २:२५–३० पढ्नुहोस् ।

जब शिमियोन अझै बोलिरहेका थिए, अर्को एकजना वृद्ध आइमाई मन्दिरभित्र आइन् । तिनी एउटी अगमवादिनी थिइन्, र तिनको नाउँ हन्नाह थियो । जब तिनले शिमियोनले बोलिरहेका कुराहरूलाई सुनिन्, तब तिनको अनुहार उज्यालो भयो र तिनले पनि बालक येशूको प्रशंसा गरिन् । पद ३८ पढ्नुहोस् ।

फेरि एकपल्ट, जब योसेफ र मरियम बेथलेहेममा फर्केर गए, तब मरियमले ती बोलिएका विषयमा सोचेर बसिन् । शिमियोनले बोलेका केही कुराहरूको अर्थको बारेमा तिनले अचम्म मान्दै सोच्दै थिइन् । पदहरू ३४, ३५ पढ्नुहोस् ।

**सोच्नुहोस्:** कुनै दिन आफ्नो प्रिय पुत्र कलवरीको क्रूसमा प्राण त्यागेको दृश्य देख्नेछिन् भन्ने कुरा मरिमयले सोचेकी पनि थिइनन् । त्यो दृश्य देखेर तिनको हृदय तरवारले छेडे झैं हुनेछ । धेरैजना मानिसहरूले उहाँमाथि विश्वास गर्नेछन् र धेरैले मुक्ति पाउनेछन्, तर धेरैजना स्वतन्त्र हुने छैनन् । तपाईंले प्रभु येशूलाई प्रेम गर्नुहुन्छ र तपाईंको निम्ति उहाँले आफ्नो प्राण दिनुभएको थाहा पाएर के तपाईं खुशी हुनुहुन्छ?

## अधिक अध्ययनका निम्तिः

लूका २:१–३८; द डिजायर अफ एजेज, पेज ४३–५८; द बाइबल स्टोरी, भोल्युम ७, पेज ३१–४६ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्रः

पहिला मेरो बाइबल

दोस्रो वर्ष

त्रैमासिक–३, पाठ–४

# एउटा ताराद्वारा अगुवाई



## आइतबार

१ बालाम र तिनका गधाले कुराकानी गरेको कथाको बारेमा के तपाईंलाई याद छ? बालाम इस्राएलबाट धेरै टाढा बसोबास गर्थे र तिनको देशमा तिनी पनि एक बुद्धिमान् मानिसहरूमध्येकै एकमा गनिन्थ्यो । तिनी परमेश्वरका एक अगमवक्ता थिए, तर तिनी लोभी र स्वार्थी बन्न पुगेका थिए ।

यदि तिनले परमेश्वरका जनहरूलाई श्राप दिए भने, तिनलाई अथाह सम्पत्तिको मालिक बनाइदिने भनी राजा बालाकले वाचा गरेका थिए । तर हरेक समय जब बालामले परमेश्वरका जनहरूलाई श्राप दिने कोसिस गर्थे, तब परमप्रभुले तिनलाई रोक्नुहुन्थ्यो; र त्यसको सट्टामा, बालामले तिनीहरूकै बारेमा चाखलाग्दो कुराहरू बताएर तिनीहरूको प्रशंसा गर्थे ।

कुनै दिन इस्राएलमा एउटा ताराको उदय हुनेछ भनी बालामले एउटा चाखलाग्दो कुरा भनेका थिए । जुन देशमा परमेश्वरका जनहरू बसोबास गर्छन्, त्यहाँबाट एउटा ताराको उदय हुनेछ भनेर तिनले भनेका थिए । राजाहरूले ती ताराहरूको उपयोग गर्थे । त्यसको अर्थ यो थियो, कि इस्राएलबाट एउटा राजदण्ड उदय हुनेछ । गन्ती २४:१७ पढ्नुहोस् ।

बालाम र अरू अगमवक्ताहरूले लेखेका कुरा टाढाको देशका बुद्धिमान् मानिसहरूलाई थाहा थियो । तिनीहरूलाई दानिएलले लेखेका भविष्यवाणीहरूको पनि ज्ञान थियो, किनभने धेरै वर्ष अघि, दानिएल पनि बुद्धिमान् मानिसहरूमध्येकै एक थिए ।

सयौं वर्षसम्म मानिसहरूले ती लेखोटहरूको अध्ययन गरिरहेका थिए; र अब, एउटा निपूर्ण राजाको उदय हुने समय नजिक छ भन्ने कुरामा केही मानिसहरू विश्वस्त थिए ।

एक रात, जब बुद्धिजीविहरूले तारालाई हेर्दै थिए, तब तिनीहरूले पश्चिमतिर आकाशमा एउटा अनौठो र उज्यालो प्रकाश देखे । अनि त्यो परिवर्तित भएर सुन्दर तारा बनेको तिनीहरूले देखेका थिए । त्यो तारा अरू तारा झैं थिएन । त्यो के थियो त? किन त्यो तारा अचानक त्यहाँ देखा पर्‍यो त? त्यसको अर्थ के थियो होला त? त्यसको रहस्य थाहा पाउन तिनीहरू धेरै नै उत्सुक भए ।

**याद गर्नुपर्ने पद:**
"जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ ।" — यर्मिया २९:१३

**सोच्नुहोस्:** आकाशमा उज्यालो ज्योति के-ले बन्दछ, र के-ले तारालाई उज्यालो बनाउँछ भनेर के तपाईंलाई त्यसको बारेमा कुनै ज्ञान छ? हामी भोलि पत्ता लगाउने छौं ।

## सोमबार

२ त्यो सुन्दर तारा र त्यो उज्यालो ज्योतिको अर्थ धेरै नै महत्वपूर्ण हुनुपर्छ भन्ने कुरामा बुद्धिजीविहरू पक्का भए । तिनीहरूले अरू बुद्धिजीविहरूसँग पनि छलफल गरे, र तिनीहरूले भविष्यवाणीहरूको गहिरो तरिकाले अध्ययन गर्न थाले । सायद त्यो तारा उही हुन सक्थ्यो, जसको बारेमा अगमवक्ता बालामले अगमवाणी बोलेका थिए ।

त्यस रात तिनीहरूले आकाशमा देखेको त्यो उज्यालो ज्योति स्वर्गदूतहरूका गायन मण्डलीले गोठालाहरूका निम्ति

गाइरहेका हुन् भनेर तिनीहरूलाई थाहा भएन । अनि, त्यो ज्योति तारा झैं बने, र अब, ती स्वर्गदूतहरूले बुद्धिजीविहरूलाई येशूको जन्मको बारेमा मार्गदर्शन गर्न गइरहेको थियो ।

तारालाई पछ्याउन परमेश्वरले तिनीहरूलाई सपनाद्वारा दर्शन दिनुभयो, र उहाँले पठाउनु भएको नयाँ जन्मेको राजालाई खोजी गर्न पठाउनु भयो । कति चाखलाग्दो कुरा!

त्यहाँ कतिजना बुद्धिजीविहरू थिए भनी फोटोमा हेर्दा साधारणतया तीनजना दे खाउँदछ, होइन र? तर त्यहाँ कति जना बुद्धिजीविहरू थिए भन्ने बारेमा बाइबलले खुलाशा गरेको छैन । वास्तवमा, त्यो टाढाको भू-भागमा जानलाई ठूलो झुण्ड आएका थिए, र बुद्धिजीविहरू धनाढ्य थिए । इस्राएलको भू-भागमा यात्रा तय गर्नको निम्ति तिनीहरूलाई धेरै नै ऊँटहरू र चाकरहरूको आवश्यकता पर्दथ्यो । तिनीहरूले नयाँ राजाको निम्ति धेरै नै महँगो उपहारहरू पनि लगे । तिनीहरूले अध्ययन गरेका भविष्यवाणीहरू पनि आफ्नो साथमा लिएर गए ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

बुद्धिजीविहरूले केवल रातमा मात्र यात्रा गर्नुपर्ने थियो, ताकि तिनीहरूले पछ्याइरहेका तारालाई तिनीहरूले देख्न सक्थे । यात्राको लागि धेरै समय लाग्यो; तर हरेक समय विश्रामको लागि तिनीहरू कतै रोकिन्थे, र तिनीहरूले भविष्यवाणी अलि बढी गहिरिएर अध्ययन गरे । जसरी तिनीहरू ती सबै कुराहरूको साथमा ऊँटमा सवार थिए, तब आफूहरूले सिकिरहेका कुराहरू र नयाँ राजाको बारेमा कुरा गर्दै रमाउँदै गए । त्यसले गर्दा समय बितेको पत्तै हुँदैनथ्यो ।

अन्तमा, तिनीहरू इस्राएलको भूमिमा आइपुगे । जब तिनीहरू यरूशलेमको पहाडको विपरीत दिशातिर आइपुगे, तब तिनीहरूलाई मार्गदर्शन गरिरहेको उज्यालो ताराले तिनीहरूलाई एउटा सुन्दर मन्दिरको माथिपट्टि रोक्यो । अनि, त्यो तारा विस्तारै मधुरो हुँदै त्यहीं विलाएर गयो ।

**सोच्नुहोस्:** के ती बुद्धिजीविहरूलाई येशूको आगमनको बारेमा परमेश्वरका जनहरूलाई भन्दा बढी ज्ञान थियो? येशू चाँडै नै आउनुहुनेछ । के ती सबै कुराहरूको बारेमा हामीले सिक्नु जरूरी छ?

## मंगलबार

**३** तिनीहरूले नयाँ राजा भेट्टाउने ठाउँमा नै ताराहरू विलाएर गएको कुरामा बुद्धिजीविहरू पक्का भए । हुनसक्छ, तिनीहरूले आफ्नो वस्त्रहरू फेरे होलान्, र राजालाई दिनलाई आफ्नो साथमा ल्याएका उपहारहरू तयार छ कि छैन भनेर सुनिश्चित गरे होलान् । जब तिनीहरू शहरको मूल ढोकाबाट भित्र छिरे, तब तिनीहरूले कस्तो महसूस गरे होलान् भनी के तपाईंले सोच्नुभएको छ?

जब ती बुद्धिजीविहरू बाटोको छेवैमा भएको मन्दिरमा गए, सायद मानिसहरू ट्वाल्ल परेर तिनीहरूलाई हेरिरहे होलान् । ती धेरै धनाढ्य बुद्धिजीविहरूलाई देखेर सायद मानिसहरू आश्चर्यचकित भए होलान् । तिनीहरू धेरै नै महत्वपूर्ण व्यक्तिहरू झैं देखिन्थे ।

मन्दिर धेरै नै सुन्दर थियो । तर त्यहाँ कुनै विशेष उत्सव भइरहेको थिएन । सदा झैं, पूजाहारीहरू आफ्नै काममा व्यस्त देखिन्थे । खासै त्यस्तो केही खुशीयाली मनाइरहेको देखिंदैनथ्यो । जब ज्योतिषीहरूले यहूदीहरूका नयाँ राजाको बारेमा सोधे, तब त्यसबारेमा कसैलाई पनि थाहा नभएको जस्तो देखिन्थ्यो । के गलत भइरहेको थियो? पूजाहारीहरू पनि छक्क परेका देखिन्थे, र ज्योतिषीहरूको प्रश्नले तिनीहरूले अलिअलि डर पनि महसूस गरे । मत्ती २:१, २ पढ्नुहोस् ।

जब पूजाहारीहरूले ज्योतिषीहरूलाई आफ्ना धार्मिक विधिहरूको बारेमा बताए, तब ज्योतिषीहरूले नम्र भएर सुनिरहे । ती ज्योतिषीहरू मूर्तिपूजक होलान् र तिनीहरूले साँचो परमेश्वरलाई चिनेका छैनन् भन्ठानेर पूजाहारीहरूले तिनीहरूप्रति त्यति आदरभाव देखाएनन् ।

ज्योतिषीहरूले जति धेरै प्रश्नहरू सोध्थे, त्यति धेरै त्यहाँको स्थिति नाजुक हुन पुग्थ्यो । तिनीहरू जुन कुराको निम्ति उत्सुकतापूर्वक खोजतलाश गरिरहेका थिए, त्यसले तिनीहरूलाई झन् निराश बनाइरहेको देखिन्थ्यो । पद ३ पढ्नुहोस् ।

**सोच्नुहोस्:** परमेश्वरले कस्तो महसूस गरिरहनु भएको थियो होला भन्ने तपाईंलाई लाग्छ? के ती ज्योतिषीहरू साँच्चीकै मूर्तिपूजक थिए त? येशूको आगमन र साँचो परमेश्वरको बारेमा पूजाहारी र शास्त्रीहरूलाई भन्दा पनि के ती ज्योतिषीहरूलाई बढी कुरा थाहा थियो? हामी ती मानिसहरूभन्दा असल र बुद्धिमानी छौं, जुन मानिसहरूको सोंच हाम्रो सोंचभन्दा संकुचित छ भनी सोच्नलाई के सहज छ?

## बुधबार

**४** यहूदीहरूका राजा कहलाइने त्यस अद्भुत बालकको खोजी गर्न ज्योतिषीहरूले तारालाई पछ्याउँदै आएको कुराको खबर दुष्ट राजा हेरोदको कानमा पर्‍यो । केही यहूदीहरूले मसीहरूको चाह गरिरहेको कुरा सायद राजा हेरोदलाई थाहा थियो । के साँच्चीकै मसीहको आगमन भएको थियो त? यदि त्यो कुरा साँचो हो भने, राजा हेरोदले त्यसको खोजी

गर्ने इच्छा गरे । आफ्नो राज्यमा अरू नै राजाले अधिकार गरून् भनी तिनले चाहेका थिएनन् । चाँडै नै तिनले के गर्ने सोँच बनाए त? मत्ती २:४, ५ पढ्नुहोस् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

पूजाहारीहरू र शास्त्रीहरूले राजा हेरोदलाई मन पराउँदैनथे । जब राजाले तिनीहरूलाई आफ्नो प्रश्नको जवाब दिन करकापमा पारे, तिनीहरू साह्रै रिसाए; र तिनीहरूले राजाको काममा सहभागी नबन्ने सोँच बनाए । बालक येशूको जन्म बेथलेहेममा हुनेछ भनी अगमवक्ताहरूले भविष्यवाणी बोलेका कुरा तिनीहरूले राजालाई बताए तापनि, तिनीहरूले राजाबाट छुटकारा पाउनका निम्ति गोप्य योजनाहरू बनाइरहेका छन् भन्ने कुरामा राजा निश्चिन्त भए । उनीहरूले त्यस राजाको ठाउँमा अरू कुनै नयाँ राजाको चाह गरिरहेका छन् कि भन्ने कुरामा राजा चिन्तित बनिरहेका थिए ।

अब, चाँडै नै कदम चाल्नुपर्छ भनी राजा हेरोदलाई बोध भयो । तिनले त्यस बालकबाट छुटकारा पाउनको निम्ति त्यसको खोजतलाश गर्न लागे । अनि बेथलेहेममा उहाँको जन्म भएको छ भन्ने कुरा राजालाई थाहा थियो । तर कहिले त? सायद ज्योतिषीहरूलाई थाहा हुनसक्छ भनेर राजाले उनीहरूलाई गुप्तमा बोलाए । पद ७ पढ्नुहोस् ।

राजा क्रोधित थिए, र तिनी भित्रभित्रै डराएका भए तापनि, जब तिनले ज्योतिषीहरूसित बातचित गरे, तब राजाले त्यस बालकको विषयमा धेरै चासो रहेको जस्तै वहाना गरे । राजा हेरोदले ज्योतिषीहरूलाई तारा कुन समयमा देखा परेको हो भनेर सोधपुछ गरे । अनि, तिनले ज्योतिषीहरूलाई के गर्नका लागि आज्ञा गरे? पद ८ पढ्नुहोस् ।

साँच्चै नै, राजा हेरोदको योजना के थियो भन्ने कुरा ज्योतिषीहरूलाई थाहा थिएन । तर कमसेकम कसैले नयाँ राजाप्रति चासो देखाएकोमा ती ज्योतिषीहरू खुशी भए ।

**सोच्नुहोस्:** राजा हेरोदले के सोचिरहेका छन् भनी के परमप्रभु परमेश्वर जान्नुहुन्थ्यो? हामी के सोच्छौं भन्ने कुरा पनि के उहाँ जान्नुहुन्छ?

## बिहीबार

**५**

ज्योतिषीहरू यरूशलेमबाट जान लाग्दा अँध्यारो हुन थालिसकेको थियो । तिनीहरू निराश भइरहेको हुनुपर्छ । अनि, कसैले आकाशतिर औंल्याउँदै भने, "हेर! त्यहाँ तारा छ!"

निश्चय नै, त्यहाँ आकाशमा सफा र उज्यालो तारा चम्किरहेको थियो । त्यो एउटा अनौठो दिन थियो, तर अब तिनीहरू अति आनन्दित भएर रमाए । ताराले तिनीहरूलाई मार्गदर्शन गरिरहने छ । जब त्यो ताराले तिनीहरूलाई टाढा नलगी बेथलेहेमतिर डोऱ्याउँदै लग्यो, तब तिनीहरूले खुशीसाथ त्यसलाई पछ्याउँदै गइरहेका थिए । मत्ती २:९, १० पढ्नुहोस् ।

राजा हेरोदले बालकलाई नभेट्टाएसम्म त्यसको खोजतलाश जारी राख्न हुकुम जारी गरेका थिए, तर तिनीहरूले खोज्नुपर्ने जरूरी पटक्कै थिएन । जुन तारा तिनीहरूले पूर्वमा देखेथे, त्यो तारा तिनीहरूको अगि-अगि गयो, र योसेफ, मरियम र बालक येशू भएको ठाउँमा पुगेपछि, त्यो तारा त्यहीं अडियो — त्यो वासस्थान पशुहरूलाई राख्नको निम्ति बनाइएको थियो । तिनीहरूले बालक येशूलाई डूँडमा सुतिरहेको भेट्टाए ।

त्यतिबेला ज्योतिषीहरूले आफूहरूबाट ठूलो गल्ती भइरहेको विचार गर्न सक्थे, तर होइन । तिनीहरूले परमेश्वर र उहाँको तारामाथि भरोसा गरिरहेका थिए । परमप्रभुले तिनीहरूलाई मार्गदर्शन गरिरहेको कुरा तिनीहरूलाई थाहा थियो । तिनीहरूले बालक राजालाई त्यस्तो एउटा गरिबको झुपडीमा डूँड्मा सुताइराखेको भेट्टाउँदा पनि तिनीहरूको हृदय अलिकति पनि



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

विचलित भएको थिएन । परमेश्वरले प्रतिज्ञा गर्नुभएको नयाँ राजा येशू नै थिए भनी तिनीहरू पक्का भए ।

तिनीहरूले उहाँलाई सुन, सुगन्धित धूप र मूर्रका भेटीहरू चढाए, र उहाँको खुट्टामा घोप्टो परेर उहाँलाई दण्डवत् गरे । पद ११ पढ्नुहोस् ।

सायद तिनीहरूले त्यो महत्वपूर्ण बालकलाई धेरै बेरसम्म एकटक लाएर हेरे होलान् । सायद तिनीहरूलाई देखेर बालक येशू मुस्कुराए होलान् । उहाँलाई भेट्टाई दण्डवत् गर्न र भेटीहरू चढाउन तिनीहरू धेरै टाढाबाट आएका थिए । अनि तिनीहरू बिदा भएर खुशी र आनन्दित मन बनाई फर्केर गए ।

तर बालकको बारेमा पत्ता लगाएर राजालाई खबर गर्नू भनी राजाले हुकुम गरेका थिए, त्यो नै तिनीहरूको योजना थियो । तर केही घटना भयो, जुन घटनाले गर्दा तिनीहरूले आफ्नो योजनालाई परिवर्तन गरे ।

**सोच्नुहोस्:** पूजाहारी र शास्त्रीहरू; राजा हेरोद; मरियम र योसेफ; ज्योतिषीहरू; स्वर्गदूतहरू; पिता परमेश्वर — के यी सबै व्यक्तिहरूले बेलुकीपख केही सोचिरहेका थिए होलान् भन्ने तपाईंलाई लाग्छ?

## शुक्रबार

**६** केही त्यस्तो घटना घट्यो, जुन घटनाले गर्दा राजा हेरोदकहाँ फर्किे जाने ज्योतिषीहरूको योजना बद्लिन पुग्यो । त्यसको कारण के थियो त? मत्ती २:१२ पढ्नुहोस् ।

राजा हेरोदले बालक येशूलाई मार्न चाहेको कुरा ज्योतिषीहरूलाई थाहा थिएन । सपनामा परमप्रभुबाट हेरोदकहाँ फर्केर नजानू भन्ने दर्शन पाए, र तिनीहरू आफ्नो देशमा फर्केर गए ।



अनि परमप्रभुले योसेफ लाई सपनामा दर्शन दिनुभयो र सानो बालक येशू र उहाँकी आमालाई साथमा लिई मिश्रदेशमा जानू भनेर आज्ञा गर्नुभयो, किनभने राजा हेरोदले बालक येशूको हत्या गर्ने कोशिस गर्नेछन् । कसरी योसेफले तुरुन्तै परमप्रभुको आज्ञालाई पालना गरे त? पदहरू १३, १४ पढ्नुहोस् ।

यरूशलेममा, राजा हेरोदले ज्योतिषीहरू फर्की आएर समाचार सुनाउलान् कि भनेर प्रतीक्षा गरिरहेका थिए । जब राजा हेरोदले तिनीहरूले निर्णय बद्लेका रहेछन् भनेर थाहा पाए, तब राजा रिसले चुर भए । पूजाहारी र शास्त्रीहरूले तिनलाई छल्ने कोसिस गरेको हुनसक्छ भन्ने कुरामा राजा निश्चिन्त भए । आफूले बनाएको योजनाको बारेमा सायद ज्योतिषीहरूले थाहा पाएको हुनसक्छन् भनेर राजाले विचार गर्दै थिए । तर तिनको हुकुममा चल्ने सेनाहरू तिनको साथमा थिए, त्यसैले तिनले कस्तो खालको डरलाग्दो काम गरे त? पद १६ पढ्नुहोस् ।

तर बालक येशू मिश्र देशमा सुरक्षित रहनुभयो । योसेफ र मरियम गरिब थिए; तर ज्योतिषीहरूको उपहारको साथमा तिनीहरूलाई त्यहाँ जान पैसाको व्यवस्था भयो, तर फर्केर जान खतरा भएकाले तिनीहरू त्यहीं बसे ।

बेथलेहेममा राजा हेरोदले सबै बालकहरूको हत्या गरेको धेरै समय नबित्दै राजा हेरोदको मृत्यु भयो; तर उक्त मृत्युमा कोही पनि दु:खी भएनन् ।

**सोच्नुहोस्:** शैतानले पहिले नै प्रभु येशूको नाश गर्ने कोसिस गरिरहेको थियो । तर येशूको आगमनको बारेमा मानिसहरू अन्जान रहून् भन्ने कुरामा शैतानले गरेको कोसिस अधुरो नै रह्यो । येशूको बारेमा गोठालाहरूले मानिसहरूलाई सुसमाचार सुनाए, र त्यो सुन्ने जतिहरूले अरूलाई पनि सुसमाचार सुनाए । ज्योतिषीहरूले पनि त्यस कुरामा विश्वास गरेका थिए, र तिनीहरूले पनि आफ्नो देशमा गई अरूलाई येशूको सुसमाचार सुनाए । येरूशलेमका सबै मानिसहरूलाई त्यस बारेमा थाहा थियो । पूजाहारी र शास्त्रीहरूले पनि त्यस बारेमा सुनेका थिए, तर तिनीहरूले त्यस्ता कुराहरूमा चासो नलिने निश्चय गरे । त्यो नै येशूको पहिलो आगमन थियो । अब, झण्डै उहाँको दोस्रो आगमनको समय आएको छ । त्यसको बारेमा अरूलाई सुसमाचार सुनाउन के हामीले सहयोग पुऱ्याइरहेका छौं त?

## अधिक अध्ययनका निम्ति:

मत्ती २:१–१८; द डिजायर अफ एजेज, पेज ५९–६७; द बाइबल स्टोरी, भोल्युम ७, पेज ४७–६० ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

दोस्रो वर्ष
त्रैमासिक–३, पाठ–५

## बालक येशू



### आइतबार

**१** दुष्ट राजा हेरोदको मृत्यु भइसकेको थियो । योसेफ, मरियम र बालक येशू अझै मिश्रदेशमा नै थिए । तिनीहरूले कहिले आफ्नो देशमा सुरक्षित साथ फर्कन पाइएला भनेर थाहा पाए होलान् त? त्यो कुरा परमेश्वर जान्नुहुन्थ्यो । इस्राएलमा फर्कनका लागि उचित समयको बारेमा परमेश्वरले योसेफलाई भन्नुभयो । मत्ती २:१९, २० पढ्नुहोस् ।

अगमवक्ताले भने झैं, तिनीहरू बेथलेहेममा नै बस्नुपर्छ भनी योसेफले विचार गरे, किनभने त्यहीं ठाउँमा बालक येशूको जन्म भएको थियो । राजा दाऊद त्यहीं जन्मेका थिए, र येशू दाऊदका घरानाका थिए । तर अबको नयाँ राजा, जो राजा हेरोदका छोरा थिए, तिनी पनि आफ्ना पिता जस्तै दुष्ट र निर्दयी छन् भन्ने कुरा जब योसेफले सुने, तब तिनी चिन्तित हुन थाले । तिनले के गर्ने निर्णय गरे त? पद २२ पढ्नुहोस् ।

त्यसैले अन्तमा, योसेफ र मरियम आफ्नो घर नासरतमा नै फर्केर गए । पद २३ पढ्नुहोस् ।

नासरत? नासरतको बारेमा सबैलाई थाहा थियो । किन होला? किनकि त्यहाँका मानिसहरू साह्रै नै दुष्ट र कपटी थिए । तर यो ठाउँ त्यहीं हुनेछ, जहाँ प्रभु येशूको उमेर तीस वर्ष नपुगेसम्म उहाँले जीवन बिताउनु हुनेछ । शैतान खुशी भएको हुनुपर्छ । येशूलाई बलजफ्ती परीक्षामा पारेर परमेश्वरको व्यवस्थालाई उल्लंङ्घन गराउनका लागि कति सुहाउँदो ठाउँ थियो ।

तर परमप्रभु परमेश्वर येशूको साँचो पिता हुनु भएको कारण, के उहाँलाई शैतानको परीक्षामा नपर्न सहज थियो त? अँहँ, त्यो सहज थिएन । यदि उहाँको साँचो पिता परमेश्वरले झैं, उहाँले आफ्नो शक्तिद्वारा आफैंलाई सहज बनाउनु भएको भए, शैतानले यसो भन्न सक्थ्यो, "यो राम्रो होइन, येशू साँचो मानव हुनुहुन्न । उहाँले आफैंलाई सहज बनाउनलाई परमेश्वरले झैं आफ्नो शक्तिको उपयोग गरिरहनु भएको छ । साँचो मानिसहरूले पाप गर्नबाट आफूलाई रोक्न सक्छन् भन्ने कुरा उहाँले साबित गरेर देखाइरहनु भएको छैन । निर्दोष पाठोको बलि चढाएर पाप मेटिन्छ भनेर मानिसहरूले विश्वास गरे झैं, उहाँ पापको निम्ति मर्न सक्नुहुन्न ।"

शैतान सही थियो भन्ने कुरा सबै स्वर्गदूतहरू र अरू संसारका मानिसहरूले भन्न सक्थे । येशू अझै पूर्ण रूपले परमेश्वर हुनु भए तापनि, उहाँ पूर्ण रूपले साँचो मानव पनि हुनुहुन्छ भन्ने कुरा शैतान र सबै स्वर्गदूतहरू र अरू संसारका मानिसहरू जान्दथे । त्यो कसरी हुन सक्छन् त भनेर हामीले पूर्ण रूपले बुझ्न नसके तापनि, तर त्यो सत्य नै हो ।

**सोच्नुहोस्:** येशू मानव हुनुहुन्न र हामी कहिल्यै पनि उहाँ जस्तै हुन सक्दैनौं भन्ने कुरा हाम्रो मनले सोचेको होस् भनेर के शैतान चाहन्छ? यदि हामीले उहाँलाई हाम्रो हृदयमा वास बस्न दियौं भने, के हामी उहाँ जस्तै हुन सक्छौं त? यूहन्ना १७:२३ पढ्नुहोस् ।

**याद गर्नुपर्ने पद:**
"अनि येशू बुद्धि र कदमा, र परमेश्वर र मानिसहरूको पक्षमा बढ्नुभयो ।
– लूका २:५२"

## सोमबार

२ सानो बालक येशू सधैं हँसिलो, खुशीसाथ बस्ने र सहयोगी हुनुहुन्थ्यो । उहाँको आमा मरियमले उहाँ आत्मामा बढ्नु भएको र धेरै ज्ञान हासिल गर्नुभएको हेर्ने इच्छा गर्दथिन् । धर्मशास्त्रमा नलेखिएको कुराहरू विद्यालयले सिकाइरहेको कारण उहाँको आमाले उहाँलाई घरमै शिक्षा दिनु हुन्थ्यो । उहाँले चाँडै ज्ञान हासिल गरेको देखेर तिनी र योसेफ धेरै खुशी थिए ।

मरियमले बालक येशूलाई परमेश्वरको वचनहरू र उहाँको दश आज्ञाहरूको बारेमा सिकाउनका लागि पवित्र आत्माले मरियमलाई मद्दत गर्नुहुन्थ्यो । परमेश्वरले सृष्टि गर्नुभएको धेरै थोकहरूको बारेमा उहाँले सिकिराख्नु भएको थियो । उहाँ बिहान सबेरै उठेर सूर्य उदाएको हेर्न र शान्तिसित आफ्ना पिता परमेश्वरसित अलिकति समय बिताउन रूचाउनु हुन्थ्यो । उहाँ चरा-चुरूङ्गीहरूको साथमा रहेर परमेश्वरको निम्ति महिमा र प्रशंसाको भजनहरू गाउन रूचाउनु हुन्थ्यो ।

पूरानो नियमहरूमा भएको पुस्तकहरूमा लेखिए जस्तै परमेश्वरले संसार सृष्टि गर्नुभएको कुरादेखि लिएर हामीले मन पराउने सबै बाइबलीय कथाहरूको बारेमा येशूलाई ज्ञान थियो । हाम्रो संसारभित्र पापको प्रवेश भएको बारेमा उहाँले ज्ञान हासिल गर्नुभयो । धेरैजसो मानिसहरूले शैतानको आज्ञा मान्ने र उसको कुरामाथि विश्वास गर्ने निश्चय गरेकाले उहाँ आत्मामा धेरै नै दु:खी बन्नुभयो ।



हाम्रो पापको सट्टामा मर्नका लागि परमेश्वरले मसीहलाई पठाउने भनिएको उहाँको प्रतिज्ञाको बारेमा उहाँका जनहरूलाई याद दिलाउनलाई थुमाको बलिदान चढाउने गरिएको हो भन्ने कुरा उहाँले सिक्नुभयो । पूजाहारीहरूले मन्दिरभित्र थुमाको रगतद्वारा गर्ने कामहरूले हाम्रो पापहरू क्षमा हुन्छ भन्ने कुरा पनि येशूले सिक्नुभयो । परमेश्वरले बनाउनु भएको धेरै अचम्मको योजनालाई येशूले ध्यानसँग सुन्नुभयो । मसीहमाथि भरोसा गर्ने हरेक व्यक्ति बचाइनेछन् भन्ने कुरा पनि उहाँले सिक्नुभयो ।

**सोच्नुहोस्:** उहाँ नै मसीह हुनुहुन्छ, जो चाहिँ हामीलाई पापबाट मुक्त गर्नलाई आफैं बलिदान हुनुहुनेछ भन्ने कुरा के येशू आफैंले बुझ्नु भएको थियो त? सायद उहाँले अझै बुझ्नु भएको थिएन होला, तर परमेश्वरले उहाँको हृदयमा बोल्नुभएको उहाँले सुनिरहनु भएको थियो ।

## मंगलबार

३ संसारमा पापको प्रवेशपछि, पुत्र परमेश्वर येशू नै हुनुहुन्छ, जसले हाम्रो मन मस्तिष्कमा बोल्नुहुन्छ । जब येशू पृथ्वीमा हुनुहुन्थ्यो, तब उहाँले बोल्नु भएको कुराहरू पिता परमेश्वरले सुन्नुभयो । तर त्यो थोरै समय बाहेक, कुनै ठाउँमा परमेश्वरले बोल्नुभयो भनी बाइबल ले बताउँदछन् । तर उहाँ पुत्र परमेश्वर येशू खीष्ट नै हुनुहुन्थ्यो, जसले ती कुराहरू बोल्नुभयो ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

परमप्रभुका सुन्दर मन्दिरमा सिकाइरहेको सबैकुराहरू उहाँकै बारेमा थियो ।

अब पुत्र परमेश्वर मानव हुनुहुन्थ्यो, र उहाँ परमेश्वर पनि हुनुहुन्थ्यो । तर आफू मानव भएको नाताले पिता परमेश्वरले झैं, उहाँले आफ्नो शक्तिको उपयोग कहिल्यै गर्नुभएन । उहाँले आफैंले बोल्नु भएको वाक्यहरू – जसरी हामीले दश आज्ञाहरू र स्मरण गर्नुपर्ने पदहरू कण्ठस्थ पार्छौं, त्यसरी नै उहाँले पनि त्यहीं कुराहरू सिक्नुभयो । अरू बाल-बालिकाहरू झैं, येशू पनि खेल्न र कुद्न रूचाउनु हुन्थ्यो । तर उहाँले छल गर्नुभएन, अथवा झूट बोल्नुभएन ।

यदि उहाँले कुनै पशुहरूलाई हानि पुऱ्याएको देख्नुभयो भने, उहाँ दु:खी बन्नुहुन्थ्यो । कुनै मानिसलाई चोट पुग्दा वा निराश भएका मानिसहरूको निम्ति पनि उहाँ दु:खी बन्नु हुन्थ्यो । धेरै पल्ट उहाँले भोकमरीमा परेका मानिसहरूलाई आफ्नो खाना बाँड्नुभयो ।

येशू जहिले पनि हँसिलो, दयालु स्वभावको र नि:स्वार्थी हुनुहुन्थ्यो; र कहिल्यै पनि गुनासो गर्नुहुन्नथ्यो । उहाँले खुशीसाथ आमा-बुबाको आज्ञा मान्नुहुन्थ्यो । उहाँ धैर्यवान् हुनुहुन्थ्यो, र रिसाहा स्वभावको हुनुहुन्नथ्यो अथवा अरू मानिसहरूभन्दा आफूलाई असल ठान्नु हुन्नथ्यो ।

येशू जन्मनु भएको समयदेखि, उहाँको सौतेला भाइ-बहिनीहरू थिए । योसेफको पहिलो पत्नीको मृत्यु भइसकेको थियो, त्यसैले योसेफका छोराछोरीहरूका लागि मरियम सौतेनी आमा हुनुभयो, र जब येशू जन्मनुभयो, तब योसेफ येशूको सौते

ला पिता हुनुभयो, किनभने परमेश्वर नै येशू ख्रीष्टको साँचो पिता हुनुहुन्थ्यो ।

येशूका ठूला दाजुहरूले उहाँको हँस्सी-ठट्टा गर्दथे । तिनीहरूले गरेका गलत कामहरूमा येशूले साथ दिनुहुन्नथ्यो, र त्यसले उहाँको दाजुहरूलाई चिढाउँथ्यो । तर तिनीहरूले उहाँको भावनामाथि ठेस पुऱ्याए तापनि, उहाँले तिनीहरूलाई अझै प्रेम गर्नुहुन्थ्यो; र उहाँले तिनीहरूमाथि आफ्नो कृपा देखाउनु हुन्थ्यो ।


**सोच्नुहोस्:** जब तपाईंलाई गलत लागेका कुराहरूमा तपाईंले चासो नदेखाउँदा के कसैले तपाईंको खिस्सी गरेका छन्? हामीमाथि त्यस्तो आइपर्दा हामी कस्तो अनुभव गर्छौं भन्ने कुरा येशू जान्नुहुन्छ ।

## बुधबार

४

हरेक वर्ष, येशूका आमा-बुबा निस्तार-चाडका लागि येरूशलेममा जाने गर्नुहुन्थ्यो । त्यहाँको रीति अनुसार जब बालक बाह्र वर्ष पुग्थे, तब बालक युवावस्थामा पुगेको मानिन्थ्यो, र ती बालक समेत निस्तार-चाडमा जान योग्य मानिन्थे । त्यसैले जब येशू पनि बाह्र वर्षको हुनुभयो, तब योसेफ र मरियमले तिनलाई आफ्नो साथमा लिई निस्तार-चाडमा गए । लूका २:४१, ४२ पढ्नुहोस् ।

येरूशलेमबाट नासरतसम्म लगभग सत्तरी किलोमिटरको दुरी थियो, त्यसैले त्यहाँ पुग्न धेरै दिन लाग्थ्यो । वृद्ध-वृद्धाहरू चाहिँ गोरूहरू र गधाहरूमा सवार हुन्थे; अरू जवानहरू चाहिँ हिँडेरै जाने गर्थे, र सबैजना रातमा कतै वास बस्थे ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

येशू कति उत्साहित हुनुभयो भन्ने कुरा के तपाईंले कल्पना गर्नुभएको छ? उहाँलाई यरूशलेम र त्यहाँको सुन्दर मन्दिरहरूको बारेमा धेरै कथाहरू थाहा थियो, र उहाँ त्यहाँ पुग्नलाई निकै नै आतुरी हुनुभयो । जब उहाँहरू शहर नजिकै पुग्नुभयो, प्रत्येक मानिसले हर्ष र महिमाका भजन गाउन शुरू गरे; र येशू पनि तिनीहरूसँगै गायनमा सहभागी हुनुभयो ।

जब येशू सानो बालक हुनुहुन्थ्यो, उहाँलाई परमप्रभुको सामुन्ने अर्पण गरिएको थियो; तर, साँच्चै नै, उहाँले त्यसलाई सम्झना गर्नुभएन । पूजाहारीहरूले सेतो वस्त्र लगाइरहेको उहाँले उत्सुकतासाथ हेर्नुभयो । उहाँले निर्दोष पाठोको बलि चढाएको देख्नुभयो, र पाठोलाई बलिदानको लागि वेदीमाथि लडाइराखेको उहाँले देख्नुभयो । जब मन्दिरमा परमप्रभुको अघि धूपको वासना छरियो, तब उहाँले घुँडा टेकेर अरूको साथमा बसेर प्रार्थना गर्नुभयो ।

जब दिन-प्रतिदिन येशूले मन्दिरको विभिन्न क्रियाकलापहरू हेर्नुभयो, तब पूजाहारीहरूले गरिरहेका कामहरूको अर्थ धेरै राम्रोसँग बुझ्नुभयो, र उहाँले धेरै नै ज्ञान हासिल गर्नुभयो । उहाँ धेरै नै शान्त स्वभावको हुनुहुन्थ्यो, र जसरी उहाँले मनमा धेरै कुराहरू सोच्नुभयो, तब आफू एक्लै रहने इच्छा गर्नुभयो । उहाँले देखिरहनु भएको सबै क्रियाकलापहरू उहाँकै निम्ति थियो भन्ने कुरामा उहाँ निश्चिन्त हुनुभयो । उहाँले अचम्म मान्न थाल्नुभयो । के उहाँ नै साँचो थुमा हुनुहुन्थ्यो त?

जब निस्तार चाडको अन्त भयो, र मानिसहरू आ-आफ्नो घर फर्कन थाले, तब येशू यरूशलेममै रहने इच्छा गर्नुभयो । जब उहाँको आमा-बुबा र उहाँका साथीहरू नासरत जानका लागि तयार भए, तब येशू मन्दिरमा नै रहनुभएको तिनीहरूले थाहा पाएनन् । तिनीहरूले उहाँ यात्रीहरूको दलमा साथीहरू र कोही कुटुम्बहरूको साथमा हुनुहुन्छ होला भनी ठाने । पदहरू ४३, ४४ पढ्नुहोस् ।

## बिहीबार

५

त्यस सुन्दर मन्दिरमा एउटा ठाउँ थियो, जहाँ विद्यार्थीहरूलाई धार्मिक विधि-विधानहरूको बारेमा सिकाइन्थ्यो । केही विधि-विधानहरू परमेश्वरको आज्ञाको बारेमा थियो । तर त्यसमध्ये धेरैजसो विधि-विधानहरू त्यहाँका गुरूहरूको आफ्नै बनावटी विधि-विधानहरू थिए । ती गुरूहरूले आफूले बनाएका विधि-विधिनहरू परमेश्वरकै हुन् भनी अझै त्यसको पालना गर्न मानिसहरूलाई सिकाइरहेका थिए ।

योसेफ, मरियम र अरू मानिसहरूले पनि ती गुरूहरूले बनाएका बनावटी विधि-विधानलाई पछ्याउँथे, र त्यसको सम्मान गर्थे, र येशूले पनि त्यसको पालन गर्नुपर्छ भनी तिनीहरूले विचार गरे । तर परमप्रभु परमेश्वरले बनाउनु भएको सत्य र महत्वपूर्ण विधिहरू र मानिसहरूले पालना गरिरहेका महत्वहीन विधिहरू बीचको भिन्नताबारे येशूलाई ज्ञान थियो । उहाँले नम्रतापूर्वक परमप्रभुको विधि-विधानलाई पालना गर्नुभयो, तर गुरूहरूको विधिलाई उहाँले पछ्याउनु भएन । जब उहाँ यरूशलेममा रहनुहुनेछ, तब उहाँले गुरूहरूलाई आदर गर्ने, तिनीहरूको आज्ञा मान्ने र तिनीहरूले सिकाएका विधिहरूलाई नै उहाँले पालन गर्नुहुनेछ भनी उहाँका आमा-बुबाले आशा गरेका थिए ।

जब येशू निस्तार चाडमा हुनुहुन्थ्यो, तब पवित्र आत्माले उहाँलाई सिकाइरहनु भएको थियो । हाम्रो मुक्तिको निम्ति पर

मप्रभुको महान् योजना र भविष्यवाणीहरूको बारेमा उहाँले गुरूहरूले भन्दा पहिले नै बढी ज्ञान हासिल गरिसक्नु भएको थियो ।

येशू मन्दिरमा केही कक्षाहरूमा सहभागी हुनुभयो, र ध्यानसित सुन्नुभयो । उहाँले धेरै कुराहरू सिक्ने इच्छा गर्नुभयो । विशेष गरी मसीहको बारेमा भविष्यवाणी र उहाँलाई राम्रोसँग ज्ञान भएको धर्मशास्त्रको बारेमा उहाँले सोध्नुहुँदा गुरूहरूले बताइदिन्थे । जब गुरूहरूले उहाँलाई प्रश्न सोध्थे, त्यतिबेला उहाँको उत्तर सुनेर तिनीहरू सबैजना छक्क पर्दथे । जब उहाँले तिनीहरूलाई विभिन्न भविष्यवाणीहरूको बारेमा प्रश्न सोध्नुहुन्थ्यो, तब तिनीहरूले त्यसको अर्थ खोज्न थाल्थे ।

सोच्नुहोस्ः के केही मानिसहरूले परमेश्वरको विधि-विधानलाई खारेज गर्ने र आफूले बनाएका विधि-विधानलाई थप्ने कोसिस गरे त? तिनीहरूले बदल्न चाहेको कुनै एउटा विधिको बारेमा के तपाईंले बताउन सक्नुहुन्छ?

## शुक्रबार

६

निस्तार चाड सिद्धिएपछि येशूका आमा-बुबा घर फर्कंदै थिए । तर येशू अझै येरूशलेममै रहनुभयो ।

येशू यात्रीहरूका दलमा हुनुहुन्छ भनी योसेफ र मरियमले सोचेका थिए । तिनीहरूले साथीहरू र आफ्ना कुटुम्बहरूसित भेटघाट गर्न पाएर धेरै नै रमाए । त्यस रात कतै वास नबसेसम्म तिनीहरूले येशूलाई छोड्नुभएन । अचानक, उहाँ तिनीहरूको सामु हुनुहुन्न भनी तिनीहरूले चाल पाए । उहाँ कहाँ हुनुहुन्थ्यो त? उहाँ सधैं तिनीहरूलाई मद्दत गर्नलाई बस्नुहुन्थ्यो । तर यो समय, उहाँ त्यहाँ हुनुहुन्नथ्यो, र जब तिनीहरूले उहाँको खोजतलाश गरे, तब तिनीहरूले उहाँलाई कतै पनि भेट्टाउन सकेनन् । लूका २:४४ पढ्नुहोस् ।

आफूले यति धेरै बेवास्ता गरिरहेको कुरा योसेफ र मरियमले चाल पाएनन् । उहाँ कहाँ हुनुहुन्थ्यो त? उहाँलाई के भएको थियो त? उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो, र तिनीहरूले उहाँको जिम्मेवारी लिएका थिए । तिनीहरूले उहाँलाई खोजेर भेट्टाउनु थियो । राजा हेरोदले उहाँलाई मार्न खोजेको कुरालाई तिनीहरूले सम्झे । यदि त्यस्तो घटना उहाँमाथि आइपऱ्यो भने के होला त?

त्यसबखत तिनीहरू येरूशलेमबाट धेरै टाढा पुगिसकेका थिए । तिनीहरू हतार-हतार गरी उहाँलाई खोज्न येरूशलेममै फर्के । पद ४५ पढ्नुहोस् ।

अन्तमा, तिनीहरू मन्दिरमा पुगे । त्यहाँ परमेश्वरको महिमा र प्रशंसा गरिरहेका सबै मानिसहरूका माझमा तिनीहरूले येशूलाई खोजे । तिनीहरूले केही कोठाहरूमा पनि उहाँको खोजी गरे । तर उहाँ कतै पनि भेट्टिइनु भएन । अनि अचानक, तिनीहरूले उहाँको सोर सुने । उहाँ पाठशालामा हुनुहुन्थ्यो । कस्तो आनन्दको समय! जब तिनीहरूले भित्रपट्टि हेरे, तब तिनीहरूले के देखे त? पदहरू ४६, ४७ पढ्नुहोस् ।

जब येशूका आमा-बुबाले उहाँको सोर सुने, तब तिनीहरू आश्चर्यचकित भए । तर जब मरियमले कोमलतापूर्वक उहाँलाई गाली गरे, तब उहाँले तिनलाई कसरी उत्तर दिनुभयो त? पदहरू ४८, ४९ पढ्नुहोस् ।

योसेफ आफ्नो साँचो पिता होइन भने जस्तो व्यवहार उहाँले पहिलोपल्ट देखाइरहनु भएको थियो । तर उहाँको उत्तरको अर्थ योसेफ र मरियमले बुझ्न सकेनन् । पद ५० पढ्नुहोस् ।

सोच्नुहोस्ः येशूको उत्तरको अर्थ के होला भनी के तपाईंले सोच्नु भएको छ? "उहाँको पिताको काम" के थियो त? उहाँ संसारमा किन आउनु भयो त?

## अधिक अध्ययनका निम्तिः

लूका २:३९–५२; द डिजायर अफ एजेज, पेज ६८–८३; द बाइबल स्टोरी, भोल्युम ७, पेज ६०–८४ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्रः

# पहिला मेरो बाइबल

दोस्रो वर्ष

त्रैमासिक–३, पाठ–६

# येशू हाम्रो उदाहरण



© Darrel Tank

**याद गर्नुपर्ने पदः**

जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ बचत हुनेछ । – मर्कूस १६:१६

## आइतबार

१ धेरै बाल-बालिकाहरू त्यो शहरमा हुर्के बढे, जुन शहर लाई मानिसहरूले अति नै खराब शहर भन्थे । पूरै शहर यति खराब थियो, कि त्यस शहरमा जन्मेर हुर्के बढेका मानिस असल हुँदैनन् भनी मानिसहरूले सोच्दछन्, तपाईं त्यस्तो शहरमा कसरी बढ्न सक्नुहुन्छ?

तपाईंको साँचो पिता को हो अथवा तपाईंको आमा एउटी खराब आइमाई हो भनी मानिसहरूले बताए भने, तपाईंले त्यस्ता कुराहरू कसरी सुन्न सक्नुहन्छ?

यदि तपाईंको एउटा सौतेला भाइ छ, जसले तपाईंलाई मन पराउँदैन भने, तपाईंलाई कस्तो महसूस हुन्छ? तिनीहरू तपाईंभन्दा पाको भएकाले तिनीहरूको आज्ञा मान्नुपर्छ भनी यदि तिनीहरूले सोचे भने, तपाईंलाई कस्तो महसूस हुन्छ होला? यदि तिनीहरूले तपाईंलाई हर समय जिस्काई रहे भने, तपाईंलाई कस्तो लाग्छ होला?

यदि हरेक समय तपाईंको आमा-बुबाले तपाईंका भाइहरूका कुराहरूमा चाहिँ सहमत हुने र तपाईंलाई भने असहमति जनाउँदछ भने, त्यतिबेला तपाईंले कस्तो महसूस गर्नुहुन्थ्यो होला?

यदि तपाईंले आफ्नो सारा हृदयले परमेश्वरलाई प्रेम गर्ने र पूर्ण रूपले उहाँको दश आज्ञाहरूको पालना गरिरहनु भएको छ, तर तपाईंको मण्डलीले तपाईंको आमा-बुबालाई तपाईंको बारेमा गुनासो गर्नुहुन्छ, र आज्ञाको पालन गर्ने तिनीहरूले तपाईंलाई करकापमा पार्नुहुन्छ भने, त्यतिबेला तपाईंले कस्तो महसूस गर्नुहुन्थ्यो होला त?

यदि तपाईंले तिनीहरूसित लड्न सक्नुभएन, र मण्डलीका बाल-बालिकाहरूले पनि तपाईंलाई "डरपोक" भनेर बोलाए भने, त्यतिबेला तपाईंलाई कस्तो महसूस हुन्थ्यो होला त?


यदि तपाईंको आमा-बुबा गरिब छन्, र तपाईंले कुनै एकजना भोकाएका मानिसलाई आफ्नो खाना बाँड्न लाग्दा तपाईंको भाइहरूले तपाईंलाई मूर्ख र बेकम्मा भनेर खिस्सी गरे भने, त्यतिबेला तपाईंले कस्तो महसूस गर्नुहुन्थ्यो होला त?

यी सबै यस्ता खालका पारिवारिक घटनाहरू हुन्, जुन घटनाहरू येशूको बाल्यकालमा पनि घट्न पुगेको थियो । येशूले धेरै नै यस्ता खालका समस्याहरूको सामना गर्नु परेको थियो । येशूको जीवनलाई कष्टप्रद बनाउन शैतानले कुनै पनि मौका चुकाएन । येशूले पिता परमेश्वरमाथि भरोसा राख्ने निश्चयतालाई बिर्सिदेऊन् भनेर शैतानले अनेक प्रयत्न गऱ्यो ।

**सोच्नुहोस्:** शैतानले हामीलाई परीक्षामा पार्दछ भन्ने कुरामा येशूले नबुझ्नु भएको कुनै पनि थोक छैन । उहाँ एउटा मानव हुनुहुन्छ, जसले तपाईंले गरिरहनु भएको कामहरू मात्र होइन, तपाईंको सोंचहरू पनि उहाँले ठयाक्कै थाहा पाउनु हुन्छ । कुनै पनि बखत तपाईंले उहाँलाई पुकार्न सक्नुहुन्छ, र उहाँले तपाईंको ख्याल राख्नुहुन्छ भन्ने कुरामा के तपाईं खुशी हुनुहुन्न र?

## सोमबार

२ के तपाईंले त्यस्तो खालको मानिसलाई चिन्नुहुन्छ, जो चाहिँ हर समय येशूको समीपमा रहन मन पराउँदछन्? स-साना बाल-बालिकाहरू र पाको मानिसहरू, गरिब र असहाय मानिसहरू र जीवनदेखि वाक्क दिक्क भएका मानिसहरू; र स-साना जनावरहरू सबैलाई थाहा छ, कि परमेश्वरले तिनीहरूलाई अति प्रेम गर्नुहुन्छ । येशूले हरेक मानिसलाई समान प्रेम गर्नुहुन्छ, र उहाँलाई घृणा गर्ने हरेक मानिसलाई पनि उहाँले उति नै प्रेम गर्नुहुन्छ ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

यदि त्यस समयमा तपाईं नासरतमा बस्नु भएको भए, येशू आफ्नो पिता योसेफको काठको कारखानामा आउँदै-जाँदै गर्नुभएको तपाईंले देख्न सक्नुहुन्थ्यो । नासरत त्यहीं ठाउँ हो, जहाँका बासिन्दाहरू विश्रामबारको दिन बाहेक हरेक दिन काममा व्यस्त रहन्थे । येशू जवान हुँदादेखि नै, पिता योसेफले उहाँलाई सिकर्मीको काम सिकाएका थिए; र उहाँ एउटा असल सिकर्मी बन्नुभयो । कुनै फर्निचर बनाउनलाई काठहरू मिलाएर चिर्ने कामहरू उहाँले सिक्नुभयो । हरेक औजारहरू चलाउने बारेमा उहाँलाई ज्ञान थियो, र उहाँले ती औजारहरू धेरै हो सियारीसाथ चलाउनु हुन्थ्यो । उहाँ घर जानु अघि, आफूले काम गर्ने बेञ्चहरू सफा र सुसज्जित पार्नुहुन्थ्यो, र उहाँले आफ्ना आमा-बुबालाई हरेक किसिमले सहयोग गर्नुहुन्थ्यो ।

येशूले कडा मिहिनेतसाथ काम गर्ने गरिब मानिसहरूले झैं फाटेकै लुगा लाउनुहुन्थ्यो । अरू मानिसहरू झैं, उहाँ पनि कामले थकित बन्नुहुन्थ्यो । अरू मानिसहरूलाई झैं, उहाँलाई पनि पहाड उक्लने र ओर्लने काम सहज थिएन । उहाँको शरीर मजबुत थियो, किनकि उहाँले स्वास्थ्यका सिद्धान्तहरूलाई पालना गर्नुहुन्थ्यो ।

उहाँले वर्षेपिच्छे कडा मिहिनेतसाथ काम गर्दै जानुभयो, र जब परमेश्वरको बारेमा शिक्षा दिने कामको शुरूवात् गर्ने सही समय आउँछ, तब उहाँलाई परमेश्वरले भन्नुहुनेछ भनी उहाँले प्रतीक्षा गर्नुभयो । सिकर्मी भएर काम गर्नुको मतलब वचनमा झैं, उहाँको आज्ञा मान्नु र उहाँको योजनालाई पछ्याउनु हो । बाल-बालिकाहरू र युवा-युवतीहरूको निम्ति उहाँ एउटा असल उदाहरण बनेर देखाउनुभयो ।

**सोच्नुहोस्:** अब, येशूको उमेर झण्डै तीस वर्ष पुग्नै लागेको थियो, तर कामको शुरूवात् गर्ने बारेमा परमेश्वरले उहाँलाई मार्गदर्शन गर्नुहुनेछ भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो । उहाँको बारेमा बाइबलले के बताउँदछ? लूका २:५२ पढ्नुहोस् ।

## मंगलबार

३ यूहन्ना र येशू नातेदार थिए, र उहाँहरू झण्डै बराबरी उमेरका हुनुहुन्थ्यो । यूहन्ना येशूभन्दा छ महिनाले मात्र पाको थिए । त्यसकारण जब येशू बुद्धिमा, आत्मामा, र परमेश्वरको अनुग्रहमा हुर्कंदै बढ्दै जानुभयो, तब यूहन्ना पनि बुद्धिले भरि पूर्ण भएर आत्मामा बलियो हुँदै गए ।

उहाँहरूले एक-अर्कालाई नदेखे तापनि, यूहन्नाले येशूको बारेमा सुनेका थिए । मसीहको कामको निम्ति मानिसहरू लाई तयार पार्नका लागि मद्दत गर्नु उहाँको काम हो भन्ने कुरा यूहन्नालाई थाहा थियो । मसीहको बारेमा अगमवक्ताहरूले अगमवाणी बोलेका कुराहरूको बारेमा तिनले सिकेका थिए; र तिनलाई यो कुरा निश्चित रूपले थाहा नभए तापनि, येशू नै मसीह हुनुहुन्छ भन्ने कुरा तिनले विश्वास गरेका थिए ।

यूहन्नाको सुसमाचार सुन्नलाई संसारभरिका मानिसहरू आए । नासरतका दुष्ट मानिसहरूले पनि तिनको बारेमा कुरा गरिरहेका थिए । जब येशूले तिनीहरूको कुरा सुन्नुभयो, तब उहाँले आफ्नो सिकर्मीको काम छोडेर यूहन्नाले सुसमाचार सुनाइरहेको ठाउँमा जाने विचार गर्नुभयो ।

त्यतिबेला योसेफको मृत्यु भइसकेको थियो, त्यसैले येशूले आमा मरियमसँग बिदा माग्नुभयो; र समय नबित्दै, यूहन्नाले मानिसहरूलाई बप्तिस्मा दिइरहेको यर्दन नदीमा उहाँ पुग्नुभयो । उहाँले कहिल्यै पाप नगर्नुभएको भए तापनि, आफूलाई पानीद्वारा बप्तिस्मा दिनू भनी उहाँले यूहन्नालाई आग्रह गर्नुभयो । मत्ती ३:१३ पढ्नुहोस् ।

यूहन्नाबाट येशूले बप्तिस्मा लिन नपर्ने केही कारणहरू यूहन्नालाई थाहा थियो । उहाँले कुनै पाप गर्नुभएको थिएन । यूहन्नाले येशूलाई भने, "बरू मलाई पो तपाईंबाट बप्तिस्मा लिनु आवश्यक छ ।" पद १४ पढ्नुहोस् ।

तर उहाँले भने जस्तै गर्न उहाँले यूहन्नालाई आग्रह गर्नुभयो । हामी उहाँको मार्गमा हिंड्नलाई र उहाँ हाम्रो निम्ति एउटा असल गवाही बन्नलाई उहाँ आफैंले त्यो काम गरेर देखाउनुपर्छ भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो । पद १५ पढ्नुहोस् ।

**सोच्नुहोस्:** बप्तिस्मा लिनुको अर्थ: उहाँको मार्गलाई पछ् याउन हामीले गरेको निश्चितताको बारेमा अरूलाई थाहा दिनु हो, र उहाँलाई हाम्रो पाप उठाउन दिने एउटा महत्वपूर्ण माध्यम हो भन्ने कुरा के उहाँ जान्नुहुन्थ्यो त? यदि तपाईंले अझै पनि बप्तिस्मा लिनुभएको छैन भने, जब सही समय आउँछ, तब तपाईंले पनि आफूले गरेको निश्चितताको बारेमा अरूलाई थाहा दिने इच्छा राख्नुहुनेछ ।

## बुधबार

**४** येशूले बप्तिस्मा लिएपछि पानीबाट निस्कनु भयो, र उहाँले नदीको किनारमा बसेर प्रार्थना गर्नुभयो । उहाँ कस्तो खालको मसीह हुनुहुनेछ, सो कसैले पनि बुझेका छैनन् भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो । मसीह र अरू धेरै कुराहरूको बारेमा मानिसहरूको धारणा गलत थियो । लूका ३:२१ पढ्नुहोस् ।

शैतानले गलत तरिकाले हाम्रो प्रेमिलो परमेश्वरको बारेमा झूटा कुराहरूद्वारा मानिसहरूलाई बहकाउन कडा परिश्रम गरिरहेको कुरा येशू जान्नुहुन्थ्यो । उहाँले हाम्रो कामहरूको जाँचबुझ गर्नुहुन्छ, र यदि हामीले नराम्रो कामहरू गरेको थाहा पाउनु भयो भने, उहाँले हामीलाई सजायको भागीदार पनि बनाउनु हुन्छ भनेर मानिसहरूले सोच्दथे ।

धर्म-गुरुहरूले परमप्रभुको चाखलाग्दो दश आज्ञाहरूको अर्थ बुझेका थिएनन् । तिनीहरूसित आफ्नै बनावटी नीति-नियमहरू थिए, र ती नीति-नियमहरूको बारेमा सिक्न झण्डै असम्भव देखिन्थ्यो । तर यदि मानिसहरूले त्यसलाई पालन नगरेको खण्डमा, तिनीहरूले पाप गरेको मानिन्थ्यो ।

धेरै मानिसहरूले रोमीहरूलाई मन पराउँदैनथे भन्ने कुरा येशू जान्नुहुन्थ्यो, किनकि त्यहाँ रोमीहरूको शासन थियो । तिनीहरूले त्यस्तो मसीहको चाहना गरे, जो चाहिँ तिनीहरूको राजा होस्, र त्यस राजाले रोमीहरूलाई त्यहाँबाट धपाइदियोस् । अनि, तिनीहरू फेरि स्वतन्त्र बन्नेछन्, र तिनीहरूको राष्ट्र फेरि शक्तिशाली बन्नेछन् भनेर तिनीहरूले सोच्दथे । अनि, त्यहाँ कोही पनि गरिब रहने छैनन्, र सबैजना शान्तिसित जीउन सक्नेछन् भनेर तिनीहरू सोच्दथे ।

तिनीहरूको साँचो शत्रु शैतान हो भनी धेरै मानिसहरूलाई थाहा थिएन । तिनीहरूको महत्वपूर्ण आवश्यकता भनेको मसीह थियो, जसले तिनीहरूलाई शैतानको जालबाट मुक्त पार्न सक्नुहुन्थ्यो ।

येशू नै हुनुहुन्छ, जसले साँचो पिता परमेश्वरको बारेमा बुझाउन सक्नुहुन्छ, तर त्यस बारेमा मानिसहरूलाई विश्वास दिलाउन गाह्रो छ भन्ने कुरा येशू जान्नुहुन्थ्यो । येशू नै पुत्र परमेश्वर हुनुहुन्छ, र हामीलाई पापबाट बचाउनको निम्ति भनेर उहाँ आउनुभएको कुरा तिनीहरूले विश्वास गर्नुपर्थ्यो ।

**सोच्नुहोस्:** यी सबै कुराहरूको बारेमा येशू जान्नुहुन्थ्यो । धेरै मानिसहरूले इच्छा गरे भन्दा किन उहाँ आफ्नै तरिकाले आउनुभयो?

## बिहीबार

**५** यूहन्नाले येशूलाई भर्खर यर्दन नदीमा बप्तिस्मा दिनुभयो । जसरी येशूले नदीको किनारमा बसेर पिता परमेश्वरसित प्रार्थना गर्नुभयो, तब उहाँ आफैं परमेश्वरको महान् कामको निम्ति आउनु भएको कुरालाई उहाँले विचार गर्नुभयो । शैतानले मानिसहरूलाई उसको राज्यमा प्रवेश गराउन सक्दो कोसिस गरिरहेको छ भनी येशूले मानिसहरूलाई चेतावनी दिनुभएको थियो, र त्यो शैतानको राज्य हाम्रै संसार हो । तर तिनीहरूले केवल येशूको अनन्तको राज्यलाई चुने भने मात्र तिनीहरू शान्ति र आनन्दित भएर जीउन सक्नेछन्, जुन येशूको राज्य भनेको यो संसारको होइन, तर स्वर्गको हो । यूहन्ना १८:३४ पढ्नुहोस् ।

शैतान शक्तिशाली छ भन्ने कुरा येशू जान्नुहुन्थ्यो । मानिसहरूलाई परमेश्वरको राज्यमा प्रवेश गर्नमा रोक लगाउन शैतानले कुनै न कुनै रीतिले लडिरहनेछ भन्ने कुरा येशू जान्नुहुन्थ्यो । सायद त्यसले येशूलाई पनि गाह्रो बनाइदिनेछ । धेरैपल्ट मानिसहरूले शैतानको पछि लाग्ने र त्यसको कुरामाथि विश्वास गरिरहेको देखिनेछन् ।

येशू अझै पनि परमेश्वर नै हुनुहुन्थ्यो । तर उहाँ एक मानव पनि हुनुहुन्छ । हामीले केही कामको निम्ति आफ्नै शक्तिको प्रयोग गर्न सक्दैनौं, र उहाँ पनि मानव भएको नाताले, परमेश्वरले झैं कुनै कुराको निम्ति आफ्नो शक्ति प्रदर्शन गर्नुहुँदैन भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो । हामीले परमेश्वरमा भर परे झैं, उहाँले पनि आफ्नो ख्याल राख्नको निम्ति पिता परमेश्वरको शक्तिमाथि भर पर्नुपर्ने हुन्छ । उहाँलाई हर समय त्यो शक्तिको आवश्यकता पर्नेछ, किनकि शैतानले उहाँलाई आफ्नो वशमा पारेर पापको मार्गमा डोऱ्याउने कोसिस गर्दथ्यो ।

जब येशूले आकाशतिर हेरेर पिता परमेश्वरसँग प्रार्थना गर्नुभयो, तब पिता परमेश्वर हर समय आफ्नो साथमा हुनुहोस्, र आफ्नो आज्ञाकारितामा पिता परमेश्वर प्रसन्न हुनुभएको होस् भनी उहाँले आशा गरिरहनु भएको थियो ।

स्वर्गदूतहरूले सुनिरहेका थिए । तिनीहरूले कहिल्यै पनि त्यस्तो प्रार्थना सुनेका थिएनन् । स्वर्गमा हुनुहुने उहाँका पिता हरक्षण उहाँको साथमा हुनुहुन्छ भन्ने कुरा स्वर्गदूतहरूले येशूलाई थाहा दिने इच्छा गरे । तर त्यसरी होइन । पिता परमेश्वर आफैंले उहाँको प्रार्थनाको उत्तर दिनुहुनेछ ।

**सोच्नुहोस्:** जब हामी प्रार्थना गर्छौं, तब के हाम्रो छेवैमा भएका स्वर्गदूतहरूले सुन्न सक्छन् त? के येशू आफैंले पनि हाम्रो प्रार्थनालाई सुन्नुहुन्छ त? हो, उहाँले हाम्रो प्रार्थनालाई सुन्नुहुन्छ । के उहाँले हामीलाई शैतानबाट सुरक्षित राख्न चाहनुहुन्छ? येशूको मद्दतबिना हामी शैतानबाट सुरक्षित हुन सक्दैनौं भन्ने कुरा के हामीले याद राख्नु जरूरी छ त?

## शुक्रबार

**६** जब येशूले नदीको किनारमा बसेर प्रार्थना गर्नुभयो, तब उहाँले स्वर्गतिर केही देख्नु भएको जस्तै टाउको उठाएर हेरिर हनु भयो । जब उहाँले प्रार्थना गर्न सिध्याउनु भयो, तब केही अचम्म लाग्दो कुरा भयो । त्यहाँ के भएको थियो त? मत्ती ३:१६ पढ्नुहोस् ।



अनि, स्वर्गबाट एउटा वाणी आयो । त्यो चाहिँ स्वर्गदूतको आवाज थिएन । त्यो कसको आवाज थियो, र उहाँले के भनिरहनु भएको थियो? पद १७ पढ्नुहोस् ।

येशूको आफ्नै पिताले उहाँको प्रार्थनाको उत्तर दिनुभयो । उहाँको पिता उहाँदेखि प्रसन्न हुनुहुन्थ्यो – धेरै नै प्रसन्न हुनुहुन्थ्यो । उहाँको योजना अनुरूप सम्पूर्ण कामहरू सही तरिकाले भइरहेको कुरा येशू जान्नुहुन्थ्यो ।

जब येशूले प्रार्थना गरिरहनु भएको थियो, तब सबै जनाले शान्तपूर्वक हेरिरहेका थिए । तिनीहरूले उहाँको मुहार र उहाँको वरिपरि उज्यालो ज्योति देखे । सायद सबैजनाले आवाज सुनेनन् होला, अथवा पवित्र आत्मा ढुकुरको रूप भएर स्वर्गबाट तल ओर्लेको कसैले देखेनन् होला, तर यूहन्नाले ती सबै सुनिरहेका र देखिरहेका थिए । तिनलाई देखाउनका लागि भनेर परमेश्वरले तिनलाई कुनै चिन्ह देखाउने प्रतिज्ञा गर्नुभएको थियो । यूहन्ना १:३२–३४ पढ्नुहोस् ।

जब यूहन्नाले येशूलाई पहिलोपल्ट देखेका थिए, तब उहाँ शुद्ध र पवित्र हुनुभएको कुरा तिनले बताए । जब तिनले यर्दन नदीमा प्रचार गर्दै र बप्तिस्मा दिँदै थिए, तब तिनले धेरै प्रकारका मानिसहरूलाई देखे, तर येशू झैं कोही भेट्टाउनु भएन । अनि येशूलाई बप्तिस्मा दिइसकेपछि, जुन अचम्मको कुरा भयो, त्यसले उहाँ नै मसीह हुनुहुन्छ भन्ने कुरा पुष्टि भयो । येशू परमेश्वरका साँचो थुमा पनि हुनुहुन्थ्यो । तर यूहन्नाले अझै त्यसको अर्थ बुझ्न सकेका थिएनन् ।

हजारौं वर्षभन्दा बढी समयदेखि, मानिसहरूले पवित्रस्थानमा थुमाहरूको बलिदान चढाइरहेका थिए, अनि मन्दिरमा पनि बलिदान चढाइरहेका थिए । मसीह नै परमेश्वरका साँचो थुमा हुनुहुन्छ भनी ती कुराहरूले तिनीहरूलाई याद दिलाउँदथ्यो । जसरी मन्दिरमा थुमा मर्थे, त्यसरी नै मसीहको आगमन भएपछि, उहाँ पनि हामी सबैको निम्ति मर्नुहुनेछ । सयौं वर्ष अगि, अगमवक्ता यशैयाले भविष्यवाणी गरेका थिए, तर धेरै मानिसहरूले सोचे जस्तो अथवा इच्छा गरे जस्तो खालको मसीह उहाँ हुनुहुन्नथ्यो । यशैया ५३:७ पढ्नुहोस् ।

धेरै मानिसहरूले काठ र ढुङ्गा जस्ता मूर्तिका देवताहरूलाई थुमाको बलि चढाइरहेका थिए, त्यसको अर्थ यो थियो, कि तिनीहरूको काठ र मूर्तिको देवताहरू रिसाउने छैनन् । थुमाको बलिदानले तिनीहरूका देवताहरू प्रसन्न हुनेछन्, र तिनीहरूलाई भरपूर आशिष् दिनेछन् भनी तिनीहरूले सोच्दथे । तर थुमाहरू केवल साँचो थुमाको सम्झना दिलाउनको लागि थिए, जो तिनीहरूको सट्टामा मर्नुहुनेछ ।

**सोच्नुहोस्:** जब उहाँको स्वर्गीय पिताले उहाँको बारेमा बोल्नुभयो, तब येशूले कस्तो महसूस गर्नुभयो होला भन्ने कुरा के तपाईंले सोच्नुभएको छ? हामीले येशूलाई प्रेम गर्ने, उहाँमाथि भरोसा गर्ने र उहाँको आज्ञा पालन गरेर उहाँ जस्तै हुनलाई उहाँले नै मद्दत गर्नुभएको होस् भनी जब हामी उहाँमा पुकारा गर्ने निश्चय गर्छौं, तब परमेश्वरले हाम्रो बारेमा पनि त्यसै गरी बोल्न रूचाउनु हुन्छ । परमेश्वरले येशूलाई प्रेम गर्नुभए जस्तै उहाँले हामीलाई पनि उही किसिमले प्रेम गर्नुहुन्छ भन्ने कुरा के चाखलाग्दो छैन र?

### अधिक अध्ययनका निम्ति:

मत्ती ३; द डिजायर अफ एजेज, पेज ८४–९२; १०९–११३; द बाइबल स्टोरी, भोल्युम ७, पेज ८५–१०८ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com


### मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

दोस्रो वर्ष

त्रैमासिक—३, पाठ—७

# तीनवटा डरलाग्दा परीक्षाहरू



**याद गर्नुपर्ने पदः**
"लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ' ।" — मत्ती ४:४

## आइतबार

१ प्रभु येशू झण्डै तीस वर्षको हुनु भएपछि पनि, शैतानले उहाँलाई एकपल्ट पनि पाप गराउनमा विवश पार्न सकेन । येशूको बप्तिस्मामा, त्यहाँ भइरहेका सम्पूर्ण कुराहरूलाई शैतानले हेरिरहेको थियो; र येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर परमेश्वरले बोल्नुभएको कुरा शैतानले पनि सुनेको थियो । कसरी परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुभयो, कि उहाँले आफ्नो पुत्रलाई मानव रूपधारण गर्न दिनुभयो, र हाम्रो पापको निम्ति मर्न पठाउनु भयो भन्ने कुरा शैतानले बुझ्न सकेन । शैतानलाई स्वर्गबाट निकाल्नु अघि, शैतान परमेश्वरको साथमा थियो; र परमेश्वर पिता र प्रभु येशूले एक-अर्कालाई कति प्रेम गर्नुहुन्छ भन्ने कुरा शैतानलाई राम्रोसँग थाहा थियो ।

आदम र हव्वाले पाप गरेदेखि, संसारमा मानिसहरूलाई पापको मार्ग त्यागेर धार्मिकताको मार्गमा डोऱ्याउनु हुने येशू नै हुनुहुन्थ्यो, जो परमेश्वरका पुत्र हुनुहुन्थ्यो । कसैले पनि उहाँमा परमेश्वरको झैं उज्यालो ज्योति देखेका थिएनन् । उहाँ सधैं मानिसहरूको सन्मुख मानिस झैं देखिनुहुन्थ्यो, अथवा उहाँ स्वर्गदूतको रूपमा देखिनु हुन्थ्यो । तर अब, उहाँ साँच्चिकै एउटा मानव हुनुहुन्छ । उहाँ ईम्मानुएल हुनुहुन्छ, जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग ।" उहाँ येशू हुनुहुन्छ । उहाँ नै हुनुहुन्छ, जसले हामीलाई पापबाट मुक्त गर्न सक्नुहुन्छ ।

जब आदमलाई सृष्टि गरियो, तब तिनी पूर्ण रूपमा मानव नै थिए, र आदमले पाप गर्न पुगे । अब येशूले मानव रूप धारण गर्नुभयो । उहाँलाई पनि एकपल्ट पाप गर्नका निम्ति विवश पार्न सकिएला कि भनी शैतानले सोचेको थियो । यदि पापमा फसाउन सकिएन भने, परमेश्वरको व्यवस्था पालन गर्न सकिंदै न भन्ने शैतानको कुरा झूटा ठहरिनेछ ।

मानिसहरूले सहायताका निम्ति परमेश्वरमाथि भरोसा र ाखुञ्जेल तिनीहरूले दश आज्ञाको पालना गर्न सक्षम बन्नेछन् भनी येशूले प्रमाणित गरेर देखाउनु भयो, र अन्तमा, शैतान र तिनका दुष्ट दूतहरू सदाको निम्ति नाश पारिनेछन् । हाम्रो उद्धारको निम्ति परमेश्वरको उत्तम योजनाहरूलाई भताभुङ्ग पार्नलाई शैतानले सक्दो कोसिस गरिरहेको कुरालाई अचम्म मान्नुहुँदैन!

येशूको बप्तिस्मापछि, उहाँलाई सोच्नका निम्ति र प्रार्थना गर्नका निम्ति समयको आवश्यकता थियो; र पवित्र आत्माले उहाँलाई मार्गदर्शन गरिरहनु भएको थियो । के त्यो सुन्दर र शान्तमय ठाउँ हुनेछ होला? मत्ती ४:१ पढ्नुहोस् ।

**सोच्नुहोस्:** शब्दकोषमा "उजाड स्थान" को अर्थ खोज्नुहोस् । के त्यो त्यस्तो ठाउँ हो, जहाँ तपाईं लगभग छ हप्तासम्म एक्लै रहने इच्छा गर्नुहुन्छ?

## सोमबार

२ उजाड स्थान त्यति राम्रो ठाउँ थिएन, जहाँ पवित्र आत्माले येशूलाई डोऱ्याएर लानुभयो । त्यसको वरिपरि

चट्टानै चट्टान, ओबानो भूमि, नाङ्गो पहाडहरू, विषालु सर्पहरू र जङ्गली जनावरहरू मात्र थिए । तर त्यसले उहाँलाई केही फरक परेन । येशूको बप्तिस्मामा, उहाँको पिता परमेश्वरले बोल्नुभएको सत्य कुराहरू उहाँको मन-मष्तिस्कमा गुञ्जिरहेको थियो । ती सत्य कुराहरू के थिए भनी के तपाईंलाई सम्झना छ? मत्ती ३:१७ पढ्नुहोस् ।



हाम्रो मुक्तिको निम्ति बाँकी यो जनाहरू धेरै नै गाह्रो हुन गइरहेका छन् भन्ने कुरा येशू जान्नुहुन्थ्यो । प्रत्येक दिन, उहाँले आफ्नो पितामाथि भरोसा राख्नैपर्छ, र दिन-प्रतिदिन, जसरी उहाँको पिताले हामीलाई सहायता गर्ने इच्छा गर्नुभयो, त्यसरी नै उहाँले येशूलाई पनि सहयोग गर्नुहुनेछ । उहाँले यस्तो किसिमले प्रार्थना गर्नुभयो, कि परमेश्वरले उहाँलाई निकै नै शक्तिशाली बनाउनुभयो, र त्यसले गर्दा नै उहाँले सधैं पवित्र आत्माको आज्ञा मान्नुपर्ने जरूरी भयो ।

शुरूमा, येशूले त्यस उजाड स्थानमा खानपानको बारेमा पनि सोच्नुभएन । उहाँले खानपानको बारेमा नसोचिकनै निरन्तर रूपमा प्रार्थनामा लागिरहनु भयो, र उहाँ दिनानुदिन दुब्लो र कमजोर बन्दै गइरहनु भएको थियो ।

सय वर्ष अघि, अगमवक्ता मोशा सीनै पर्वतमा चालीस दिनसम्म केही नखाइकन परमेश्वरको साथमा रहे, र तिनी दुब्लो र कमजोर भएनन् । परमेश्वरले तिनलाई स्वस्थ, फूर्तिलो र तन्दुरूस्त राख्नुभयो । प्रस्थान ३४:२८ पढ्नुहोस् ।

तर पिता परमेश्वरले प्रभु येशूको निम्ति त्यसो गर्नुभएन, र येशूले आफ्नै निम्ति पनि त्यसो गर्नुभएन । येशू मानव हुनुहुन्थ्यो, तर उहाँ अझै पनि पुत्र परमेश्वर हुनुहुन्थ्यो; र उहाँले आफ्नै निम्ति शक्तिको प्रदर्शन गर्नुभएन । हामीलाई शैतानले परीक्षामा पारे झैं, उहाँ पनि परीक्षामा परेको हुनुपर्छ, र हामीले सहयोग पाए जस्तो उहाँले कुनै सहयोग पाउनु भएन ।

**सोच्नुहोस्:** के येशूले झैं, हामीले सधैं परमेश्वरमाथि भरोसा राख्नु सहज छ? के कहिलेकाहिँ तपाईं धेरै भोकाउनु भएको छ र कुनै खानेकुरा पाउनु भएको छैन? प्रत्येक दिन, हाम्रो संसारका मानिसहरू खान नपाएर भोकमरीले मर्ने गर्दछन्? के तिनीहरूमध्ये कुनैले खानाको लागि कुनै चमत्कार गर्न सक्छन्? अँहँ, सक्दैनन् । तर येशूले त्यसो गर्न सक्नुहुन्थ्यो । तर के उहाँले खानाको लागि कुनै चमत्कार गर्नुभयो त? अँहँ, गर्नुभएन । उहाँले आफू एउटा मानव नै हुने निश्चय गर्नुभएको थियो ।

## मंगलबार

**३**

येशू त्यस्तो सुनशान उजाड स्थानमा जानुभयो, किनकि उहाँ एक्लो रहन चाहनुहुन्थ्यो । उहाँले मानिसहरूलाई प्रेम गर्नुहुन्थ्यो, र उहाँ मानिसहरूलाई सहयोग गर्न रूचाउनु भएकाले उहाँ मानिसहरूसित रहन रूचाउनु हुन्थ्यो । तर त्यस समयमा, उहाँले अरू मानिसहरूलाई आफूसित राख्न चाहनुभएन । कुनै हल्ला-खल्ला बिना उहाँले प्रार्थनामा समय बिताउन चाहनुभएकाले उहाँले आफू एक्लो रहन आवश्यक ठान्नुभयो ।

दिन बित्दै गए, अनि हप्तौं हप्ता बिते । अन्तमा, येशूले कुनै भोजनबिना करिब छ हप्तासम्म बिताउनुभयो, र उहाँ दिन-प्रतिदिन डुब्लो र कमजोर बन्दै गइरहनु भएको थियो । तर उहाँ अझै निरन्तर प्रार्थनामा लागि रहनुभयो र आफ्ना स्वर्गीय पितामाथि निरन्तर रूपमा भरोसा राख्नुभयो ।

शैतानले ती सबै कुराहरू देखिरहेको थियो । परमेश्वरले निषेध गर्नुभएको फल खानलाई त्यसले आदम र हव्वालाई परीक्षामा पारेको थियो, र तिनीहरू भोकाएको नभए तापनि, जसो तसो तिनीहरूले फल खाइदिए । तर येशूले करिब छ हप्तासम्म न त केही खानेकुरा खानुभयो, न त पानी पिउनुभयो, र अब उहाँ धेरै भोकाउनु भएको थियो । अब उहाँलाई परीक्षामा पार्ने शैतानको पालो आयो, र त्यसका लागि त्यसले होसियारीपूर्वक योजना बनायो । मत्ती ४:२ पढ्नुहोस् ।

जब येशूले खानेकुराको बारेमा सोच्दै हुनुहुन्थ्यो, अचानक एउटा सुन्दर र उज्यालो ज्योति बोक्ने स्वर्गदूत उहाँको छेवैमा देखा परे । तिनी को थिए त? तिनी त्यहाँ किन आए त? के तिनी उहाँलाई सहयोग गर्न आएका थिए त? येशूले प्रतीक्षा गर्नुभयो । जब त्यो स्वर्गदूतले बोल्न थाल्यो, तब तिनको सोर नरम र मधुर थियो । परमेश्वरले उहाँलाई जाँच लिनुभएको हो भनी उसले बतायो; र अब उहाँको परीक्षा सकिसकेको छ भनी उहाँलाई खबर गर्न परमेश्वरले तिनलाई पठाउनु भएको कुरा त्यसले बतायो । अब उहाँले भोजन ग्रहण गर्न सक्नुहुन्छ भनी त्यसले बतायो । त्यो कुराले एकदम आनन्दित महसूस गराउँथ्यो । अनि उसले केही ढुङ्गाहरूतिर औंल्यायो, जुन चाहिँ जौं को रोटी आकारको जस्तै थियो । उसले के भन्यो त?

त्यो स्वर्गदूत परमेश्वरका स्वर्गदूत होइनन् भन्ने कुरा येशूले तुरून्तै चाल पाउनु भयो । त्यो शैतान नै हो भन्ने कुरा येशू जान्नुहुन्थ्यो । तुरून्तै येशूले धेरै समय अघि शिक्षा लिनुभएको बाइबलको वचन भनेर उत्तर दिनुभयो । पद ४ पढ्नुहोस् ।

त्यो स्वर्गदूत को थियो भन्ने कुरा कसरी येशूले चाल पाउनु भयो त? शैतानले भनेको थियो, "यदि तपाईं परमेश्वरको पुत्र हो भनेदेखि ।" उहाँ परमेश्वरको पुत्र हो कि होइन भनी उहाँले अचम्म मान्नुपर्ने जरूरत थिएन । उहाँको बप्तिस्मामा, परमेश्वर आफैंले त्यसो भन्नु भएको थियो । उहाँ को हुनुहुन्छ

भन्ने कुरा शैतानलाई प्रमाणित गरी देखाउनलाई उहाँले कहिल्यै पनि आफ्नो शक्तिको प्रदर्शन गर्नुहुन्न, अथवा आफ्नै सहयोगको निम्ति पनि उहाँले आफ्नो शक्तिको प्रयोग गर्नुहुन्न । परमेश्वर माथि भरोसा गर्नु र उहाँको आज्ञा पालन गर्नाले साँचो र अनन्त जीवन प्राप्ति हुन्छ, तर खानेकुरा खाएर अनन्त जीवन प्राप्ति हुँदैन ।

**सोच्नुहोस्:** कुनै-कुनै फोटाहरूमा शैतानलाई सिङ् र पुच्छर हालेर कुरूप देखाइन्छन्, तर त्यो अझै एउटा शक्तिशाली स्वर्गदूत हो । त्यो एउटा कुरूप दैत्य जस्तो देखिँदैन । येशूले त्यसलाई भन्नुभएको शब्दहरू के तपाईं याद गरेर भन्न सक्नुहुन्छ? त्यसको अर्थ के हो त?

## बुधबार

**४**

शैतान धेरै क्रोधित र निराश थियो, तर त्यसले आफ्नो रिस देखाएन । अर्को कुरा, त्यसले येशूलाई पापमा डुबाउन अर्को उपायको बारेमा सोच्न थाले, र अझै पनि तिनले आफू स्वर्गबाट ओर्लेको स्वर्गदूत झैं बहाना बनाए ।

येशूले पिता परमेश्वरमाथि भरोसा गरिरहनु भएको छ कि छैन भनी शैतानले उहाँलाई केवल परीक्षामा मात्र सीमित राखेको तिनले बताए । अब, शैतानले येशूलाई अर्को परीक्षामा पार्न चाह्यो, ताकि परमेश्वरले उहाँको ख्याल राख्नुहुन्छ भन्ने कुराको विश्वास उहाँमा छ कि छैन भनी उहाँले प्रमाणित गरेर देखाउनुहुनेछ । शैतानले येशूलाई कहाँ डोऱ्याएर लगे त? मत्ती ४:५, ६ पढ्नुहोस् ।

त्यो समयमा, येशूलाई परीक्षामा पार्नका लागि शैतानले बाइबलमा लेखिएका केही वचनहरूको बारेमा सोध्यो । त्यहाँ "यदि" भन्ने शब्द फेरि दोहोरियो । उहाँ साँच्चै नै परमेश्वरको पुत्र हो कि होइन भनी शैतानले येशूलाई द्विविधामा पार्न खोज्दै थियो । तर उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरा येशू जान्नुहुन्थ्यो ।

यदि उहाँले शैतानको आज्ञालाई मान्नुभयो भनेदेखि, कि त उहाँले परमेश्वरले जस्तै आफ्नो शक्ति प्रदर्शन गर्नुपर्नेछ, अथवा उहाँको स्वर्गीय पिताले उहाँलाई बचाउनलाई केही आश्चर्यमय काम गर्नुपर्नेछ भनेर उहाँले एकपल्ट विचार गर्नुभयो ।

शैतानलाई केही कुरा प्रमाणित गरी देखाउन आवश्यक छैन भन्ने कुरा येशू जान्नुहुन्थ्यो । फेरि येशूले बाइबलबाट नै उत्तर दिनुभयो । यो समय उहाँले के भन्नुभयो त? पद ७ पढ्नुहोस् ।

अब, शैतान भयभीत हुनथाल्यो । येशूलाई मूर्ख बनाउन सकिँदैन भन्ने कुरा शैतानलाई थाहा भयो । त्यसैले त्यसले असल स्वर्गदूतले झैं बहानाहरू बनाउन बन्द गऱ्यो । तर शैतानले हरेश खाएन । येशू त्यो उजाड-स्थानमा करिब छ हप्तासम्म रहनुभयो । उहाँ धेरै कमजोर र भोकाउनु भएको थियो, उहाँको मुहार पहेँलो भएको थियो, र उहाँको शरीर दुब्लो र पातलो थियो । अचानक, उहाँको आँखाको ठिक अगाडिपट्टि उहाँले के देख्नुभयो त? पदहरू ८, ९ पढ्नुहोस् ।

**सोच्नुहोस्:** हाम्रो कथामा, शैतानको आज्ञा मान्नुको सट्टामा बरू मर्न तयार छौं भनी के अरू मानिसहरूले प्रमाणित गरेर देखाएका छन् त? के येशूले पनि उही अठोट गरिरहनु भएको थियो, जसरी हामीले अठोट गरिरहेका छौं?

## बिहीबार

**५**

धेरै समयसम्म, येशूले खानपान नगरिकन धेरै कमजोर बन्नु भए तापनि, यदि उहाँले घोप्टो परेर शैतानलाई दण्डवत् गर्नुभयो भने, संसारका सबै राज्य र तिनको वैभव उहाँलाई नै दिनेछु भनी शैतानले उहाँलाई परीक्षामा पार्न खोज्यो । तर येशूले हाम्रो संसार सृष्टि गर्नुभएको थियो, त्यसैले सृष्टिका ती यावत् थोकहरू शुरूदेखि नै उहाँकै अधीनमा छन्; उहाँले ती सबै थोकहरू शैतानलाई दिनुभएको थिएन । तर शैतानले यो संसारलाई आफ्नो वशमा पारेको छु भन्ने कुरामा शैतान विश्वस्त हुन चाह्यो, किनकि संसारमा सबैजनाले पापपूर्ण काम गरिरहेका थिए । तर मानिसहरूको राज्यमाथि सर्वाधिकार सर्वोच्चको छ, अनि यो संसारभित्रका थोकहरूमा शैतानको कुनै अधिकार छैन भन्ने कुरा येशू जान्नुहुन्थ्यो । दानिएल ४:१७ पढ्नुहोस् ।

यस पापपूर्ण संसारमा शैतान र त्यसको राज्यबाट हामीलाई बचाउनका निम्ति येशू यस पापी संसारमा मानवको अवतार लिएर आउनुभयो, र येशूले हाम्रो निम्ति सबै कामहरू गर्नुभयो । उहाँले हाम्रो सम्पूर्ण पापहरू मेटाइदिनु भएपछि, हामी परमेश्वरको राज्यको भागी हुने र उहाँले बनाउनु हुने सिद्ध संसारमा जीउने निश्चय गर्न सक्छौं ।

फेरि येशूले शैतानलाई बाइबल धर्मशास्त्रबाट नै उत्तर दिनुभयो । उहाँले उही वचनहरू बोल्नुभयो, जुन वचन धेरै समय अघि अगमवक्ता मोशाद्वारा उहाँ आफैंले आफ्ना जनहरूलाई दिनुभएको थियो । मत्ती ४:१० पढ्नुहोस् ।

क्रोध र हारसँगै शैतान त्यहाँबाट जानुपऱ्यो । पद ११ पढ्नुहोस् ।

स्वर्गदूतहरूले ती सबै कुराहरू हेरिरहेका थिए । अब अन्तमा, तिनीहरूले उहाँलाई सहयोग गर्ने मौका पाए । येशू जमिनमा ढल्नुभयो, र उहाँको प्राण जानै लागेको जस्तो लाग्थ्यो । प्रेम र कोमलतापूर्वक स्वर्गदूतहरूले उहाँको सेवा-टहल गरे । जब तिनीहरूले उहाँलाई भोजन ग्रहण गर्न दिनुभयो, फेरि उहाँको शक्ति फर्केर आयो । उहाँले हाम्रो निम्ति धेरै ठूलो विजय हासिल गर्नुभयो ।

स्वर्गदूतहरू कति धेरै हर्षित भएको हुनुपर्छ ! कुनै मद्दत नगरी हेरेर मात्र बस्नु पर्दा तिनीहरूलाई धेरै गाह्रो भइरहेको थियो । परमेश्वरलाई पनि ती सबै दृश्यहरू हेर्नुपर्दा उहाँलाई पनि गाह्रो भइरहेको थियो होला ! तर अब, परीक्षा सकिसकेको छ । दुष्ट र निर्दयी शैतानले लज्जास्पद हार व्यहोर्नुपऱ्यो, र

येशूले जित हासिल गर्नुभयो ।

**सोच्नुहोस्:** यदि हामीले शैतानको आज्ञा मान्नलाई इन्कार गऱ्यौं भने, के ऊ हामीबाट भाग्नेछ? याकूब ४:७ पढ्नुहोस् । मद्दतको निम्ति हामी येशूको साथमा रहँदा र हर पल उहाँको आज्ञा पालन गर्ने निश्चय गर्दा, शैतानले हामीलाई छोडेर भाग्नु नै पर्नेहुन्छ । के हामीले पनि येशूले झैं, बाइबल धर्मशास्त्रबाट उत्तर दिन सक्छौं त? के तपाईंले त्यसो गर्न सिकिरहनु भएको छ त?



## शुक्रबार

**६**

शैतानले अपनाएका तीनवटा परीक्षाहरू के-के थिए? यदि तपाईंले कुनै पनि पदहरू याद गर्न सक्नुभएन भनेदेखि, त्यसको लागि मत्ती ४:३–१० पढ्नुहोस् ।

शैतानले हाम्रो निम्ति ल्याउने परीक्षाहरू भनेको त्यसले येशूको निम्ति अपनाएका तीनवटा परीक्षाहरूमध्ये एउटा परीक्षा जस्तै हो । १ यूहन्ना २:१६ पढ्नुहोस् । आदम र हव्वाले पाप गरेदेखि, हामी स्वभाविक रूपले नै स्वार्थी बन्न पुगेका छौं । हामी स्वभाविक रूपले नै आफूलाई सन्तुष्ट पार्न खोज्छौं, र हरेक परीक्षाले हामी आफैंलाई खुशी पार्दछ । हामी यी कुराहरूको बारेमा विचार गरौं ।

पहिलो परीक्षा खानपानको बारेमा हो – खानेकुराहरू, जुन हामी खाने इच्छा गर्दछौं । आदम र हव्वालाई आफ्नै इच्छा अनुसार चल्न र परमेश्वरले निषेध गर्नुभएको फल खानलाई शैतानले तिनीहरूलाई परीक्षामा पाऱ्यो, र त्यसबेलादेखि, मानिसको शरीरलाई हानि पुग्ने खालका चिजहरू खान र पिउन शैतानले मानिसहरूलाई परीक्षामा पारिरहेको छ, र चुरोट तान्ने जस्ता कुलतहरूमा मानिसहरूलाई फसाउन पनि शैतानले परीक्षामा पार्दछ, जुन चिजले मानिसहरूको शरीरलाई हानि गर्दछ ।

कहिलेकाहिँ हामीले चाह गरेका कुराहरू हाम्रो निम्ति असल हुन सक्छ ; तर हाम्रो आमा-बुबाले हामीलाई रोक्नुहुन्छ अथवा "पर्ख, त्यो नगर" भन्नुहुन्छ । हाम्रो निम्ति के असल छ र के खराब छ भन्ने कुराहरूको ज्ञान हाम्रो आमा-बुबासित छ, र जब हामी उहाँहरूमाथि भरोसा गर्छौं, र उहाँहरूको आज्ञा मान्छौं, तब हामी येशू जस्तै हुनेछौं, जसरी उहाँले पनि भोकाउनु भएको बेलामा, परमेश्वरमाथि भरोसा गर्नुभएको थियो ।

दोस्रो परीक्षा, यदि हामीले गर्न नहुने खालको कामहरू जानी जानी गर्छौं भने, परमेश्वरले हाम्रो ख्याल राख्नुहुन्छ भनेर मनमा विचार गर्नुहुँदैन भनी येशूले हामीलाई प्रष्टसँग बुझाउन खोज्नु भएको छ । जब हामी आफ्नै इच्छा अनुसारको मार्गलाई पछ्याउने निश्चय गरिरहेका हुन्छौं, त्यसबेला हामी परमेश्वरको आज्ञा अनुसार चलिरहेका छौं भनेर हामीले सोचेका होऔं भनी शैतानले चाहन्छ । जबसम्म हामी हाम्रो आमा-बुबाहरूको आज्ञालाई पालना गरिरहेका हुन्छौं, तब अलिकति आज्ञाको उल्लङ्घन गर्दैमा केही फरक पर्दैन भनी हामी कहिलेकाहिँ सोच्ने गर्दछौं । तर के त्यो सही कुरा हो त? अँहँ, त्यो बिल्कुलै सही कुरा होइन ।

हाम्रो आमा-बुबाहरूले जस्तै पिता परमेश्वरले पनि हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो रेखदेख गर्नुहुन्छ; तर यदि हामीले मूर्ख भएर गलत कामहरू गर्न पुग्यौं भनेता, अथवा कुनै जघन्य अपराध गर्न पुग्यौं भनेता, उहाँले दु:ख मान्नुहुन्न भनेदेखि, उहाँले हाम्रो ख्याल राख्नुहुन्छ भनेर भन्नुको केही अर्थ रह्यो त? परमेश्वरले दु:ख मान्नुहुन्छ भन्ने कुरामा के तपाईं आभारी हुनुभएको छ? त्यसकारण हाम्रो निम्ति के असल छ भन्ने कुरा बाइबल धर्मशास्त्रबाट येशूले हामीलाई प्रष्टसँग बुझाउनु हुन्छ ।

तेस्रो (अन्तिमा) परीक्षा, जसले हामीलाई घमण्डी नबन्नू भन्ने याद दिलाउँदछ । जब हामी परमेश्वर र उहाँको दश आज्ञालाई पालन गर्ने चाह गर्नुको सट्टामा, अरू नै थोकहरूको चाह गर्छौं, र परीक्षामा पर्छौं, तब हामी स्वार्थी बन्न पुगेका हुन्छौं, र प्राय: स्वार्थी मानिसहरू घमण्डी पनि हुन्छन् ।

घमण्डले, हामी अरू मानिसहरूभन्दा धेरै असल छौं भन्ने खालको सोंचहरूको विकास गर्छ । घमण्डले, हामी सबै कुराहरूमा निपूर्ण छौं, र केही कुराको निर्णय लिनलाई र सहायताको लागि हामीलाई कसैको खाँचो छैन भन्ने खालको सोंच हामीमा आउँदछन् । तर घमण्डीपनले हामीलाई कहिल्यै पनि खुशी बनाउँदैन । कसरी हामी साँचो तरिकाले खुशीसाथ रहन सक्छौं भनी येशूले हामीलाई मार्गदर्शन गर्नुहुन्छ भन्ने कुरामा के तपाईं कृतज्ञ हुनुभएको छैन?

## अधिक अध्ययनका निम्ति:

मत्ती ४:१–११; लूका ४:१–१३; द डिजायर अफ एजेज, पेज ११४–१३१; द बाइबल स्टोरी, भोल्युम ७, पेज १०९–११८ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com


## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

दोस्रो वर्ष

त्रैमासिक–३, पाठ–८

# चेलाहरूको बोलावट



**याद गर्नुपर्ने पदः**

"उहाँले भन्नुभए बमोजिम तिमीहरूले गर ।"

– यूहन्ना २:५

## आइतबार

**१** बप्तिस्मा दिने यूहन्ना येशूको बारेमा सोचेर अचम्म मानिरहेका थिए । उहाँ कहाँ हुनुहुन्थ्यो? उहाँ कहाँ जानुभएको थियो त? आफू को हुँ भन्ने कुरा मानिसहरूलाई बताउन उहाँ किन फर्कनु भएन त?

तिनले येशूलाई बप्तिस्मा दिएको दिनदेखि, यूहन्नाले धेरै नै भविष्यवाणीहरूको अध्ययन गरिरहेका थिए । सायद मसीह नै "एउटा थुमा जस्तै" हुनुहुनेछ भन्ने भविष्यवाणीको बारेमा विचार गर्दै थिए होलान् । यशैया ५३:७ पढ्नुहोस् । त्यसको अर्थ के थियो त? तिनले सही तरिकाले बुझ्न सकेका थिएनन् । तर तिनले वचन प्रचार गरी नै रहे, र मानिसहरू उहाँको वचन सुन्नलाई निरन्तर रूपमा आइरहे ।

एकदिन, यूहन्नाको बारेमा सोधपुछ गर्न भनी केही पूजाहारीहरू येरूशेलेमबाट उनीकहाँ आए । के तिनी एलिया थिए? अथवा के तिनी मोशा थिए? अथवा के तिनी मसीह थिए? यूहन्नाले आफू को हुँ भनी बताए त? यूहन्ना १:२३ पढ्नुहोस् ।

अनि, पूजाहारीहरूले अर्को प्रश्न सोधे । पद २५ पढ्नुहोस् ।

जब पूजाहारीहरूले यूहन्नाको जवाबको प्रतस्क्षा गरिरहेका थिए, तब उनीहरूले तिनलाई मानिसहरूको भीडमा हेर्दै गरेको देखे । अनि तिनले चिनिसकेका थिए । उहाँ येशू हुनुहुन्थ्यो । येशू फर्कनु भएको थियो । जसरी यूहन्नाले खुशीसाथ आफ्नो हात पसारेर औंल्याउँदै भने । तिनले के भने त? पदहरू २६, २७ पढ्नुहोस् ।

पूजाहारीहरूले आफ्नो वरिपरि हेरे । तर तिनीहरूले सोचे जस्तो कुनै महत्वपूर्ण व्यक्तिलाई तिनीहरूले देखेनन् । उहाँ नै मसीह हुनुहुन्छ भनी कसैले पनि आफ्नो बोली फुटाएनन् । वास्तवमा, केही विशेष घटना नभए जस्तै गरी येशूले यूहन्नाका चेलाहरूसित शान्तसँग कुरा गर्दै रहनुभयो ।

अर्को दिन पनि त्यस्तै भयो । त्यस पटक, जब यूहन्नाले येशूतिर औंल्याउँदै भने, तब तिनको मुहार नै उज्यालो भएको मानिसहरूले देखे । तिनले के भने त? पदहरू २९–३४ पढ्नुहोस् ।

मानिसहरूले येशूलाई एकटक लाएर हेर्न लागे । उहाँ अग्लो देखिनु भए तापनि, आम मानिसभन्दा फरक देखिनु हुन्नथ्यो । के साँच्चै उहाँ नै हुनुहुन्थ्यो, जसलाई तिनीहरूले लामो समयदेखि पर्खिरहेका थिए?

**सोच्नुहोस्ः** यदि तपाईं त्यहाँ हुनुभएको भए, र कुनै राजालाई हेर्नलाई मौका खोजिरहनु भएको भए, अथवा कोही विशिष्ट व्यक्तिलाई तपाईंले देख्नु भएको भए, तपाईंले कस्तो महसूस गर्नुहुन्थ्यो होला भन्ने तपाईंले सोच्नुभएको छ?

## सोमबार

**२** जब यूहन्नाले येशूलाई बप्तिस्मा दिइरहेका थिए, तब केही मानिसहरूले सुनिरहेका थिए । केही मानिसहरूले उज्यालो ज्योति पनि देखे, र परमेश्वरले बोल्नु भएको वाणी सुने । तर अब, येशू त्यस्तो देखिनुहुन्नथ्यो । उजाड-

स्थानमा चालीस दिनसम्म बिना भोजन बस्नु भएकाले उहाँको रूप नै बेग्लै भइसकेको थियो । केवल यूहन्नाले मात्रै उहाँलाई चिन्न सके ।

येशूले गरिब र आम मानिसले जस्तै वस्त्र लगाउनु भएको थियो । तर उहाँ कति दयालु र भलाद्मी हुनुहुन्थ्यो भन्ने कुरा कसैलाई थाहा थिएन । त्यसैबखत, उहाँको बारेमा केही महत्वपूर्ण कुरा भए । मानिसहरू द्विविधामा पर्न लागे । धेरैजना निराश बन्न पुगे । तिनीहरू सबैजना आश्चर्यचकित भए!

अर्कोदिन, जब येशू गइरहनु भएको थियो, तब यूहन्ना आफ्ना दुईजना चेलाहरूको साथमा उभिरहेको थियो । यूहन्ना १:३५, ३६ पढ्नुहोस् ।

ती दुईजना चेलाहरू अन्द्रियास र यूहन्ना थिए । फेरि, बप्तिस्मा दिने यूहन्नाले उही शब्दहरू बोल्दै गरेको तिनीहरूले सुने, "हेर, परमेश्वरका थुमा!" ती शब्दहरूको अर्थ के थियो त? बप्तिस्मा दिने यूहन्नालाई पनि निश्चित रूपले थाहा थिएन । त्यतिखेरै, तिनीहरूले के गर्ने निर्णय गरे त? पदहरू ३७–३९ पढ्नुहोस् ।

तिनीहरू येशूको साथमा उहाँ बस्नु हुने स्थानमा गए । अनि, अन्द्रियासले आफ्ना भाइ सिमोन पत्रुसलाई येशूको बारेमा बताउन आतुरी भए । पदहरू ४०, ४१ पढ्नुहोस् ।

मसीह! सिमोन पत्रुस येशूलाई भेट्न आतुरी भए । तिनी तुरून्तै आफ्ना दाजु अन्द्रियासको साथमा येशूकहाँ गए । जब येशूले सिमोन पत्रुसलाई हेर्नुभयो, तब सिमोन पत्रुसको बारेमा तुरून्तै पवित्र आत्माले येशूलाई बताउनु भयो । सिमोन पत्रुसले धेरै कुराहरू सिक्नुपर्ने जरूरी छ भन्ने कुरा येशूले त्यतिखेरै थाहा पाउनु भयो । तर कुनै दिन सिमोन पत्रुस परमेश्वरका निम्ति एउटा सच्चा दास हुनेछन् भन्ने कुरा येशू जान्नुहुन्थ्यो, र उहाँले सिमोन पत्रुसलाई अति प्रेम गर्नुभयो । उहाँले सिमोनलाई के नयाँ नाउँ दिनुभयो त? पद ४२; मत्ती १६:१७, १८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** के येशू हामी हरेकको बारेमा सबै कुराहरू जान्नुहुन्छ त? के उहाँले पत्रुसलाई प्रेम गर्नुभए झैं, हामी सबैलाई प्रेम गर्नुहुन्छ?

## मंगलबार

३

येशूको साथमा तीनजना मानिसहरू भइसकेका थिए, जो उहाँको चेला बन्न चाहन्थे; तिनीहरू यूहन्ना, अन्द्रियास र पत्रुस थिए । अन्द्रियास र पत्रुसले आफ्ना मित्र फिलिपको बारेमा येशूलाई सुनाएकै हुनुपर्छ, जो चाहिँ बेथसेदा भन्ने शहरको निवासी थिए । त्यसपछि येशूका चारजना चेलाहरू भए । यूहन्ना १:४३, ४४ पढ्नुहोस् ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

अर्कोकुरा, फिलिपले आफूले चिनेका अर्को एकजना मानिसको बारेमा विचार गरे? पद ४५ पढ्नुहोस् ।

जब बप्तिस्मा दिने यूहन्नाले, "हेर, परमेश्वरको थुमा!" भनेर बोलेको बेलामा नथानेल पनि त्यहीं थिए । तर, जब उनले येशूलाई हेरे, तब उनी धेरै नै निराश बन्न पुगेका थिए । येशू त्यस्तो पटक्कै देखिनुहुन्नथ्यो, जस्तो कि उनले आशा गरेका थिए । कसरी उहाँ नै मसीह हुन सक्नुहुन्छ र? तर पवित्र आत्माले नथानेलको हृदयमा निरन्तर रूपमा बोल्दै हुनुहुन्थ्यो, र उनले ती सबै कुराहरूको बारेमा अचम्म मान्दै थिए; र जब फिलिपले नथानेललाई भेटेका थिए, तब उनी अञ्जीरको रूखमुनि बसेर त्यसको बारेमा प्रार्थना गरिरहेका थिए । तिनीहरूले मसीहलाई भेट्टाएको कुरा फिलिपले बताउँदै थिए । उहाँ नासरतबाट हुनुहुन्छ भनी जब फिलिपले बताए, तब त्यो शहर कति बिग्रेको र पापपूर्ण छन् भन्ने कुरा नथानेलले विचार गर्दै थिए । नासरत भन्ने शहरको बारेमा सबैलाई ज्ञात थियो । पद ४६ पढ्नुहोस् ।

फिलिपले त्यस विषयमा बहस गर्न चाहेनन् । येशूसित भेट गर्न र आफ्नो निर्णयको बारेमा बताइदिन भनी तिनले नथानेललाई अनुरोध गरे ।

जब येशूले नथानेललाई हेर्नुभयो, तब तिनी परमेश्वरलाई साँचो प्रेम गर्ने र सत्यताको बारेमा जान्ने इच्छुक व्यक्ति भएको कुरा येशूले तुरून्तै थाहा पाउनुभयो । येशूले तिनको बारेमा बोल्नुभएको कुरा सुनेर नथानेल छक्क परे । पदहरू ४७–४९ पढ्नुहोस् ।

त्यसबेला सम्ममा येशूको साथमा पाँचजना चेलाहरू भएका थिए, जसले परमेश्वरले नै येशूलाई यो पापमय संसारमा पठाउनु भएको हो भन्ने कुरामा विश्वास गरे । शुरूमा, थोरै मानिसहरूले मात्र त्यो कुरालाई विश्वास गरे । तर ती पाँचजना चेलाहरू ख्रीष्टियान मण्डलीहरूको शुरूवात् गर्ने मानिसहरू थिए, जसले येशूमा पूर्ण रूपले विश्वास गरेका थिए । त्यो चाहिँ एउटा सानो झुण्डबाट शुरू हँदै थियो, तर पछि गएर त्यो बढ्दै गयो ।

**सोच्नुहोस्:** अहिले लाखौं लाख मानिसहरूले येशूको बारेमा सुसमाचार सुनिरहेका छन् । मानिसहरूले कुन-कुन माध्यमबाट येशूको बारेमा सुसमाचार सुनिरहेका छन् त?

## बुधबार

४

के तपाईंलाई विवाहको उत्सव मनाउने इच्छा लाग्छ? येशू पनि विवाह उत्सवमा उपस्थित हुनुभयो । येशू र उहाँका चेलाहरूले काना नगरमा एउटा विवाह उत्सवमा निम्तो पाउनु भएको थियो, जुन ठाउँ नासरतबाट धेरै टाढा थिएन; र येशूले त्यो विवाहमा उपस्थित

हुने निर्णय लिनुभएको थियो । बेहुला र बेहुली उहाँका परिवारका नातेदारहरू थिए, र उहाँकी आमा मरियमले काममा सहयोग गरिरहेकी थिइन्, र येशूले आफ्नी आमालाई त्यहाँ देख्नु भएको थियो ।

मरियम पनि उत्साहित थिइन् । तिनले येशूलाई झण्डै दुई महिना अघिदेखि देखेकी थिइनन् । तर तिनले उहाँको बप्तिस्मामा उज्यालो ज्योति र स्वर्गबाट आवाज आएको बारेमा सुनेकी थिइन् । येशू उजाड-स्थानमा एक्लै रहनुभएको कुरा जब तिनले सुनिन्, तब उहाँलाई धेरै खतरा हुन सक्छ भनेर मरियम चिन्ताले व्याकुल बन्न पुगेकी थिइन् ।

योसेफको मृत्यु भइसकेको थियो । अब, आफ्नो सुख दुःख साटासाट गर्नलाई मरियमको साथमा कोही थिएनन् । येशू जन्मनु अघि, स्वर्गदूतले भनेका कुराहरूलाई तिनले बारम्बार सम्झना गरि रहन्थिन् । उहाँ नै साँचो मसीह हुनुहुन्छ भनेर देखाउनलाई त्यहाँ भइरहेका धेरै घटनाहरूको बारेमा मरियमले विचार गरिन् । तर धेरैपल्ट तिनले अचम्म पनि मानिन् । आफू को हुनुहुन्छ भन्ने कुरा येशूले किन प्रमाणित गरेर देखाउनु भएन?

जब येशू त्यो विवाह उत्सवमा आइपुग्नुभयो, तब उहाँ अझै पनि मरियमको प्रिय पुत्र नै हुनुहुन्थ्यो । तर उहाँ फरक पनि देखिनुहुन्थ्यो । उहाँको शरीरको तौल घटेको थियो । त्यहाँ उहाँको बारेमा केही कुराहरू भएका थिए, जुन कुराले मानिसहरूले उहाँलाई आदर र सम्मानसाथ हेर्न विवश भएका थिए । उहाँका चेलाहरूले उहाँलाई "गुरूज्यू" भनेर बोलाएको मरियमले सुनेकी थिइन् । उहाँको बारेमा सुनेका कुराहरूको बारेमा मानिसहरूले एक-अर्कासित कानेखुशी गरिरहेका थिए । आमा मरियमले उहाँप्रति गर्व गरिन् । अब, उहाँ नै मसीह हुनुहुन्छ भनी प्रमाणित गरी देखाउनलाई उहाँले नै केही गर्न गइरहनु भएको थियो ।




जब विवाहको भोज सकिन लागिरहेको थियो, तब त्यहाँ एउटा ठूलो समस्या देखा पर्न लागेको थियो । मानिसहरू दाखमद्यका लागि दौडधूप गरिरहेका थिए । कस्तो अपमानजनक कुरा! तर अब, मरियमले जुन कुराका प्रतीक्षा गरेर बसिरहेकी थिइन्, त्यसैको पालो आएको थियो । तिनले के गरिन् त? यूहन्ना २:३, ४ पढ्नुहोस् ।

**सोच्नुहोस्ः** येशूले आफ्नी आमा मरियमलाई जे बोल्नुभयो, के त्यो अव्यावहारिक देखिन्छ? अँहँ, त्यो अव्यावहारिक थिएन । त्यो समयमा, त्यस्तो खालको व्यवहार धेरै नम्र व्यवहार मानिन्थ्यो । अहिले, प्रायजसो हामी यसो भन्ने गर्छौं, "प्यारी आमा, किन तपाईंले मसित सहयोग माग्दै हुनुहुन्छ? मेरो लागि राजा बन्ने समय अझै आएको छैन ।" तर मरियमले आफ्नो पुत्र येशूमाथि भरोसा गर्न सकिने कुरा तिनलाई थाहा थियो । तिनले चाकरहरूलाई के भनिन् त? पद ५ पढ्नुहोस् । के हामी सधैंभरि येशूमाथि भरोसा राख्न सक्छौं त? हो, हामी उहाँमाथि सधैं भरोसा राख्न सक्छौं ।

## बिहीबार

**५**

येशूले अचम्मका कामहरू गरेर देखाउनु हुनेछ भन्ने कुराको आमा मरियमले आशा लिएकी थिइन्, र उहाँले त्यो गरेरै देखाउनुहुनेछ भन्ने कुराको विश्वास तिनमा



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

थियो । के येशूले उहाँको विश्वासको सम्मान गर्नुभयो त? जब उहाँले आफ्नो वरिपरि हेर्नुभयो, तब उहाँले छ वटा ठूला-ठूला पानीका घ्याम्पाहरू देख्नुभयो । उहाँले चाकरहरूलाई के आज्ञा गर्नुभयो त? यूहन्ना २:६, ७ पढ्नुहोस् ।

किन येशूले तिनीहरूलाई घ्याम्पामा पानी भर्न आज्ञा गर्नुभयो भन्ने कुरामा चाकरहरू आश्चर्यचकित भएका हुनुपर्छ । तर येशूले अर्को जे आज्ञा गर्नुभयो, त्यसले तिनीहरूलाई त्यो भन्दा झन् धेरै आश्चर्यचकिन बनाइदियो । पद ८ पढ्नुहोस् ।

जब चाकरहरूले गिलासहरू भर्न लागे, तब तिनीहरूले आफ्नो आँखाले देखेका कुराहरूलाई विश्वासै गर्न सकेनन् । तिनीहरू दाखमद्यको निम्ति दौडधूप गरिरहेको कुरा भोजको मुखियालाई थाहा थिएन । जब चाकरहरूले दिएको पानी मुखियाले चाखे, तब तिनी छक्क परे । त्यो दाखमद्य कहाँबाट ल्याइएको थियो त? मुखियाले कहिल्यै पनि त्यति असल र स्वादिलो दाखमद्य चाखेका थिएनन् । तिनले तुरून्तै बेहुला-बेहुलीलाई बोलाउन पठाए । पद ९ पढ्नुहोस् ।

"तिमीहरूले असल दाखमद्य अहिलेसम्म किन

राखिछोडेछौ? हामीले पहिले असल दाखमद्य टक्र्याउँछौं, अनि मानिसहरूले निकै पिइसकेपछि मात्र कमसल दाखमद्य राखिदिन्छौं ।” मुखियाले सोधे । पद १० पढ्नुहोस् ।

मानिसहरू दाखमद्यका लागि दौडधूप गरिरहेको कुरा बेहुला-बेहुलीलाई पनि थाहा थिएन । बेहुलाले त्यो चमत्कारी दाखमद्य नचाखेसम्म त मुखियाले के को बारेमा बोलिरहेका थिए भन्ने बारेमा बेहुला बेहुलीलाई पनि थाहा थिएन । त्यो असल दाखमद्य कहाँबाट आयो त? तुरुन्तै मुखियाले थाहा पाउन चाहे ।

**सोच्नुहोस्:** त्यो चमत्कारी काम येशूले गर्नुभएको पहिलो चमत्कारी काम थियो । चाकरहरू पनि त्यसको बारेमा अरूलाई सुनाउन धेरै नै आतुर भए होलान् भन्ने के तपाईंलाई लाग्छ? येशूले गर्नुभएका धेरै नै अचम्मका कामहरूको बारेमा हामीलाई जानकारी छ । उहाँको बारेमा हामीले अरूलाई कसरी सुनाउन सक्छौं त?

## शुक्रबार


६

जब, त्यो विवाह उत्सवमा सबैजनाले दाखमद्य पिउँदै थिए, र त्यसको स्वादको बारेमा बखान गर्दै थिए, तब येशूले त्यो गर्नुभएको भनेर अरूले चाकरहरूबाट थाहा पाए । एकक्षण, तिनीहरू बाचचित गर्नमा व्यस्त भए । तिनीहरूले एकजना मानिसलाई बिर्सिसकेका थिए, जसले त्यो चमत्कारी काम गर्नुभयो । जब तिनीहरूले सम्झे, तब भोजका सबै मानिसहरू येशूलाई उत्सुकतासाथ हेर्दैथिए । तर उहाँले चूपचापसित विवाह भोजलाई छोडेर जानुभयो । उहाँका चेलाहरूलाई पनि उहाँ जानुभएको पत्तो नै भएन ।

अब मानिसहरू चेलाहरूको वरिपरी भीड लाग्न थाले । त्यो समय, येशूको बारेमा बातचित गर्नको लागि मानिसहरूले पहिलो मौका पाएका थिए, र उहाँ नै हुनुहुन्छ, जसलाई परमेश्वरले आफ्ना जनहरूका निम्ति बलिदान हुनलाई यो संसारमा पठाउनुभयो भन्ने कुरामा तिनीहरू सुनिश्चित बनेका कुरा मानिसहरूले अरूलाई पनि सुनाए । जब विवाह उत्सवमा आएका मानिसहरूले सुन्दै थिए, तब चेलाहरूले बताइरहेका सत्य कुराहरूले धेरै मानिसहरूमा आशा पलाउन थाल्यो ।

साँच्चै नै, त्यो चमत्कारको विषयमा शीघ्र रूपले चारैतिर हल्ला फिँजियो । यरूशलेमका मानिसहरूले पनि त्यस विषयमा सुने, र सुनेका मानिसहरूले मसीहको बारेमा बताइएका भविष्यवाणीहरूको बारेमा चाख लिएर अध्ययन गर्न शुरू गरे ।

**सोच्नुहोस्:** पहिलो चमत्कारले धेरै पाठहरू सिकाएका छन् । हामी केही कुराहरूको बारेमा विचार गरौं । येशू खुशीसाथ मानिसहरूसित रहनुभएर तिनीहरूलाई सहयोग गर्न रूचाउनु हुन्थ्यो । चमत्कारी काम गर्नलाई येशूले केवल वचन मात्र बोल्न सक्नुहुन्थ्यो, तर उहाँले अरूलाई सहयोग गर्न दिनुहुन्थ्यो । चाकरहरूले घ्याम्पाहरूमा पानी भरे, र येशूले गर्नुभएको चमत्कारी कामको बारेमा चाकरहरूले अरूलाई



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

सुनाए । येशूले तयार पार्नुभएको दाखमद्य शुद्ध र ताजा थियो । त्यस दाखमद्यमा रक्सी थिएन । रक्सीले हामीलाई हानि पुऱ्याउँदछ भन्ने कुरा येशू जान्नुहुन्थ्यो । त्यो चमत्कारले येशूकी आमा मरियम र उहाँका चेलाहरूमा येशूमाथिको विश्वास झन् बढ्यो । त्यसैले येशूमाथि निरन्तर रूपमा भरोसा राख्न यो कुराले हामीलाई पनि मद्दत पुऱ्याउँदछ ।

## अधिक अध्ययनका निम्ति:

यूहन्ना १:३५–५१; २:१–१२; द डिजायर अफ एजेज, पेज १३२–१५३; द बाइबल स्टोरी, भोल्युम ७, पेज ११९–१३३ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com


## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

दोस्रो वर्ष

त्रैमासिक–३, पाठ–९

# येशूले मन्दिरलाई शुद्ध पार्नुभएको



**याद गर्नुपर्ने पदः**
"तिमीहरूले मेरो शबाथ पालन गर, र मेरो पवित्रस्थानको आदर गर । म परमप्रभु हुँ ।" – लेवी २६:२

## आइतबार

१ बदाको समयमा, के तपाईं कुनै सुन्दर र रमणीय तालमा घुम्नका लागि जानुभएको छ? प्रभु येशूका शुरूका दुई चेलाहरू अन्द्रियास र पत्रुस बेथसेदा भन्ने शहरका थिए; तर पछि तिनीहरूको घर कफर्नहुममा थियो । ती दुईवटै शहरूहरू एउटा ठूलो समुद्रको सीमामा अवस्थित थियो, जसलाई गालीलको समुद्र भनेर भनिन्छ ।

काना नगरको विवाह उत्सवपछि, येशू केही समयका लागि कफर्नहुममा जानुभयो । उहाँको साथमा को-को गएका थिए त? यूहन्ना २:१२ पढ्नुहोस् ।

येशू उजाड-स्थानमा बस्नु भएको धेरै हप्तापछि, आफ्ना परिवार र चेलाहरूको साथमा कफर्नहुममा जानुहुँदा उहाँले धेरै रमाइलो, खुशी र आनन्द महसूस गर्नुभएको हुनुपर्छ । तर, चाँडै नै उहाँ यरूशलेममा जानुपर्ने बेला भएको थियो । किन होला त? पद १३ पढ्नुहोस् ।

येरूशलेम १०० किलोमिटर टाढा थियो, र त्यहाँ पुग्नलाई धेरै दिन लाग्थ्यो । येशू मानिसको एउटा ठूलो दलमा सामेल हुन पुग्नुभयो, जुन मानिसहरू निस्तार-चाडमा गइरहेका थिए । उहाँले अझै पनि आफ्नो बारेमा मानिसहरूलाई बताउनु भएको थिएन, त्यसैले जब उहाँ अन्य मानिसहरूको दलमा यात्रा गर्दै हुनुहुन्थ्यो, तब कसैले पनि उहाँमाथि विशेष ध्यान दिइरहेका थिएनन् । सायद तिनीहरूले बप्तिस्मा दिने यूहन्नाको बारेमा बातचित गर्दै थिए होलान्, र मसीहको आगमनको विषयमा बप्तिस्मा दिने यूहन्नाले भनेका कुराहरूको बारेमा बातचित गर्दै थिए होलान् ।

येशूले सुनिरहनु भएको थियो । तिनीहरू निराश बन्नेछन् भन्ने कुरा पनि येशू जान्नुहुन्थ्यो । मसीह तिनीहरूले सोचे जस्तो पटक्कै हुनेछैनन् । उहाँले भविष्यवाणीहरूको बारेमा विस्तृत रूपले वर्णन गर्नुभयो, र त्यस बारेमा अझ बढी गहिरिएर अध्ययन गर्न उहाँले तिनीहरूलाई भन्नुभयो ।

जब येशू यरूशलेममा आइपुग्नु भयो, तब उहाँ मन्दिरमा जानुभयो । त्यहाँ आफ्नै आँखाले देखेका कुरालाई उहाँले विश्वासै गर्न सक्नुभएन । त्यो ठाउँलाई पवित्र राख्नु पर्दथ्यो – जुन ठाउँमा मानिसहरू निरन्तर रूपमा स्तुति-आराधना गर्दथे, र विशेष समयमा निस्तार-चाड झैं उत्सव मनाउथे । तर त्यहाँ त धेरै होहल्ला भइरहेको र बजारमा व्यापार गर्नेहरूको जस्तो भीड देखिन्थ्यो ।

**सोच्नुहोस्ः** निश्चित रूपले तपाईंको मण्डली कहिल्यै पनि त्यस्तो हुनुहुँदैन । परमेश्वरको महिमा र प्रशंसा चढाउने ठाउँलाई हामीले कसरी व्यवस्थित राख्नुपर्छ त? उहाँको मन्दिर किन त्यस्तो थियो त?

## सोमबार

२ वर्षैपिच्छे, हरेक यहुदीहरूले विशेष गरी मन्दिरको हेरचाहको निम्ति केही निश्चित रकम दिनुपर्थ्यो । तिनीहरूले मन्दिरको लागि निरन्तर रूपमा पैसा ल्याउँथे, र त्यहाँ,

मन्दिरको रूपैंयालाई पैसा साट्नेहरूले किनबेचको रूपमा व्यापार गरिहेका थिए ।

निस्तार-चाडमा आउने मानिसहरूले बलिदानको लागि पशुहरू र ढुकुरहरू पनि ल्याउने गर्थे । तर टाढा-टाढाबाट आउने मानिसहरूले बलिदानको निम्ति केही ल्याउँदैनथे । त्यसैले, जब तिनीहरू येरूशलेममा आउँथे, तब तिनीहरूले बलिदानको निम्ति गोरू, भेंडा, र ढुकुरहरू किन्नु पर्थ्यो । पैसा साट्नेहरू र पशु बेच्नेहरूले धेरै दाम भन्दथे । अनि, नाफा भएको जति तिनीहरूले पूजाहारीहरूसित बाँड्थे । त्यसैले पूजाहारीहरूले तिनीहरूलाई परमप्रभुको मन्दिरको चोकमा व्यापार गर्ने अनुमति दिन्थे ।

मन्दिरको भवनको चोक र त्यहाँको वातावरण कस्तो देखिन्थ्यो होला भनेर के तपाईंले कल्पना गर्नुभएको छ? बलिदान गर्ने थोकहरूको मूल्य धेरै महँगो भएकाले पशुका मालिकहरू र किन्ने मानिसहरूले दामको बारेमा मोलमोलाई गर्थे । पैसा साट्नेहरूले तिनीहरूलाई छल गर्छन् भन्ने कुरा मानिसहरूलाई थाहा थियो । गोरूहरू बाँ-बाँ गरी कराउँदै थिए, भेंडाहरू म्याँ-म्याँ गरी कराउँदै थिए, चराहरू चिरबिर गरी कराउँदै थिए, र पैसाको लेनदेनको आवाज आइरहन्थ्यो । यूहन्ना २:१४ पढ्नुहोस् ।

येशूले त्यहाँको वरिपरीको माहौललाई नियालेर हेर्नुभयो । त्यहाँ धनाढ्य मानिसहरू, मध्यम वर्गीय मानिसहरूको साथै धेरै गरिब मानिसहरू पनि थिए, जो सँग खानको लागि पनि प्रशस्त पैसा हुँदैनथ्यो, र बलिदान चढाउँदैनथे । बलिदान नचढाउनेहरूलाई परमेश्वरले क्षमा दिनुहुन्न भनेर तिनीहरूलाई सिकाइएको थियो । त्यहीं हुर्के बढेका र बिरामी बाल-बालबालिकाहरू पनि त्यहाँ थिए । त्यहाँ अन्धा, बहिरा र लङ्गडा मानिसहरू पनि थिए । कस्तो दुःख र दरिद्रता! पूजाहारीहरूले तिनीहरूप्रति कुनै सहानुभूति देखाइरहेका थिएनन् । अब, त्यसको लागि केही गर्नुपर्छ भनी येशूले विचार गर्नुभयो ।

**सोच्नुहोस्:** येशूले के गर्ने गइरहनु भएको थियो त? कसरी एउटा मानिसले मात्र त्यहाँको माहौललाई परिवर्तन गर्न सक्नुहुन्छ र?

## मंगलबार

**३**

येशू आफ्ना पिताको घरमा हुनुहुन्थ्यो, र सबै कुराहरूलाई परिवर्तन गर्नुपर्छ भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो । उहाँले भुइँका केही डोरीका टुक्राहरूलाई उठाएर त्यसलाई कोर्रा बनाउनुभयो । जब उहाँ मन्दिरको खुड्किलामा उभिनुभयो, तब उहाँको मुहारमा निकै नै क्रोध थियो । उहाँको आँखाहरू चम्किरहेका थिए । सायद कसैले उहाँलाई औंल्याउँदै भनिरहेको थियो, र अरू मानिसहरूले उहाँलाई हेरे, र जब तिनीहरूले उहाँलाई हेरे, तब तिनीहरूले येशूको मुहारबाट आफ्नो नजर हटाउन सकेनन् । बिस्तारै-बिस्तारै, त्यहाँको वातावरण शान्त भयो । सबै जनाले चूपचापसित उहाँलाई हेरिरहेका थिए । तिनीहरू डराएका पनि थिए । अनि उहाँ बिस्तारै आफू चढेको खुड्किलाबाट तल ओर्लनुभयो । जब उहाँले कोर्रा उठाएर बोल्न लाग्नुभयो, तब सेनाहरूका सेनापति ठूलो सोरले कराए झैं, उहाँको आवाज ठूलो र सफा थियो । यूहन्ना २:१६ पढ्नुहोस् ।



जब उहाँ मानिसहरूको नजिक बढ्नुभयो, तब उहाँले कसैलाई पिट्नु भएन; तर, जब तिनीहरू अचानक त्यहाँबाट भागे, तब चाहिँ उहाँले तिनीहरूलाई थप्पड मात्र दिनु भए जस्तो लाग्थ्यो । किनबेच गर्ने लालची मानिसहरू भयभीत भए । पद १५ पढ्नुहोस् ।

तर सबैजना भागेनन् । केवल ती मानिसहरू, जसले गलत कामहरू गरिरहेका थिए, तिनीहरू मात्र त्यहाँबाट कुलेलाम ठोके । ती गरिब र दुःखी मानिसहरू, जसले सारा हृदयले परमेश्वरलाई प्रेम गर्थे, तिनीहरू पटक्कै डराएका थिएनन् । जब येशू तिनीहरूको नजिक जानुभयो, तब उहाँ नम्र बन्नुभयो, र उहाँले तिनीहरूप्रति दया र सहानुभूति देखाउनुभयो, सान्त्वना दिनुभयो र धेरैलाई निको बनाउनुभयो । तिनीहरू कति हर्षित भए, र तिनीहरूले उहाँको कति धेरै प्रशंसा गरे भन्ने कुरालाई के तपाईंले कल्पना गर्न सक्नुहुन्छ?

मूल बाटोहरूतिर, जो भागेका थिए, तिनीहरू मन्द गतिमा हिँड्दै थिए । पूजाहारी र शास्त्रीहरूले एक-अर्कालाई हेराहेर गरे । तिनीहरू किन भागे त? तिनीहरूलाई मन्दिर छोडेर जानू भनेर येशूले कसरी भन्ने साहस गर्नुभयो त? त्यसो भन्ने उहाँको के अधिकार थियो? बिस्तारै तिनीहरू फर्केर आए, र तिनीहरू मन्दिरमा फर्केर आएपछि, त्यहाँ तिनीहरूले भिन्नै आवाजहरू सुने! किन होला भनेर तिनीहरूले तुरुन्तै थाहा पाए । बिरामी मानिसहरू सबै निको भइसकेका थिए, र तिनीहरूले परमेश्वरलाई महिमा र प्रशंसा चढाउँदै थिए ।

ती लोभी पूजाहारी र शास्त्रीहरूले धेरै दुःखको महसूस गरेका हुनुपर्छ, र शर्ममा परेका हुनुपर्छ । येशूले गर्नुभएको चमत्कारी कामको लागि परमेश्वरलाई महिमा र प्रशंसा चढाउने काममा तिनीहरूले मानिसहरूलाई साथ दिनुपर्थ्यो । तर तिनीहरूले त्यसो गरेनन् । त्यसको सट्टामा, तिनीहरूको हृदय घृणा र इर्ष्याले भरिन पुग्यो । "तपाईंले यी कामहरू किन गर्नुहुन्छ, तपाईंले त्यो शक्ति र अधिकार कहाँबाट पाउनुभयो, यसको निम्ति हामीलाई के चिन्ह देखाउनु हुन्छ?" तिनीहरूले येशूसित यी प्रश्नहरूको जवाब मागे । पद १८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** जब येशूका चेलाहरूले यी सबै कुराहरू हेरिरहेका थिए, तब तिनीहरूलाई केही कुराको सम्झना भयो ।

पद १७ पढ्नुहोस् । परमेश्वरको भवन कस्तो देखिनुपर्छ, र कस्तो देखिनुहुँदैन भनेर त्यसदिन येशूले कसरी देखाउनु भयो? तपाईंको मण्डली पनि पवित्र राख्न र सबैलाई आशिषीत् तुल्याउन तपाईंले कसरी सहयोग गर्दै हुनुहुन्छ?

## बुधबार

**४** तिनीहरूलाई मन्दिरबाट धपाउने अधिकार उहाँलाई छ भनी जब पूजाहारी र शास्त्रीहरूले उहाँसित प्रमाण मागे, तब उहाँले दिनुभएको उत्तर के तिनीहरूले बुझे त? यूहन्ना २:१८–२१ पढ्नुहोस् ।

उहाँको उत्तरको अर्थ के होला भनेर चेलाहरू पनि द्विविधामा पर्न लागे । मसीहले आफ्नो प्राणको बलिदान दिनुहुनेछ भन्ने बारेमा कसैलाई पनि थाहा थिएन । केवल येशूले मात्र ती कुराहरू बुझ्नुहुन्थ्यो । त्यो घटनालाई देख्ने एउटा फरिसी व्यक्ति पनि त्यहाँ थिए, जसको नाउँ निकोदेमस थियो । तिनी चाहिँ सभाघरको एउटा धेरै नै महत्वपूर्ण व्यक्ति थिए । सभाघर भनेको एउटा यहुदी परिषद् हो, जसले नीति-नियमहरू बनाउँथ्यो । तिनीहरूले बनाएका नीति-नियमहरूको पालना नगर्ने मानिसलाई कस्तो सजाय दिनुपर्ने हो, सो कुराको निर्णय त्यो परिषद्ले गर्थ्यो । अरू मानिसहरूलाई पूजाहारी र शास्त्रीहरूको विरूद्धमा उक्साउने मानिसहरूलाई कस्तो सजाय दिनुपर्ने हो, सो कुराको निर्णय पनि त्यो परिषद्ले गर्थ्यो ।

निकोदेमस एउटा असल मानिस थिए । तिनले बप्तिस्मा दिने यूहन्नाको बारेमा पनि सुनेका थिए, र मानिसहरूले आफ्नो पापको पश्चाताप गरिरहेका छन्, र बप्तिस्मा लिइरहेका छन् भन्ने कुरामा पनि तिनी खुशी थिए । तर तिनले आफूले पनि पाप गरेको छु भनेर कहिल्यै सोचेका थिएनन् । तिनले पनि बप्तिस्मा लिनु आवश्यक छ भनेर तिनले सोचेका थिएनन् । तिनले सबै नीति-नियमहरू होसियारीसाथ पालना गरिरहेको छु भनी सोचेका थिए ।

त्यसदिन, मन्दिरमा भएको घटनालाई जब निकोदेमसले देखे, तब येशूले असल काम गर्नुभएको छ भनी तिनलाई थाहा थियो । जब बिरामी मानिसहरू निको भएको तिनले देखे, तब येशू परमेश्वरको आत्माद्वारा भरिपूर्ण हुनुहुन्छ भन्ने कुरामा तिनी सुनिश्चित थिए । त्यसैले येशूले मानिसहरूसित बातचित नगरून्, र आश्चर्यमय चिन्हहरू नदेखाउन् भन्ने हेतुले उहाँमाथि दवाब दिनलाई, जब पूजाहारी र शास्त्रीहरूले सभाघरमा निवेदन पेश गरे, तब निकोदेमसले तिनीहरूलाई चेताउनी दिए । अरू मानिसहरूका साथै तिनीहरूका मानिसहरू पनि बेबिलोनमा कैदी थिए, किनकि तिनीहरूले परमेश्वरको अगमवक्ताहरूको कुराहरू सुन्नलाई इन्कार गरेका थिए । यो कुरा अरू मानिसहरूका साथै निकोदेमसलाई पनि थाहा थियो । यदि येशू अगमवक्ता हुन् भनेर भनिएको भए के हुन्थ्यो होला? केही मानिसहरूले अचम्म मान्दै थिए । रोमीहरूको अधीनमा रहेर दु:ख भोगेको भन्दा पनि झन् धेरै ठूलो आपद्-विपद्हरू तिनीहरूमाथि आइपर्न सक्थ्यो ।

जब निकोदेमसले भविष्यवाणीहरूको बारेमा अध्ययन गरे, र जब तिनले येशूको शिक्षालाई सुने, तब येशू नै मसीह हुन् कि भनेर तिनले अचम्म मान्दै थिए । तर, येशू तिनीहरूले सोचेका मसीह जस्तो पटक्कै देखिनुहुन्नथ्यो । उहाँसँग बातचित गर्नलाई कुनै उपाय खोज्नुपर्छ भनेर तिनले विचार गरे । तर तिनले कसैलाई पनि त्यो कुरा थाहा दिन चाहेनन् । तिनका साथीहरूले के सोच्लान् त?

**सोच्नुहोस्:** यदि तपाईं निकोदेमस हुनुभएको भए, तपाईंले के गर्नुहुन्थ्यो होला भनेर तपाईंले सोच्नुभएको छ?

## बिहीबार

**५** येशू राती कहाँ बस्नुहुन्छ भनेर निकोदेमसले पत्ता लगाउन खोजे । अनि तिनले योजनाको बारेमा विचार गरे । तिनले येशूसित के बोल्ने भनी सोचे त? यूहन्ना ३:१, २ पढ्नुहोस् ।

जब येशूले निकोदेमसको कुरालाई सुन्नुभयो, तब तिनी त्यहाँ आउनुको मुख्य कारण पनि येशू जान्नुहुन्थ्यो । निकोदेमसको इच्छाको बारेमा पनि येशू जान्नुहुन्थ्यो । येशूले समय व्यर्थ फाल्नुभएन । सायद उहाँ निकोदेमसतिर ढल्किनुभयो होला, र उहाँले प्रेमसित आफ्नो हात निकोदेमसको काँधमा राखेर उनलाई हेर्नुभयो । पद ३ पढ्नुहोस् ।



निकोदेमस छक्क परे । के तिनले गलत कामहरू गरेका थिए भनेर येशूले भन्न लाग्नुभएको थियो? कुनै व्यक्ति कसरी दुईपल्ट जन्मन सक्छ? तिनलाई ती कुराहरू बकवास लाग्यो? पद ४ पढ्नुहोस् ।

येशूले निकोदेमससित बहस गर्नुभएन । परमेश्वरको राज्यमा प्रवेश गर्न चाहने हरेक व्यक्तिले उहाँमाथि भरोसा गर्नैपर्छ । उहाँमाथि भरोसा राख्ने व्यक्तिहरूले पनि गल्ती गर्न सक्छन्, तर येशूको मद्दतद्वारा दश आज्ञाहरूको पालना गर्न तिनीहरूले सकेजति प्रयास गनुपर्छ । परमेश्वरले हामीलाई अचम्मको विधि-विधानहरू दिनुभएको छ, र उहाँले हामीलाई अति धेरै प्रेम गर्नुहुन्छ भन्ने कुरा तिनीहरूलाई थाहा छ । शैतानले ती कुराहरूको बारेमा झूटा बयान दिन्छ भन्ने कुरा पनि तिनीहरूलाई थाहा छ । तर तिनीहरूले यो कुरा कहिल्यै बिर्सनुहुँदैन, कि परमेश्वरको राज्यमा प्रवेश गर्न येशूको पूर्ण आज्ञाकारितामा हामीले भरोसा राख्नुपर्दछ । निकोदेमसले तिनको आफ्नै आज्ञाकारितामा भरोसा गरिरहेका थिए । पद ५ पढ्नुहोस् ।

यो संसारमा जन्मने प्रत्येक मानिसले स्वभाविक रूपले नै शैतानको आज्ञाहरू मान्दछ । तर, जब हामी येशूको समीपमा रहने निश्चय गर्छौं, तब हामी उहाँ जस्तै हुने इच्छा राख्छौं, र जब हामी उहाँको समीपमा रहने दृढ निश्चय गर्छौं, तब उहाँको पवित्र आत्माले हामीलाई सहयोग पनि गर्नुहुन्छ । हामी येशू जस्तै हुन सिक्दछौं । पवित्र आत्माले हाम्रो हृदयमा बोल्नु भएको कसैले पनि देख्न सक्दैनन्, तर हाम्रो चरित्र येशूको जस्तै भएको पवित्र आत्माले देख्न सक्नुहुन्छ । पद ८ पढ्नुहोस् ।

**सोच्नुहोस्:** के स्वभाविक रूपले नै असल देखिने मानिसहरूले पनि अझै यी कुराहरू जान्नु आवश्यक छ, कि यहीं नै येशूको पूर्ण आज्ञाकारिता हो, जुन हामीलाई बताइएको छ, र जुन आज्ञाकारिताले हामीलाई परमेश्वरको राज्यमा प्रवेश गर्न सम्भव बनाइदिन्छ?

## शुक्रबार

६

परमेश्वरको राज्यमा प्रवेश गर्न आफू योग्यको छैन भन्ने कुरा निकोदेमसले विश्वासै गर्न सकेनन् । तिनी येशूमा भर पर्नु किन आवश्यक थियो त? यूहन्ना ३:९ पढ्नुहोस् ।



अनि, उजाड-स्थानमा डर लाग्दो सर्पहरूले मानिसहरूलाई टोकेर मारेको समयको बारेमा येशूले निकोदेमसलाई याद दिलाउनुभयो । मोशाले खम्बामा काँसाको सर्प बनाएर झुण्ड्याएका थिए, र हरेक मानिस, जसले त्यसलाई हेरे, तिनीहरू सबै बाँचे । हरेक मानिस, जसले हेरेनन्, तिनीहरू सबै मरे ।

साँच्चै नै, त्यो सर्प थिएन, जसले मानिसहरूलाई मद्दत गरे; त्यो चाहिँ येशू हुनुहुन्थ्यो । येशूले हाम्रा सबै पापहरूलाई कसरी उठाई लैजानु हुन्छ, र कसरी क्रूसमा झुण्डिएर मर्नुहुन्छ भनेर त्यो खम्बाको सर्पले प्रष्ट पार्दथ्यो । उहाँ हाम्रो सट्टामा मर्नुहुनेछ, त्यसकारण हामी मर्नु आवश्यक छैन । यदि हामीले उहाँमाथि भरोसा गर्ने निश्चय गर्‍यौं भनेदेखि, उहाँले हामीलाई शैतानबाट बचाउनु हुनेछ । शैतान सदाको निम्ति नाश भई जानेछ; र हामीले अनन्त जीवन जीउन पाउनेछौं । पदहरू १४–१८ पढ्नुहोस् ।

हामीलाई परमेश्वरले अति धेरै प्रेम गर्नुहुन्छ भनेर जब निकोदेमसले येशूको वचनहरू सुने, तब ती सबै कुराहरूलाई तिनले आफ्नो हृदयमा गुन्न सकेनन् । के मसीह क्रूसमा बलिदान हुन गइरहनु भएको थियो त? जब इस्राएलका छोराछोरीहरूले खम्बाको सर्पलाई हेरे, तब तिनीहरूले विश्वास गरे झैं, यदि हामीले उहाँमाथि भरोसा राख्यौं भनेदेखि, के उहाँले हाम्रा सबै पापहरू उठाइ लैजानु हुन्छ?

परमेश्वरको राज्यमा प्रवेश गर्ने अनुमति पाउनलाई आफ्नै आज्ञाकारिता निश्चित रूपले असल थियो भन्ने कुरा निकोदेमसले सधैं सोच्थे । अहिले तिनले अचम्म मानिरहेका थिए । पवित्र आत्माले तिनको हृदयमा स्नेहपूर्वक बोलिरहनु भएको थियो, र तिनले सुनिरहेका थिए । त्यसरात, जब तिनी आफ्नो घरमा गए, तब आफूले धेरै कुराहरूको बारेमा सोच्नुपर्छ र अध्ययन गर्नुपर्छ, हेर्नुपर्छ र सुन्नुपर्छ, र प्रार्थना गर्नुपर्छ भन्ने तिनलाई लाग्यो । साँच्चै नै, तिनले परमेश्वरको राज्यको भागी हुने इच्छा जाहेर गरे ।

**सोच्नुहोस्:** यूहन्ना ३:१६ फेरि भन्नुहोस् । अब, यी प्रत्येक प्रश्नहरूको उत्तर दिनुहोस् । के तपाईंलाई "कोही पनि" भन्ने शब्द मनपर्छ? के साँच्चिकै यो शब्दले हरेक व्यक्तिलाई सङ्केत गर्दछ? मैले येशूमाथि भरोसा गर्ने र उहाँको आज्ञाकारितामा रहन निश्चय नगरेसम्म, म एउटा दुष्ट मानिस झैं संसारमा भौंतारिँदैछु भनेर के त्यसले प्रष्ट पार्दछ? के त्यहाँ कोही दुष्ट मानिस पनि छन्, जसलाई येशूले बचाउनु आवश्यक छ? मानिसहरूले आफूले गरेका असल कामहरूको कारण येशूले तिनीहरूलाई बचाउनुहुन्छ भन्ने सोचेर के तिनीहरू धेरै असल बन्ने कुराहरू सोच्छन्, अथवा के अझै तिनीहरूले येशूको पूर्णतामा भर पर्नुपर्ने हुन्छ? के हामीले अरू मानिसहरूलाई हेरेर, तिनीहरूभन्दा हामी असल छौं भनी सोच्ने गर्छौं?

## अधिक अध्ययनका निम्ति:


यूहन्ना २:१३–२२; ३:१–२१; द डिजायर अफ एजेज, पेज १५४–१७७; द बाइबल स्टोरी, भोल्युम ७, पेज १३४–१४४ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

दोस्रो वर्ष
त्रैमासिक–३, पाठ–१०

# मृत्युसम्मै विश्वासी



**याद गर्नुपर्ने पदः**
"तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु ।"
— प्रकाश २:१०

## आइतबार

**१** विवाह उत्सवमा भएको घटना र येशूले पैसा साट्नेहरू र किनबेचको व्यापार गर्नेहरूलाई मन्दिरबाट धपाएको घटनाको बारेमा जब मानिसहरूले सुने, तब धेरै मानिसहरू उहाँलाई भेट्न र उहाँको वचन सुन्नलाई आए । चाँडै नै, बप्तिस्मा दिने यूहन्नाको वचन सुन्नेहरूको भीड भन्दा यशूको वचन सुन्नेहरूको भीड धैरै ठूलो भयो ।

यूहन्ना खुशी नै थिए, तर तिनका चेलाहरू इर्ष्यालु थिए । येशू आफैंले मानिसहरूलाई बप्तिस्मा दिनुहुन्नथ्यो, तर उहाँका चेलाहरूले पनि मानिसहरूलाई बप्तिस्मा दिन्थे । मानिसहरूलाई बप्तिस्मा दिँदाखेरि शुद्धीकरणको विषयमा यूहन्नाका चेलाहरू र येशूका चेलाहरू बीच वाद-विवाद भयो, र येशूका चेलाहरूले मानिसहरूलाई बप्तिस्मा दिनु हुँदैन भन्ने कुरामा पनि तिनीहरू बीच तर्क-वितर्क हुन्थ्यो । यूहन्ना ३:२५, २६ पढ्नुहोस् ।

तिमीहरूका सोँचहरू गलत छन् भनी यूहन्नाले आफ्ना चेलाहरूलाई सम्झाउन खोजे । आफ्नो काम भनेको विवाह उत्सवमा मद्दत गर्नु जस्तै हो भनेर तिनले बताए । दुलहाको छेउमा खडा हुनेलाई "लोकन्ते" भनिन्छ, र लोकन्ते त्यो विवाह गर्ने आफ्ना मित्रसित खुशीसाथ रहनुपर्छ । यूहन्नाले येशूप्रति यसरी भावनाहरू व्यक्त गरे । मानिसहरू येशूलाई पछ्याइ रहेकोमा तिनी खुशी नै थिए । पद २९ पढ्नुहोस् ।

यूहन्ना जन्मनुअघि, संसारमा येशूको आगमनको निम्ति यूहन्नाले मानिसहरूलाई तयार पार्ने जस्ता अचम्मको काम गर्नेछन् भनेर स्वर्गदूतले यूहन्नाको आमा-बुबालाई भनेका थिए । त्यहीं नै काम यूहन्नाले गरिरहेका थिए । अब, येशूले काम शुरू गर्नु भएपछि, तिनी पहिले जति महत्वपूर्ण व्यक्ति हुनेछैनन् । यो समय, मानिसहरूले येशूको बारेमा बुझ्नुपर्ने बेला थियो, र यूहन्ना अलिकति पनि इर्ष्यालु बनेका थिएनन् । पद ३० पढ्नुहोस् ।

येशू परमेश्वरका पुत्र हुनुहुन्छ, जो हाम्रो मुक्तिको निम्ति यो संसारमा आउनुभयो भन्ने कुरा यूहन्नालाई थाहा थियो । मानिसहरूले उहाँलाई विश्वास गर्ने निश्चय गर्नुपर्छ भन्ने कुरा यूहन्नालाई थाहा थियो । के मानिसहरूले येशूमाथि विश्वास गर्लान् त, अथवा के तिनीहरूले येशूलाई विश्वास नगरी परापूर्वकालदेखि चलिआएको रीतिमाथि विश्वास गर्लान्? मानिसहरूले येशूमाथि नै विश्वास गरोस् भनी तिनीहरूलाई तयार पार्न यूहन्नाले सक्दो सहयोग गरिरहेका थिए । पद ३६ पढ्नुहोस् ।

**सोच्नुहोस्:** के यूहन्नाले आफ्ना चेलाहरूलाई राम्रो उदाहरण पेश गरिरहेका थिए? जब तपाईंले गर्नुभएको कामभन्दा तपाईंको मित्रहरूले गरेको कामले प्रशंसा पाउदँछ, तब के हामीले डाह गर्न सुहाउँछ?

## सोमबार

**२** शैतानले येशूका चेलाहरू र यूहन्नाका चेलाहरूको बीचको सम्बन्धलाई चिस्याउने काम गरिरहेको छ भन्ने कुरा येशू

जान्नुहुन्थ्यो । उहाँले जुन ठाउँमा शिक्षा दिँदै हुनुहुन्थ्यो, त्यस ठाउँलाई छोडेर आफ्ना चेलाहरूसित देशको अर्कै प्रान्तमा जानु उचित हुनेछ भन्ने कुरा येशू जान्नुहुन्थ्यो ।

यूहन्नाको काम लगभग सकिसकेको छ भन्ने कुरा येशू जान्नुहुन्थ्यो, र हामीलाई बचाउने परमेश्वरको योजनालाई शैतानले भताभुङ्ग पार्ने कोसिस गरिरहेको छ भन्ने कुरा पनि येशू जान्नुहुन्थ्यो । यूहन्ना ४:१–३ पढ्नुहोस् ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

केही धर्म-गुरुहरूले यूहन्नालाई मन पराउँदैनथे । तर, त्यहाँ एउटी स्त्री थिइन्, जसले यूहन्नालाई धेरै घृणा गर्थिन्, र तिनले उनलाई मार्न चाहेकी थिइन् । ती स्त्री चाहिँ राजा हेरोदकी पत्नी हेरोदियास थिइन् ।

हेरोदियास चाहिँ राजा हेरोदको सौतेला भाइ फिलिपकी पत्नी थिइन् । जब राजा हेरोदले तिनीसँग विवाह गरे, त्यो गलत हो भनेर यूहन्नाले बताएका थिए । हेरोदियास फिलिपकी पत्नी थिइन्, र यो कुराको बारेमा यूहन्नाले भनेको कुरा सही थियो भनी राजा हेरोदलाई थाहा थियो । जब पवित्र आत्माले राजाको हृदयमा बोल्नुभयो, तब तिनले आफूले गरेको कामलाई परिवर्तन गर्ने कोसिस गरे । तर, तिनकी पत्नी हेरोदियासले राजालाई त्यसो गर्न दिइनन् । त्यसैले तिनले यूहन्नामाथि ईख राखेकी थिइन् । तिनले यूहन्नालाई मार्न चाहिन्, र राजा हेरोदले आफ्नी पत्नी हेरोदियासको खातिर यूहन्नालाई पक्रन लाएर तिनलाई बाँधी झ्यालखानामा थुनिदिएका थिए । मर्कूस ६:१७–२० पढ्नुहोस् ।

यूहन्नालाई झ्यालखानामा बस्नुपर्दा धेरै नै गाह्रो भएको थियो । तिनले आफ्नो जीवनकालको धेरैजसो समय बाहिर नै बिताएका थिए, र तिनी काममा धेरै नै क्रियाशील रहन्थे । तर, अब झ्यालखानाको अँध्यारो कुनामा एक्लै रहेर समय बिताएको पनि धेरै हप्ता बितिसकेको थियो । तिनका चेलाहरूले तिनलाई भेट्ने अनुमति पाएकामा तिनी धेरै नै खुशी भएको हुनुपर्छ ।

जब यूहन्नाका चेलाहरूले तिनलाई भेटे, तब येशूले गर्नुभएको आश्चर्यमय कामहरूको बारेमा चेलाहरूले तिनलाई सुनाए । त्यस कुराले यूहन्नालाई धेरै खुशी बनाइदियो; तर, उतिखेरै येशूले तिनलाई बिर्सनुभयो कि भनेर यूहन्ना अलिकति चिन्तित बन्न पुगे । तिनलाई झ्यालखानाबाट छुटाउनलाई किन येशूले केही कोसिस गर्नुभएन त?

**सोच्नुहोस्:** येशूले यूहन्नालाई प्रेम गर्नुहुन्छ कि गर्नुहुन्न भन्ने सोंचमा डुबाउन के शैतानले यूहन्नालाई परीक्षामा पारिरहेको थियो? जब केही नराम्रो घट्नाहरू घट्न पुग्छन्, तब येशूले अझै हाम्रो ख्याल राख्नुहुन्छ भनेर सोंच्नलाई के सहज छ त?

## मंगलबार

**३** येशू संसारमा किन आउनुभयो भनी यूहन्ना, तिनका चेलाहरू र अरू कुनै पनि व्यक्तिले बुझेका थिएनन् । अगमवक्ताहरूले भविष्यवाणी बोलेका दुई भिन्नै समयहरूको बारेमा तिनीहरू द्विविधामा थिए ।

पहिलो कुरा यो थियो, कि मसीहको रूपमा उहाँको आगमन हुने समयको बारेमा थियो । उहाँले बाल्यकालदेखि आफ्नो काम शुरू गर्नुहुनेछ । हामीले झैं, उहाँ पनि आफ्नो स्वर्गीय पितामाथि भर पर्नुहुनेछ, र उहाँले हाम्रो निम्ति पूर्ण जीवन जीउनुहुनेछ, ताकि हामीले उहाँको मद्दतद्वारा उहाँको नक्कल गर्न सिक्नेछौं । मानिसहरूले परमेश्वरको विधि-विधानलाई पालना गर्न सक्दैनन् भन्ने कुरा जब शैतानले भन्यो, तब शैतान गलत छ भन्ने कुरा उहाँले प्रमाणित गरी देखाउनु हुनेछ ।

यदि हामीले येशूको आज्ञालाई पालना गर्‍यौं भनेदेखि, हाम्रो अपूरो जीवनमा उहाँको पूर्ण जीवनले ठाउँ ओगट्नेछ । उहाँ हाम्रो सट्टामा मर्नुहुनेछ, त्यसैले हामीले मर्नुपर्ने आवश्यकता रहँदैन । जब हामी उहाँमाथि भरोसा गर्ने र उहाँको आज्ञा मान्ने दृढ निश्चय गर्छौं, तब हामी उहाँको राज्यको भागी हुने कुरामा निश्चिन्त बन्न सक्छौं ।

अगमवक्ताहरूले भविष्यवाणी बोलेको दोस्रो कुरा यो थियो, कि संसारको अन्त्यतिर येशूको दोस्रो आगमनको बारेमा थियो । अनि पृथ्वीका शासकहरूका पनि महान् राजाको रूपमा उहाँको आगमन हुनेछ, र उहाँले हामीलाई अनन्तसम्म उहाँकै साथमा राख्नलाई स्वर्ग लिएर जानुहुनेछ । अन्तमा, सदाको निम्ति पापको अन्त हुनेछ, र शैतानलाई सदाका निम्ति नाश पारिनेछ; र हाम्रो संसारलाई फेरि नयाँ गरी सृष्टि गरिनेछ ।

द्विविधाको कारणले सोचे जस्तो केही भइरहेको थिएन । विश्वासी यूहन्ना र तिनका चेलाहरू पनि द्विविधामै थिए । येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने कुरा यूहन्नालाई थाहा थियो; तर किन उहाँले रोमी शासकहरूलाई धपाउनु भएन । सबैले सोचे जस्तै मसीहले जस्तै गर्नुपर्ने काम किन उहाँले गरिरहनु भएको थिएन त? यूहन्नाले आफ्नो विचारहरू चेलाहरूलाई बताएनन् । त्यसको सट्टामा अर्कै कुराको बारेमा सोधपुछ गर्न यूहन्नाले आफ्ना चेलाहरूमध्ये दुईजनालाई येशूकहाँ पठाइदिए । लूका ७:१९–२३ पढ्नुहोस् ।

येशू नै मसीह हुनुहुन्छ भनी ती दुई चेलाहरूले चाँडै नै थाहा पाउन सके, र जब तिनीहरूले यूहन्नालाई सो कुरा

बताइदिए, तब तिनलाई पनि त्यो कुरा थाहा थियो । त्यसबेला देखि, यूहन्नाले उहाँमाथि भरोसा गर्ने निश्चय गरे, चाहे जस्तो सुकै परिस्थिति आइपरे तापनि केही फरक पर्ने छैन ।

**सोच्नुहोस्:** अहिलेको जमानामा येशूको दोस्रो आगमनको बारेमा मानिसहरूमा कस्तो खालको धारणाहरू विद्यमान रहेको पाइन्छ?

## बुधबार

**४** राजा हेरोदकी पत्नी हेरोदियासले अनुकूल मौका पाउनु अघि, यूहन्ना कति समयसम्म झ्यालखानामा थिए भन्ने कुरा कसैलाई थाहा थिएन । राजा हेरोदको जन्मोत्सवमा त्यो सबै घटना घट्न पुग्यो । एउटा सलोमे नाउँ गरेकी केटीले गर्दा मानिसहरूले अति नै दाखमद्य पिएको कारण ती सबै घटना हुन पुगे । मर्कूस ६:२१, २३ पढ्नुहोस् ।

कल्पना गर्नुहोस्! राजा हेरोदले त्यो स्त्रीलाई तिनको आधा राज्यसम्म पनि दिन तयार छु भनेर भनेका थिए । सलोमे हतारिँदै गई र तिनकी आमा हेरोदियासकहाँ गइन्, र तिनलाई "म के मागूँ," भनेर सोधिन् । के माग्न लगाउने भन्ने कुरामा तिनकी आमाको मनमा झट्टै एउटा कुरा याद आयो । "बप्तिस्मा दिने यूहन्नाको शिर ।" आमाले भनिन् र सलोमे छक्क परिन् । त्यो कुरा माग्नु धेरै नै डरलाग्दो कुरा थियो । तर हेरोदियासले आफ्नो निर्णय परिवर्तन गरिनन्, त्यसैले सोलोमे त्यो डरलाग्दो प्रस्ताव लिएर उत्सवमा गइन् । पदहरू २४, २५ पढ्नुहोस् ।

राजा हेरोद र तिनका अतिथिहरू पनि छक्क परे । सोलोमेले तिनकी आमाको तर्फबाट त्यो प्रस्ताव ल्याएकी हुन् भन्ने कुरा राजा हेरोदलाई थाहा भयो । तिनले मागेका कुरा नदिनू भनी कसैले भन्लान् कि भनेर राजा हेरोदले कति धेरै आशा राखे ! तर कसैले पनि केही बोलेनन् । राजा हेरोदले प्रतीक्षा गरे, तर अझै कोही पनि बोलेनन्, र राजा हेरोद धेरै अपमानित बन्न पुगे, र तिनले सबै पाहुनाहरूको अगाडि आफ्नो निर्णय बदल्ने आँट नै गर्न सकेनन् । त्यसबाहेक, राजा आफैं पनि र अरू पाहुनाहरूले पनि दाखमद्य अति पिएका थिए । अन्तमा, राजाले हुकुम गरे र त्यो काम पूरा गरियो । पदहरू २६–२८ पढ्नुहोस् ।

दाखमद्यको कारण परमेश्वरका एक महान् र विश्वासी अगमवक्ताले आफ्नो जीवन गुमाउनु पर्‍यो । तर राजा हेरोद नै थिए, जसले साँच्चै नै आफ्नो होश गुमाएका थिए । येशू नै साँचो मसीह हुनुहुन्छ भनेर यूहन्नाले साँचो रूपले विश्वास गर्ने निश्चय गरेका थिए, र तिनी अन्तसम्मै येशूको विश्वासी बनिरहे । तत्पश्चात्, जब राजा हेरोदले येशूको बारेमा सुने, तब तिनी अति भयभीत भए । यूहन्नालाई मृतकबाट बौरी उठाउनु हुने येशू नै हुनुहुन्थ्यो भन्ने कुरामा राजा हेरोद पक्का थिए । यूहन्नाको शिर काट्न लगाएर आफूले भयानक अपराध गरेकोमा परमेश्वरले त्यसको न्याय गर्नुहुनेछ होला भनी तिनी डराएका थिए । पदहरू १४–१६ पढ्नुहोस् ।

**सोच्नुहोस्:** यूहन्नालाई मार्नलाई शैतानले उपाय पत्ता लगाएको थियो । तर चाँडै नै, कुनै दिन यूहन्ना सदाका लागि पुनर्जीवित हुनेछन् । मानिसहरूलाई दु:ख दिन र मार्नलाई के शैतानले अझै दाखमद्यको प्रयोग गर्नेछ त? दाखमद्यले कस्ता खालका समस्याहरू निम्त्याउँछ भनी तपाईं सोच्नुहुन्छ?

## बिहीबार

**५** जब येशू गालीलमा फर्कनुभयो, तब उहाँ आफ्नो जन्मघर नासरत भएर जानुभयो । तर, उहाँ त्यस ठाउँमा रोकिनुभएन । उहाँ सिकर्मीकै छोरा हुनुहुन्छ भनेर त्यहाँका मानिसहरूले सोच्लान् भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो, किनकि उहाँ आफैंले गवाही दिनुभयो, कि आफ्नो निज देशमा कुनै अगमवक्ताको आदर हुँदैन । यूहन्ना ४:४४ पढ्नुहोस् ।

येशू काना नगरमा जानुभयो, जुन ठाउँमा एउटा विवाह उत्सवमा उहाँले पानीलाई दाखमद्यमा परिणत गर्नुभएको थियो । मानिसहरू निस्तार चाडबाट फर्केका थिए, र निस्तार चाडको बेला परमप्रभुको भवनको चोकमा येशूले पैसा साट्नेहरूलाई धपाउनु भएपछि, एउटा गरिब र बिरामी मानिसलाई निको पार्नुभएको तिनीहरूले देखेका थिए, र उहाँले गर्नुभएको त्यो आश्चर्यमय कामको बारेमा तिनीहरूले अरूलाई पनि सुनाए । पद ४५ पढ्नुहोस् ।

कानाबाट झण्डै २० माईल कफर्नहुम भन्ने ठाउँमा एउटा यहूदी उच्च पदाधिकारी बस्थे, जो राजाको काममा नियुक्त थिए । तिनको छोरा सिकिस्त बिरामी थिए । चिकित्सकहरूले सम्भव भएसम्म सबै उपचार गरिसकेका थिए, तर त्यो बालक चाँडै नै मर्नेछन् भन्ने कुरा ती चिकित्सकलाई थाहा थियो । येशू कानामा हुनुहुन्छ भन्ने कुरा जब ती उच्च पदाधिकारीले थाहा पाए, तब उहाँसँग भेट्नुपर्छ भनी तिनले मनमा सोचे । सायद तिनको छोरालाई निको पारेर येशूले दया देखाउनु हुनेछ ।

जब त्यो उच्च पदाधिकारी कानामा पुगे, तब तिनले येशूको वरिपरी मानिसहरूको भीड रहेको देखे । तिनले भीडलाई पन्छएर तुरुन्तै उहाँ भएको ठाउँनेर जान खोजे । तर, जब तिनले येशूलाई देखे, तब आफूले केही गल्ती गर्न पुगेछु कि भन्ठानेर तिनी अचम्ममा परे । आम मानिसले जस्तै कपडा



लगाउनु भएको येशूले तिनलाई निश्चित रूपले सहयोग गर्न सक्नुहुन्न भनी तिनले विचार गरे । तर जसोतसो तिनले एकपल्ट सोध्ने निर्णय गरे; र यदि येशूले तिनको छोरालाई निको पार्नुभयो भने, तिनले उहाँमाथि विश्वास गर्नेछु भनी सोचे ।

तिनको छोरालाई आएर निको पारिदिन भनी त्यो उच्च पदाधिकारीले येशूलाई विन्ती गरे । पदहरू ४६, ४७ पढ्नुहोस् ।

येशूले तिनको छोराको बारेमा सबै कुरा जान्नुहुन्छ भन्ने कुरा त्यो उच्च पदाधिकारीलाई थाहा पनि थिएन । तिनको दिमागमा उब्जिरहेका ठूला-ठूला प्रश्नहरूको बारेमा पनि उहाँ जान्नुहुन्छ भन्ने कुरा तिनलाई थाहा थिएन । येशूले के गर्नुभयो त?

**सोच्नुहोस्:** यदि तपाईं त्यो उच्च पदाधिकारी हुनुभएको भए, शुरूमा येशूलाई देख्दा त्यो उच्च पदाधिकारीले जे सोचे, के तपाईंले पनि दिमागमा त्यस्तै कुराहरू सोच्नु हुन्थ्यो होला त? मानिसको पहिरन हेरेर उसको मुल्याङ्न गर्नु के राम्रो हो?

## शुक्रबार

६

उच्च पदाधिकारीलाई तिनको छोराको निम्ति एउटा चमत्कारको आवश्यकता थियो । तर तिनलाई आफ्नै निम्ति येशूको एउटा ठूलै चमत्कारको आवश्यकता थियो । तिनको छोरा निको होस् या नहोस्, तिनले येशूमाथि पूरा भरोसा गर्ने र उहाँको राज्यको भागी बन्ने निश्चय गर्नु आवश्यक देखिन्थ्यो । येशूले तिनलाई के भन्नुभयो त? यूहन्ना ४:४८ पढ्नुहोस् ।

चाँडै नै, तिनले सोचिरहेका कुराहरूलाई येशूले निश्चित रूपले थाहा पाइसक्नु भएको छ भनी त्यो उच्च पदाधिकारीले बुझे । उहाँ नै साँचो मसीह हुनुपर्छ । यदि येशूले तिनको छोरालाई निको नपार्नु भएको भए के हुन्थ्यो होला? किनकि उहाँले निको पार्न सक्नुहुन्छ भन्ने कुरामा तिनी आफैंलाई विश्वास लागेको थिएन । तर तिनले मद्दतका लागि येशूसित विन्ती गरे । त्यस घडी भने उहाँले निको पार्न सक्नुहुन्छ भन्ने कुराको विश्वास तिनमा थियो । पद ४९ पढ्नुहोस् ।

जब येशूले अर्को वचन बोल्नु भएको तिनले सुने, तब तिनले कस्तो महसूस गरे होलान् भन्ने तपाईंलाई लाग्छ? पद ५० पढ्नुहोस् ।

अब, तिनले येशूमाथि साँचो रूपले विश्वास गरेको कुरा देखाइदिए । तिनको छोरा निको भइसकेको कुरा तिनलाई थाहा भयो । येशूले "जाऊ, तिम्रो छोरा बाँच्नेछ ।" भन्नुभएको थियो । तिनले घर जानु अघि, बिहानसम्मै पर्खने निर्णय गरे ।

त्यसदिन, कफर्नहुममा त्यो उच्च पदाधिकारीका परिवारले उनको प्रिय पुत्र मृत्युको मुखमा पुग्न लागेको कुरा हेरिरहेका थिए । अचानक, तिनमा बद्लाव आयो । तिनको आँखाहरू खुले । तिनको तातो छालाहरू चिसो र भिजेको थियो । तिनको खतरनाक ज्वरो निको भइसकेको थियो । तिनको सबैकुराहरू पूर्ण रूपले सामान्य भयो । तिनीहरूले आफ्ना आँखाहरूले देखेका कुरालाई विश्वासै गर्न सकेनन् । कस्तो खुशीको माहौल! छोरा निको भइसकेको छ भनी उच्च पदाधिकारीलाई खबर गर्न तिनीहरूले समाचार वाहकहरूलाई पठाए । समाचार वाहकहरूले अर्को बिहान उच्च पदाधिकारीलाई भेटे । पद ५१ पढ्नुहोस् ।



तिनीहरूको अनुहारमा छाएको मुस्कानको बारेमा के तपाईंले कल्पना गर्न सक्नुहुन्छ? येशूले "जाऊ, तिम्रो छोरा बाँच्नेछ," मात्र भन्नुभएको घडी र तिनको छोरा निको भएको घडी बीच समाचारवाहकहरूले तुलना गरे, के त्यसबारेमा तपाईंले कल्पना गर्नुभएको छ? निश्चितैले तिनीहरू सबैजना छक्क परे, र परमप्रभु परमेश्वरलाई महिमा र प्रशंसा चढाएर उहाँलाई धन्यावाद दिए ।

**सोच्नुहोस्:** हाम्रो यो हप्ताको कथामा, कसले येशूमाथि साँचो विश्वास देखाए त? ती मानिसले झैं, के तपाईंले पनि येशूमाथि साँचो रूपले विश्वास गर्न सिकिरहनु भएको छ?

## अधिक अध्ययनका निम्ति:

मर्कूस ६:१४–२९; यूहन्ना ४:४६–५४; द डिजायर अफ एजेज, पेज १७८–१८२; १९६–२००; २१४–२२५; द बाइबल स्टोरी, भोल्युम ७, पेज १५३–१५६; भोल्युम ८, पेज २२–२४ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com


## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

दोस्रो वर्ष

त्रैमासिक–३, पाठ–११

# एउटा वैद्यको इन्कार



## आइतबार

**१** येशू विशेष चाडमा उपस्थित हुनको लागि येरूशलेममा फर्कनु भएको थियो । त्यो चाहिँ शबाथको दिन थियो, र उहाँ एक्लै यात्रा गरिरहनु भएको थियो । परमेश्वरको पवित्र दिनलाई सही तरिकाले पालना गर्नका निम्ति मानिसहरूलाई सिकाउन भनी उहाँले सोचिरहनु भएको थियो होला । शबाथ दिनलाई पवित्र राख्ने बारेमा धेरै नै कडा धार्मिक नीति-नियमहरू बनाइएका थिए, ती सबै नीति-नियमहरूलाई पालना गर्न धेरै नै गाह्रो थियो । धेरै मानिसहरूले शबाथ दिनको अर्थ नै बिर्सिसकेका थिए; र तिनीहरूको जीवन शान्तपूर्ण तरिकाले बितिरहेको थिएन ।

उहाँ हिँड्दै गर्नुहुँदा, "बेथस्दाको जलकुण्ड" भन्ने ठाउँमा रोकिनुभयो । त्यो जलकुण्ड दलानहरूले ढाकिएको थियो, त्यसैले मानिसहरूले अँध्यारो छायामा बसेर प्रतीक्षा गर्दथे । जब वर्षात् हुन्थ्यो, तब ती दलानहरू तिनीहरूको निम्ति छहारी हुन्थ्यो । दलानहरूको मुनि मानिसहरू बसिरहेका थिए, तर तिनीहरू किन कुरिरहेका थिए त? यूहन्ना ५:२–४ पढ्नुहोस् ।

हरेक व्यक्ति पहिला नै जलकुण्ड भित्र पस्ने इच्छा गर्थे भन्ने कुरामा तपाईं पक्का हुन सक्नुहुन्छ । जब पानी छचल्किन्थ्यो, तब सबै मानिसहरू पहिला नै पानी भित्र पस्नलाई ठेलमठेल गर्दथे । साँच्चिकै भन्ने हो भने, बलियो मानिस नै पहिला पानीभित्र पस्थ्यो । ठेलमठेल गरेर पस्न खोज्दा धेरै मानिसहरू घाइते पनि हुन्थे, र कुनै-कुनै मानिसहरू मर्थे पनि ।

जब येशूले मानिसहरूको भीडलाई देख्नुभयो, तब उहाँले सबै बिरामी मानिसहरूलाई निको पार्ने इच्छा गर्नुभयो । तर त्यसो गर्नु उचित काम हुने थिएन । शबाथको दिनमा बिरामी मानिसहरूलाई निको पार्नु पाप हो भन्ने कुरा धर्म-गुरूहरूले सिकाउँथे । तर त्यो कुरा बिल्कुल सत्य होइन भन्ने कुरा येशू जान्नुहुन्थ्यो ।

**याद गर्नुपर्ने पदः**
"शबाथमा भलो गर्नु उचित छ ।"
— मत्ती १२:१२

जब येशूले ती बिरामी, गरीब र असहाय मानिसहरूलाई हेर्नुभयो, तब उहाँले अरू बिरामी मानिसहरू भन्दा पनि एकजना सिकिस्त बिरामी र सहाराविहीन मानिसलाई नजर लगाउनु भयो । तिनी आफैं पानीभित्र पस्न असक्षम र धेरै नै कमजोर थिए । येशू तिनी भएको ठाउँनेर जानुभयो, र येशूले तिनलाई यसरी सोध्नुभयो, "के तिमी निको हुन चाहन्छौ?" अनि तिनले उहाँलाई हेर्नुभयो । पदहरू ५, ६ पढ्नुहोस् ।

**सोच्नुहोस्ः** कति लामो समयदेखि ती मानिस बिरामी र सहाराविहीन थिए? यदि ती मानिसको ठाउँमा तपाईं हुनुभएको भए, र यदि कुनै अपरिचित व्यक्तिले तपाईंलाई सोध्नुभएको भए, तपाईंले कस्तो महसूस गर्नुहुन्थ्यो होला त?

## सोमबार

**२** "बेथस्दाको जलकुण्ड" मा येशूले त्यस बिरामी मानिससित बोल्नुभयो । त्यो बिरामी मानिसको मनमा पलभरमै केही आशा पलायो । अनि तिनले हेरे । तिनले येशूलाई देखेर के भने त? यूहन्ना ५:७ पढ्नुहोस् ।

येशूले दिनुभएको निर्देशन अनुसार त्यो मानिसले अचम्म

मानेको हुनुपर्छ । पद ८ पढ्नुहोस् ।

येशूले त्यो मानिसलाई जे गर्नका निम्ति भन्नुभयो, तब त्यहाँ के हुन सक्थ्यो होला भन्ने बारेमा तपाईंले एकक्षण विचार गर्नुहोस् । त्यो मानिसले "म सक्दिन ।" भन्न सक्थ्यो, र उसले भनेको पनि साँचो नै थियो । तिनी आफैंले येशूको आज्ञालाई मान्न सक्दैनथे । तिनलाई निको पार्ने शक्ति येशूमा छ भन्ने कुरामा तिनले विश्वास गर्नुपर्थ्यो ।


त्यो मानिसले विश्वास गर्ने निश्चय गरे तापनि, येशूले तिनलाई बोकेर पानीमा लैजाउन् भनेर तिनले आशा गर्न सक्थे । तर तिनी आफू अशक्त छु भन्ने कुरा जानेर पनि, उनले तुरून्तै उठ्ने कोसिस गरे । जब तिनले उठ्ने कोसिस गरे, तब येशूले दिनुभएको शक्तिद्वारा तिनको शरीरले पनि उहाँको आज्ञा माने । कति चाखलाग्दो कुरा!

अब त्यो मानिस पूर्ण रूपले निको भइसकेको थियो । हो, तिनी कति हर्षित भए होलान् त! येशूले तिनको निम्ति जे गर्नुभयो, त्यस्तो होला भनेर तिनले सोचेका पनि थिएनन् । तिनले गरेका खराब कामहरूको कारण तिनी त्यो रोगले ग्रसित बन्न पुगेका भए तापनि, येशूले तिनलाई निको पारिदिनुभयो । ती मानिसले तुरून्तै आफ्नो ओछ्यान र ओढ्ने पोको पारेर त्यसलाई उठाए, र येशूलाई धन्यवाद दिए । तर, त्यतिखेरै येशू भीडबाट अलप हुनुभयो ।

**सोच्नुहोस्:** येशूले ती मानिसलाई चङ्गाइ पार्नु भए झैं, उहाँले हामीलाई पनि रोगहरूबाट चङ्गाइ पार्न सक्नुहुन्छ भन्ने कुरा के तपाईंलाई थाहा छ? हामी आफैंले पापलाई रोक्न सक्दैनौं, अथवा हामी आफैंले आफूमा बद्लाव ल्याउन सक्दैनौं । तर जब हामी आफूमा बद्लाव ल्याउने निश्चय गर्छौं, र जब हामीले मद्दतका निम्ति उहाँको शक्तिमाथि पूर्ण विश्वास राख्दछौं, तब मात्र हामी परिवर्तन हुन सक्छौं; अनि, हामी उहाँ जस्तै हुनेछौं । हामीले पाप गर्नु हुँदैन । यदि हामीले कुनै गल्ती गर्न पुग्यौं भनेदेखि, र हामीले उहाँसँग क्षमाको निम्ति पुकारा गर्‍यौं भनेदेखि, उहाँले हामीलाई स्वइच्छाले क्षमा दिनुहुन्छ, र फेरि, नयाँ कामहरूको शुरूवात् गर्न उहाँले हामीलाई मद्दत गर्नुहुन्छ ।

## मंगलबार

**३** "बेथस्दाको जलकुण्ड" मा येशूले निको पार्नुभएको ती मानिस आफ्नो ओछ्यान र ओढ्ने बोकेर हिंड्दै थिए । तिनले ठूलो सोरमा कराएर परमेश्वरको महिमा र प्रशंसा चढाए । जब तिनले केही फरिसीहरूलाई बाटोमा भेटे, तब तिनले त्यहाँ भएको चमत्कारी कामको विषयमा बताए ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

तर त्यो मानिस निको भएकोमा खुशी हुनुको सट्टामा, फरिसीहरू रिसाए । त्यो मानिसले त्यो चमत्कारी कामको विषयमा भनिरहँदा उनीहरूले तिनको कुरालाई खतम हुन दिएनन् । यूहन्ना ५:९, १० पढ्नुहोस् ।

ती मानिस निकै खुशी भइरहेका थिए । त्यो दिन शबाथको दिन थियो भनेर तिनलाई पनि थाहै भएन । तिनले किन आफ्नो ओछ्यान बोकेर हिंडेका थिए भनेर अरूलाई बताउने कोसिस गरे । पदहरू ११–१३ पढ्नुहोस् ।

त्यो मानिसलाई कसले निको पारिदियो भनेर फरिसीहरूलाई थाहा भयो । त्यहाँ त्यस्तो शक्ति भएको व्यक्ति एउटा मात्र हुनुहुन्थ्यो । त्यो व्यक्ति येशू हुनुहुन्छ भनी फरिसीहरूलाई थाहा थियो । त्यसले तिनीहरूलाई धेरै नै क्रोधित बनाइदियो । येशूले तिनीहरूको शबाथ दिनको दुईटा नियमहरूलाई भङ्ग गर्नुभएको थियो । पहिलो कुरा, उहाँले शबाथ-दिनमा त्यो मानिसलाई निको पार्नुभएको थियो भने, दोस्रो कुरा चाहिँ उहाँले त्यो मानिसलाई आफ्नो ओछ्यान बोकेर हिंड्नको लागि आज्ञा दिनुभएको थियो । येशूले गर्दै आउनु भएको कामलाई बन्द गराउनुपर्छ भनी फरिसीहरूले विचार गरे ।

आफू कति आभारी हुन पुगेको छु भनी देखाउनलाई ती निको पारिएको मानिसले मन्दिरमा केही भेटीहरू चढाउन ल्याए । जब येशूले तिनलाई मन्दिरमा भेट्टाउनुभयो, तब तिनी कति खुशी भए होलान् भनेर तपाईंले एकपल्ट कल्पना गर्नुहोस् । येशूले त्यो मानिससित नम्र भएर बातचित गर्नुभयो, र अब उप्रान्त कुनै पाप नगर्नू भनी सम्झाउनु भयो । पद १४ पढ्नुहोस् ।

फरिसीहरूले येशूलाई रूचाउँदैनथे भन्ने कुरा त्यो मानिसलाई थाहा नभएको कारण, त्यस्तो चमत्कारी काम कसले गर्‍यो भनी फरिसीहरूले जान्न चाहेका छन् भन्ने कुरामा ती मानिस निश्चिन्त भए । पद १५ पढ्नुहोस् ।

वास्तवमा, धर्म-गुरुहरू क्रोधित बन्नेछन् भन्ने कुरा येशू जान्नुहुन्थ्यो, किनकि शबाथ-दिनमा उहाँले कसैलाई निको पार्नुभएको थियो । परमेश्वरको दिन पवित्र राख्नलाई परमेश्वरले हामीबाट कस्तो खालको अपेक्षा गर्नुभएको छ भनी उहाँले मानिसहरूलाई प्रमाणित गरेर देखाउनुपर्छ भन्ने कुरा पनि उहाँ जान्नुहुन्थ्यो । सही तरिकाले शबाथ-दिन पवित्र राख्नलाई मानिसहरूलाई सिकाइए अनुसार पटक्कै भइरहेको थिएन । यहूदी धर्म-गुरुहरूले कस्तो अनुभव गरिरहेका छन् भन्ने कुरामा के येशूको सोचाई सही थियो त? पद १६ पढ्नुहोस् ।

**सोच्नुहोस्:** विश्राम-बारको दिन कतिको रमाइलो र महत्वपूर्ण छ, र येशूको आज्ञा बमोजिम कसरी त्यो दिनलाई पवित्र

राख्ने भन्ने कुरामा मानिसहरू अन्जान बनोस् भनी के शैतान चाहन्छ? शबाथ-दिनको बारेमा तपाईंलाई कस्ता खालका कुराहरू बढी मनपर्छ? के त्यहाँ तपाईंलाई मन नपर्ने केही कुराहरू छन्?

## बुधबार

**४** शबाथ-दिनलाई पालना गर्ने बारेमा धर्म-गुरूहरूले बनाएका नीति-नियमहरूलाई येशूले तोड्नुभएको थियो, तर त्यस्ता खालका नीति-नियमहरू परमेश्वरले बनाउनु भएको होइन । त्यही घटनालाई निहुँ बनाएर येशूलाई पक्रेर महासभाको सामु पेश गर्नलाई राम्रो मौका रहेको कुरा धर्म-गुरुहरूले विचार गर्दै थिए । आजको दिन, तपाईंलाई अदालतमा लगेर जरिवाना तिराउनेछन्, अथवा तपाईं झ्यालखानमा जानुपर्नेछ, अथवा तपाईंलाई फाँसी दिइनेछ भनेर तपाईंलाई जानकारी गराएको जस्तै हुनेछन् । येशूले शबाथ-दिनको नियमलाई तोड्नुभएको छ भनेर उहाँमाथि अभियोग लगाइएको थियो, जुन चाहिँ एउटा गम्भीर समस्या बन्न पुगेको थियो । यूहन्ना ५:१६ पढ्नुहोस् ।

शबाथ-दिनमा पनि काम गर्न परमेश्वरले हामीलाई कहिल्यै पनि रोक्नुहुन्न भनेर जब येशूले तिनीहरूलाई याद दिलाउनुभयो, त्यतिबेला उहाँले परमेश्वरलाई "आफ्नै पिता" भनेर सम्बोधन गर्नुभएको थियो । पदहरू १७, १८ पढ्नुहोस् ।

त्यसको अर्थ येशूले आफूलाई "परमेश्वरको पुत्र" भन्न खोज्नु भएको थियो । त्यो कुरा सत्य हो भनी तिनीहरूले स्वीकारे नन् । तर, जब येशूले निरन्तर रूपमा कुरा गर्दै रहनुभयो, तब उहाँले निरन्तर रूपमा "परमेश्वर आफ्नै पिता" भन्नु भएको थियो । आफू पनि मानव भएको नाताले उहाँले पनि पितामाथि पूर्ण रूपले भरोसा राख्नुभएको कुरा उहाँले तिनीहरूलाई थाहा दिन चाहनुभयो । पद ३० पढ्नुहोस् ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

तिनीहरूले परमेश्वरको वचनहरू पढेको भए तापनि, त्यसलाई तिनीहरूले आफ्नो हृदयमा गुन्न सकिरहेका थिएनन्, किनकि तिनीहरूले पढेको कुराहरूबाट उहाँ नै मसीह हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्दछ, र उहाँ नै त्यो मसीह हुनुहुन्छ, जसलाई तिनीहरूले धेरै समयदेखि प्रतीक्षा गरिरहेका थिए भन्ने कुरालाई विश्वास गर्न तिनीहरू राजी थिएनन् । तिनीहरूलाई शैतानबाट छुटकारा दिलाउने र अनन्तको जीवन प्रदान गर्ने उहाँ नै हुनु भए तापनि, तिनीहरूले आफूहरूलाई रोमी शासकहरूबाट छुटकारा दिलाउन सक्ने मानिसको चाह गरेका थिए । पदहरू ३८–४० पढ्नुहोस् ।

धर्म-गुरूहरूले येशूसित बहस गर्न सकेनन्, किनकि उहाँले भनिरहनु भएको कुराहरू सत्य नै थिए । तर तिनीहरूको मन-मस्तिष्कमा बनावटी कुराहरू थिए । तिनीहरूले उहाँलाई मसीहको रूपमा स्वीकार्न चाहेनन् । तिनीहरूले अझै पनि त्यस्तो व्यक्तिको चाह गरिरहेका थिए, जसले तिनीहरूलाई रोमी शासकहरूबाट छुट्कारा दिन सकोस् ।

येशूलाई इन्कार गरेर तिनीहरू आफैं शैतानको दास बनिरहेको कुरा ती मानिसहरूलाई थाहा थिएन । कति दु:खलाग्दो कुरो ! येशूले तिनीहरूलाई अति धेरै प्रेम गर्नुहुन्थ्यो, र उहाँले तिनीहरूलाई कहिल्यै पनि त्याग गर्नुभएन । तर उहाँको त्यो प्रेमको बदलामा तिनीहरूले पनि उहाँलाई प्रेम गरून् भनी उहाँले कहिल्यै पनि कर गर्नुहुन्न । तर तिनीहरूले त्यसो गर्ने निश्चय गर्नुपर्थ्यो ।

**सोच्नुहोस्:** त्यसदिन, येशूसित बहस गर्ने मानिसहरू जस्तै के संसारमा अझै पनि त्यस्ता खालका अरू धेरै मानिसहरू छन्? तिनीहरूले बाइबलका कुराहरूमाथि विश्वास लाग्छ भनेर त भन्छन्, तर पनि आफूहरूले गरिरहेका दुष्कर्महरू त्याग्न वा आफ्नो आदतहरूमा बद्लाव ल्याउन चाहिरहेका हुँदैनन् ।


## बिहीबार

**५** जब येशूले हाम्रो प्रेमिलो परमेश्वर र उहाँको दश आज्ञाहरूको बारेमा मानिसहरूलाई सिकाइरहनु भएको थियो, तब धेरैले उहाँको शिक्षालाई ध्यानपूर्वक सुनिरहेकोमा उहाँ धेरै नै खुशी हुनुभयो । अन्तमा, तिनीहरूले उहाँलाई चिनेर धेरैले उहाँमाथि विश्वास गर्नेछन् भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो । तर उहाँलाई मनपर्ने एउटा महत्वपूर्ण ठाउँको मानिसहरूले उहाँमाथि विश्वास राख्नबाट इन्कार गरे । उहाँ मसीह हुँदै होइन भनेर तिनीहरूले सोचेका थिए । त्यो ठाउँ चाहिँ नासरत थियो, जहाँ येशू जन्मनु भएको थियो ।

येशू एउटा महत्वपूर्ण व्यक्ति हुनुहुन्छ भन्ने कुरा नासरतका मानिसहरूलाई थाहा थियो । उहाँले गर्नुभएको आश्चर्यमय कामहरूको बारेमा तिनीहरूले सुनेका थिए, र तिनीहरू खुशी नै थिए । तर उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनेर उहाँले किन भन्नुहुन्छ? उहाँले त्यसो भन्नु मूर्खता हो भनेर तिनीहरूले सोच्दथे । तिनीहरूले उहाँलाई धेरै वर्ष पहिलेदेखि चिन्दथे । उहाँ एउटा गुरू हुनुहुन्छ भनेर तिनीहरूलाई थाहा थियो, तर उहाँ मसीह चाहिँ हुनै सक्नुहुन्न भनी तिनीहरूले सोचे । उहाँ योसेफ र मरियमका पुत्र हुनुहुन्छ भनी तिनीहरूले सोच्दथे ।

जब येशू भ्रमणको सिलसिलामा आफ्नो जन्मघर नासरत

जानुभयो, तब सबैजना खुशीले उत्तेजित भएका देखिन्थे । सायद उहाँले त्यहाँ पनि चमत्कारी कामहरू गर्नुहुनेछ होला । जब उहाँ आफ्नो परिवारको साथमा शबाथको दिन सभाघरमा जानुभयो, तब मानिसहरूले उहाँलाई उत्सुकतासाथ हेरिरहे । उहाँले पनि तिनीहरूलाई हेरिरहनु भयो । उहाँले त्यहाँ भएका सबै मानिसहरूलाई चिन्नु हुन्थ्यो । उहाँ तिनीहरूसँगै हुर्कनु र बढ्नु भएको थियो, र उहाँले तिनीहरूलाई अति प्रेम गर्नुहुन्थ्यो ।


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

येशू एउटा गुरू र अतिथि भएर जानुहुँदा, त्यहाँका गुरूहरूले उहाँलाई धर्मशास्त्र पढ्नका लागि आग्रह गरे । लूका ४:१६–१९ पढ्नुहोस् ।

**सोच्नुहोस्:** ती सबै परमेश्वरको अनुग्रहपूर्ण र कृपापूर्ण वचनहरू थिए । के तिनीहरूलाई मसीहको बारेमा थाहा थियो त? येशूले पहिलेदेखि गर्दै आउनुभएको चमत्कारी कामहरूको बारेमा ती वचनहरूले अझै प्रष्ट पारिदियो ।

## शुक्रबार

६

नासरतको सभाघरमा शबाथको दिन, जब येशूले अगमवक्ता यशैयाको पुस्तकमा लेखिएको कृपापूर्ण वचनहरू पढि सिद्ध्याउनुभयो, तब मानिसहरूले "आमेन" पनि भन्न सकेनन् । लूका ४:२०, २२ पढ्नुहोस् । अनि येशूले केही कुरा भन्नुभयो, जुन कुराले त्यहाँको माहौल नै बद्लिन पुग्यो । पद २१ पढ्नुहोस् ।

केही समयका लागि, येशूले पढ्नुभएको उत्तम भविष्यवाणीको बारेमा तिनीहरूले अझै गहिरिएर विचार गरे । अनि, गरिबहरूलाई सुसमाचार सुनाउने, कैदीहरूलाई छुटकार ाको घोषणा गर्ने र अन्धाहरूलाई दृष्टि दिने कुराहरूको बारेमा येशैयाले भनेका कुरालाई अचानक तिनीहरूले याद गर्न पुगे । येशूले भन्नुभएको कुरा अर्थपूर्ण रह्यो, किनकि उहाँले तिनीहरूलाई नै गरिब, कैदीहरू र अन्धा भनेर भन्न खोज्नुभएको थियो । उहाँ नै हुनुहुन्छ, जसलाई तिनीहरूकै मद्दतको निम्ति परमेश्वरले पठाउनु भएको थियो भन्ने कुरा उहाँले प्रष्ट्याउन खोज्दै हुनुहुन्थ्यो । उहाँ आफू को हुँ भनी ठान्नुहुन्थ्यो?

तिनीहरूले आफ्नो हृदयमा कसरी विचार गरिरहेका छन् भन्ने कुरा प्रभु येशू जान्नुहुन्थ्यो । बितिगएका समयहरूमा परमे श्वरले पठाउनु भएको अगमवक्ताहरूको कुरालाई उहाँकै जनहरूले सुन्नलाई इन्कार गर्थे भनी येशूले तिनीहरूलाई याद दिलाउनु भयो । वास्तवमा, यदि उहाँका जनहरूले केवल उहाँमाथि भरोसा गर्ने र उहाँको आज्ञाहरूलाई पालना गरेको भएदेखि, अन्य जातिहरूलाई दिइने आशिष् आफ्नै जनहरूलाई दिन सक्नुहुन्थ्यो । उहाँले तिनीहरूलाई एउटी विधवा आइमाईको बारेमा पनि याद दिलाउनुभयो, जसले एलियालाई मद्दत गरेकी थिइन्, र नामान भन्ने व्यक्तिको कुष्ठरोग निको पारिएको बारेमा पनि उहाँले तिनीहरूलाई याद दिलाउनुभयो । पदहरू २३–२७ पढ्नुहोस् ।

अचानक, सभाघरमा भएका सबै मानिसहरू रीसले चुर भए । परमेश्वरले आफ्नै जनहरूको सन्मुख अन्य जातिहरूलाई आशिष् दिनुभएको थियो भनेर येशूले भन्नुभएको थियो । त्यसको अर्थ तिनीहरू अन्य जातिहरू भन्दा पनि खराब छन् भनेको जस्तै भयो । पद २८ पढ्नुहोस् ।

केही क्षणमै, तिनीहरूले आफ्नो हृदयलाई शैतानको नियन्त्रणमा राख्न खोजे । कुनै एकजना मानिस ठूलो सोरले कराएर उफ्रँदै येशूको नजिक आउन लाग्यो । अरूले येशूलाई समातेर ताने, र उहाँलाई ढोकाबाट बाहिर निकाले । कुनै एकजनाले चिच्याएर कराउँदै यसो भन्यो, "तिनलाई पहाडमाथिको टाकुराबाट तलतिर खसालीदेऊ," तिनीहरू सबैजना उहाँलाई लिएर पहाडको टाकुरामा गए । तर येशू अचानकै तिनीहरूको माझबाट अलप हुनुभयो । उहाँ निस्केर गइसक्नु भएको थियो । पदहरू २९, ३० पढ्नुहोस् ।

**सोच्नुहोस्:** येशूलाई सुरक्षा दिनलाई परमेश्वरले स्वर्गदूतहरू पठाउनु भएको थियो? उहाँको बलिदान हुने अझै समय भएको थिएन । के येशूले ती मानिसहरूलाई प्रेम गर्न छोड्नु भयो त? अँहँ, उहाँले तिनीहरूलाई त्याग्नु भएन । तर, उहाँलाई चिन्ने र उहाँमाथि विश्वास गर्ने निश्चय तिनीहरूले कहिल्यै पनि गरेनन् । कति दुःखलाग्दो कुरा!

## अधिक अध्ययनका निम्ति:

यूहन्ना ५; लूका ४:१६–३०; द डिजायर अफ एजेज, पेज २०१–२१३; २३६–२४३; द बाइबल स्टोरी, भोल्युम ८, पेज ३३–३६; भोल्युम ७, पेज १६५–१६८ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

दोस्रो वर्ष
त्रैमासिक–३, पाठ–१२

## शिक्षा र चङ्गाईदान



**याद गर्नुपर्ने पदः**
"मैले तँलाई तेरो नाउँ काढेर बोलाएको छु, तँ मेरै होस् ।" – यशैया ४३:१

### आइतबार

१ गालीलको समुद्र किनारमा एक बिहान, जब आकाश उज्यालो हुँदै थियो, येशू शान्तिसित आफ्ना पितासँग प्रार्थना गर्दै हुनुहुन्थ्यो । चाँडै नै, त्यहाँ मानिसहरूको भीड उहाँसँग बातचित गर्नलाई प्रतीक्षा गरिरहेका हुनेछन् भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो ।

चेलाहरू चाहिँ डुङ्गामा चढेर नजिकै आइसकेका थिए, र तिनीहरू माछा मार्ने जाल धुनमा व्यस्त थिए । तिनीहरू निराश थिए, किनकि तिनीहरूले पूरै रातमा एउटा पनि माछा पक्रन सकेका थिएनन् । जब तिनीहरू माछा मार्दै थिए, तब तिनीहरूले धर्म-गुरूहरूले येशूलाई नरूचाएको विषयमा कुराकानी गर्दै थिए । त्यो कुराले नै तिनीहरूलाई अति निराश बनाइदिएको थियो ।

चाँडै नै, येशूको वचन सुन्न भनी मानिसहरूको भीड लाग्न थाल्यो । जब मानिसहरू येशूको नजिक आउने कोसिस गर्दै थिए, तब उहाँ सिमोन पत्रुसको डुङ्गामा चढेर शिक्षा दिने विचार गर्नुभयो, र डुङ्गालाई किनारबाट अलि पर लैजान लाउनुभयो, र उहाँले डुङ्गामा नै बसेर भीडलाई परमेश्वरको वचन बाँड्न लाग्नुभयो । त्यसो गर्दा मानिसहरूले येशूलाई राम्रोसँग देख्न सक्थे, र उहाँले बोल्नुभएको प्रष्टसँग सुन्न सक्थे । लूका ५:१–३ पढ्नुहोस् ।

किनारमा वचन सुनेर बस्ने धेरै जातिका मानिसहरूको भीड थियो । त्यहाँ तपाईंले सोचे जस्तो सबै जातिका मानिसहरू – जालहारीहरू, बुढा-पाका र जवान मानिसहरू, धनी र गरिब, शिक्षित र अशिक्षित, रोगीहरू, र शास्त्रीहरू पनि उपस्थित थिए । जसरी येशू डुङ्गामा चढेर शिक्षा दिइरहनु हुँदा सबैजनाले उहाँको वचन ध्यानसित सुनिरहेका थिए ।

जब येशूले वचन बाँड्न सिद्ध्याउनु भयो, र मानिसहरू जान थाले, तब उहाँले डुङ्गालाई गहिरोतिर लगेर जाल हान्न पत्रुसलाई आज्ञा गर्नुभयो । पद ४ पढ्नुहोस् ।

पत्रुस जालहारी थिए, र माछा पक्रनलाई जाल हान्ने विषयमा येशूलाई कुनै ज्ञान छैन भन्ने विचार सायद पत्रुसले गरेका थिए । त्यस बाहेक, येशू एक सिकर्मी हुनुहुन्थ्यो । माछा पक्रनलाई रातीको समय राम्रो हुन्छ भन्ने कुरा सायद पत्रुसलाई थाहा थिएन । तर तिनले येशूलाई प्रेम गर्थे, र उहाँलाई खुशी पार्न चाहन्थे । पत्रुसले के गर्न पुगे त? पद ५ पढ्नुहोस् ।

**सोच्नुहोस्ः** कुनै अचम्मको कामहरू गर्नलाई परमेश्वरले भन्नुभएको केही त्यस्ता उदाहरणहरूको बारेमा के तपाईंले याद गर्न सक्नुहुन्छ? नामानको बारेमा के भयो त? एलिया र विधवा आइमाईको बारेमा के भयो त? बेथस्दाको जलकुण्डमा त्यो सहाराविहीन मानिसको बारेमा सोच्नुहोस् । त्यहाँ के भएको थियो त?

### सोमबार

२ सिमोन पत्रुस र तिनका भाइ अन्द्रियासले येशूको आज्ञा मानिरहेका थिए । तिनीहरूले आफ्नो डुङ्गालाई तुरून्तै पानीको गहिरो ठाउँतिर लगे, र माछा पक्रनलाई फेरि

तिनीहरूले पानीमा जाल फ्याँके ।

जब दुई भाइहरूले जाललाई डुङ्गामा तान्ने कोसिस गरे, तब तिनीहरूलाई जाल तान्न नै कठिन भयो । किनभने डुङ्गा माछाहरूले भरिभराऊ थियो । तिनीहरूले डुङ्गालाई थाम्न सकेनन्, र माछाहरूको भारले गर्दा डुङ्गा नै डुब्न लागेको थियो ।

"हामीलाई मद्दत गर" भन्दै तिनीहरू ठूलो सोरले कराए । तिनीहरूले याकूब र यूहन्नालाई मद्दतका लागि इसारा गरे, जो अर्को डुङ्गामा बसिरहेका थिए । याकूब र यूहन्ना मद्दत गर्नलाई हतार-हतार गर्दै दौडँदै गए, र तिनीहरूले दुईवटै डुङ्गामा माछाहरूले भरे । लूका ५:६, ७ पढ्नुहोस् ।

जब त्यहाँ भइरहेको घटनालाई पत्रुसले देखे, तब तिनले के गरे त? पद ८ पढ्नुहोस् ।



पत्रुसले "मलाई त्यागिदिनुहोस्" भनी येशूलाई भनेका थिए; तर त्यतिखेरै तिनी उहाँको पाउमा घोप्टो पर्न लागे । साँच्चै नै, तिनी येशूबाट टाढा हुन चाहँदैनथे । तिनी आफूलाई पापी ठान्थे, र येशूको सेवक बन्न योग्यको छैन भन्ने महसूस गर्थे । अरू चेलाहरूले पनि त्यस्तै महसूस गर्न पुगेका थिए । जसरी येशूले प्रेम र कोमलताले पत्रुसतिर हेर्नुभयो, तब उहाँले तिनलाई के भन्नुभयो त? पदहरू ९, १० पढ्नुहोस् ।

ती चेलाहरू जालहारी थिए, र त्यतिबेलासम्म, तिनीहरू कहिलेकाहिँ मात्र माझीको रूपमा काम गरिरहेका थिए । आफू र आफ्नो परिवारको जीविकोपार्जनको निम्ति कसरी तिनीहरूसित प्रशस्त पैसा हुन सक्थ्यो र? तर, अब येशूले गर्नुभएको त्यो चमत्कारी कामद्वारा येशूले तिनीहरूको सबै आवश्यकताहरू परिपूर्ति गर्न सक्नुहुन्छ भन्ने कुरा तिनीहरूलाई थाहा भयो । त्यसदिन तिनीहरूले के गरे त? पद ११ पढ्नुहोस् ।



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

**सोच्नुहोस्:** "तिमीहरूले मानिसहरूलाई पक्रने छौ ।" भनेर येशूले भन्नुभएको भनाइको तात्पर्य के थियो? मानिसहरूको हृदयमा वचनको छाप बनाउनका लागि र तिनीहरूलाई येशूमा पूर्ण रूपले भरोसा दिलाउनका लागि पवित्र आत्माले तिनीहरूलाई मद्दत पुर्‍याउनु हुनेछ भन्नु नै के उहाँको भनाइको तात्पर्य थियो त? के अझै पनि उहाँले मानिसहरूलाई यस किसिमले प्रयोग गर्नुहुनेछ? के उहाँले बाल-बालिकाहरूलाई पनि यसरी नै प्रयोग गर्नुहुनेछ? हो, उहाँले तपाईंलाई पनि प्रयोग गर्न उहाँले अपनाउनु हुने माध्यमहरूको बारेमा तपाईंले के विचार गर्नुभएको छ त?

## मंगलबार

**३**

कफर्नहुम भन्ने शहर गालीलको समुद्री किनारमा अवस्थित थियो । त्यो राजमार्गबाट मानिसहरू यात्रा गर्दाखेरि कफर्नहुम भएर केही अरू देशहरूमा यात्रा गदर्थे, र धेरै जसो यात्रीहरू विश्रामको लागि कफर्नहुममा रोकिन्थे । कहिले काहिँ येशू पनि त्यहीं रोकिनुहुन्थ्यो । त्यस शहरलाई "उहाँको आफ्नै शहर" भनी बाइबलले उल्लेख गरेको छ ।

कफर्नहुममा येशूले टाढा-टाढाबाट आएका विभिन्न जातिका मानिसहरूसित भेटेर बातचित गर्नुभयो । धेरै मानिसहरूले उहाँले भन्नुभएको वचनहरूलाई याद गर्दथे, र तिनीहरू जहाँ-जहाँ जान्थे, त्यहाँ त्यहाँ तिनीहरूले येशूको वचनहरू अरू मानिसहरूलाई सुनाउँथे । महासभाले उहाँको शिक्षा दिने कामलाई रोक्ने कोसिस गरे तापनि, धेरै भन्दा धेरै मानिसहरूले उहाँलाई नै पछ्याए । तिनीहरूको आफ्नै गुरू भन्दा पनि येशू धेरै फरक खालको गुरू हुनुहुन्थ्यो! उहाँले परमेश्वरको बारेमा र उहाँको सत्य वचनहरूको बारेमा तिनीहरूलाई प्रष्टसँग बुझाउनु भयो ।

एक शबाथ-दिनमा, कफर्नहुमको सभाघरमा एउटा ठूलो भीडमा येशूले शिक्षा दिइरहनु भएको थियो । सधैं झैं, मानिसहरूले निकै नै आनन्दित भएर येशूको वचन सुनिरहेका थिए । पवित्र आत्माले तिनीहरूको हृदयमा प्रभाव पार्दै हुनुहुन्थ्यो । जब येशूले फरक खालको अनुहारहरूलाई हेर्नुभयो, तब हरेक व्यक्तिले सोचिरहेका कुराहरूको बारेमा उहाँ जान्नुहुन्थ्यो । केही मानिसहरूले उहाँमाथि विश्वास गरेको उहाँलाई थाहा भयो, र उहाँले जुन राज्यको विषयमा बुझाउने कोसिस गर्दै हुनुहुन्थ्यो, त्यतिबेला धेरै मानिसहरू निराश बन्दै गरेका पनि उहाँलाई थाहा थियो । अचानक,मानिसहरूले एउटा ठूलो आवाज सुने । लूका ४:३१—३३ पढ्नहोस् ।

ती मानिस को थिए त? तिनी किन आफ्नो ठाउँबाट उठेर आएर ठूलो सोरले चिच्याउँदै कराउँदै थिए, र तिनी के कुराको निम्ति चिच्याउँदै थिए?


**सोच्नुहोस्:** जब हामी येशूको बारेमा बुझ्नलाई एकै ठाउँमा भेला हुन पुग्छौं, तब के त्यहाँ शैतान पनि उपस्थित हुन्छ? हो । हाम्रा स्वर्गदूतहरू हाम्रा नजिक हुन्छन्, त्यसैले हामीले सिक्न लागेका कुराहरूमा शैतानले कुनै

किसिमको बाधा र अड्चन ल्याउन सक्दैन भन्ने कुरामा कसरी हामी सुनिश्चित बन्न सक्छौं त?

## बुधबार

४ त्यसदिन, कफर्नहुमको सभाघरमा एकजना मानिस चिच्याउँदै कराउँदै येशूतिर आइरहेका मानिसलाई शैतानको दुष्टात्माले डोऱ्याइरहेको थियो । ती मानिसले साना-तिना खराब कामहरू शुरू गर्न थालेका थिए, र त्यस्तो सानो तिनो पाप गर्दैमा त्यसले केही फरक पार्दैन भनेर तिनले सोचेका थिए । तर, चाँडै नै तिनले अरू पनि धेरै नराम्रा कामहरूमा आदत बनाउँदै गए, र पछिसम्मै तिनले शैतानको आज्ञालाई मान्दै गए ।

अब, ती मानिसले आफैँलाई दुष्टात्माबाट छुट्कारा पाउन केही गर्न सकिरहेका थिएनन् । तर, त्यसदिन जब तिनले येशूको वचन सुनिरहेका थिए, तब येशूले तिनलाई केही मद्दत गर्न सक्नुहुन्छ कि भनी तिनको हृदयमा केही आशा पलाउन थाल्यो । परमेश्वरले तिनको चुन्ने अधिकार शैतानलाई खोस्न दिनुभएन ।



ती मानिस दुष्टात्माबाट छुटकारा पाउन चाहन्थे । तर दुष्टात्माले तिनलाई छोडेको थिएन । शैतान एकदमै क्रोधित थियो, किनकि परमेश्वरको राज्यलाई चुन्नका निम्ति येशूले धेरै मानिसहरूलाई मद्दत गरिरहनु भएको थियो, र तिनीहरूलाई परमेश्वरको राज्यमा डाऱ्याउनका लागि उहाँले सकेजति सम्पूर्ण कामहरू गरिरहनु भएको थियो ।

जब त्यो मानिस येशूतिर उफ्रँदै आए, तब तिनी के कुरामा चिच्याउँदै थिए त? लूका ४:३४ पढ्नुहोस् ।

शैतानको दुष्टात्माले ती मानिसलाई आफ्नो वशमा पारेको थियो, र तिनले बोल्न चाहेका कुराहरूलाई दुष्टात्माले रोक्न चाहिरहेको थियो भन्ने कुरा येशू जान्नुहुन्थ्यो । यदि येशूले शैतानको बिरूद्धमा युद्ध जित्नु भयो भनेदेखि, शैतान र तिनका दुष्ट दूतहरू सदाको लागि नाश पारिनेछ भन्ने कुरा शैतान जान्दथ्यो ।

येशूले केवल केही वचनहरू मात्र बोल्नुभयो; तर शैतान र सबै मानिसहरूले को चाहिँ शक्तिशाली रहेछन् भन्ने कुरा आफ्नै आँखाले देखे । पदहरू ३५–३७ पढ्नुहोस् ।

एकपल्ट फेरि, येशूले शैतानको विरूद्धमा युद्ध जित्नुभयो । अब, त्यस दिनको घटनाले धेरै मानिसहरूले उहाँको कीर्तिको बारेमा सुने, र उहाँमाथि विश्वास गरे ।

**सोच्नुहोस्:** जब हामी येशूको साथमा रहने निश्चय गर्छौं, तब के हामी शैतानबाट सुरक्षित बन्न सक्छौं? शैतानले हामीलाई कति पल्ट परीक्षामा पार्छ? कसको आज्ञालाई मान्ने भनेर हामी कतिपल्ट द्विविधामा पर्छौं? तपाईंले येशूलाई चुन्नुभएको छ भन्ने कुरामा के तपाईं खुशी हुनुहुन्छ? उहाँ पनि खुशी हुनुभएको छ; किनकि उहाँले तपाईंलाई धेरै नै प्रेम गर्नुहुन्छ, र शैतानले तपाईंलाई हानि नोक्सानी पुऱ्याउन चाहन्छ भन्ने कुरा येशू जान्नुहुन्छ ।

## बिहीबार

५ कुनै व्यक्ति क्यान्सर जस्तो भयानक रोगले सिकिस्त भएको खबर जब हामी सुन्छौं, तब हामी यसो भन्ने गर्छौं, "ओहो, यो त राम्रो होइन, मलाई धेरै नै दु:ख लाग्यो ।" प्राचीन समयमा, सबैजनालाई थाहा भएको डरलाग्दो रोग भनेको कुष्ठरोग थियो । त्यसको कुनै उपचार सम्भव थिएन, र त्यो रोग सरूवा रोग थियो । त्यसको अर्थ चाहिँ त्यो रोग एक मानिसबाट अर्को मानिसमा सर्ने खालको रोग थियो । त्यो एकदम डरलाग्दो रोग थियो ।

कुष्ठ रोग लागेको मानिस एकदम कुरूप देखिन्थ्यो, किनकि तिनीहरू अरू मानिसहरूबाट टाढा बस्नुपर्थ्यो । तिनीहरूले आफ्नो घर-परिवार, छर-छिमेकीहरू, नातेदारहरू र मित्रहरूलाई त्याग्नुपर्थ्यो । कुनै पनि कुष्ठरोगी तिनीहरूको नजिक आउँदा तिनीहरू "छि: छि:!" भनेर ठूलो सोरले कराउँथे । त्यसैले त्यस्ता रोगीबाट पर हट्नुपर्ने रहेछ भनेर मानिसहरूले बुझ्दथे । कसैले पनि तिनीहरूलाई छुने साहस गर्दैनथे । तिनीहरूले छोएका कुनै पनि चिजहरू अशुद्ध नै मानिन्थे ।

कुष्ठरोगी बन्नुको सबभन्दा नराम्रो पक्ष भनेको यो हो, कि तिनीहरूलाई परमेश्वरले सजाय दिनुभएको हो भनेर मानिसहरूमा नराम्रो धारणा थियो । कुष्ठरोगीहरू बेकम्मा हुन् भनी पूजाहारीहरूले सिकाउँथे । तिनीहरूले कुष्ठरोगीहरूप्रति कुनै सहानुभूति देखाउँदैनथे, र तिनीहरूलाई सहायता पनि गर्दैनथे । अन्तिममा निको पारिएको एकजना कुष्ठरोगी नामान थिए, जुन येशू जन्मनु अघि, सयौं वर्ष पहिलेको कुरा थियो ।

तर त्यहाँ अर्को एकजना कुष्ठरोगी थिए, जसले येशूले मानिसहरूको निम्ति गर्दै आउनु भएको आश्चर्यमय कामहरूको बारेमा सुनेका थिए । जो मानिस मद्दतको लागि येशू कहाँ जान्छन्, त्यसलाई कुनै आशिष् नदिई उहाँले त्यत्तिकै फिर्ता

पठाउनुहुन्न भन्ने कुरा तिनले सुनेका थिए । के येशूले तिनलाई मद्दत गर्नुहुनेछ होला त? तिनलाई त्यो कुरा जान्नु थियो ।

येशूले समुद्रको किनारमा ठूलो भीडलाई शिक्षा दिइरहनु भएको कुरा जब त्यो कुष्ठरोगीले थाहा पाए, तब तिनी त्यतैतिर लागे । तिनी नजिकै बसेको नभए तापनि, येशूले बोल्दै गर्नुभएको कुरालाई तिनले अलिकति भए पनि सुन्न सक्थे । उहाँले अन्धा, लङ्गडा, गूँगा र विभिन्न खालका रोगीहरूलाई निको पार्नुभएको तिनको आफ्नै आँखाले देखे ।

**सोच्नुहोस्:** के ती कुष्ठरोगीले येशूको नजिक जाने साहस गर्न सके त? के येशूले त्यो कुष्ठरोगीलाई सहायता गर्नुहुनेछ होला त?

## शुक्रबार

**६**

ती कुष्ठरोगी बिस्तारै उहाँको नजिक गए । अचानक, कसैले तिनीमाथि नजर लगाइरहेको थियो । "ए कुष्ठरोगी! पर हट्!" मानिसहरूले डराएर भने, र तुरुन्तै भीडका मानिसहरू पछाडि हट्न थाले । तर, तिनी निरन्तर रूपमा येशू भएको ठाउँमा अगाडि बढ्न थाले । यदि येशूले इच्छा गर्नुभयो भनेदखि, उहाँले तिनलाई निको पार्न सक्नुहुनेछ भन्ने विश्वास तिनमा थियो । जब तिनी झन् उहाँको नजिक जान थाले, तब तिनले के गरे त? मर्कूस १:४० पढ्नुहोस् ।

येशूले एउटा गरिब मानिसतिर नजर लगाउनु भयो । अनि उहाँ त्यतातिर ढल्किनुभयो । जब मानिसहरूले हेर्दै थिए, र सुन्दै थिए, तब तिनीहरूलाई सासै फेर्न गाह्रो भएको हुनुपर्छ । पदहरू ४१, ४२ पढ्नुहोस् ।

ती कुष्ठरोगी त्यतिखेरै निको भइहाले! मानिसहरूले आफ्नै आँखाले देखेका कुरालाई विश्वासै गर्न सकेनन् । अब, ती निको भएको मानिसले के गर्नुपर्ने हो, सो को बारेमा येशूले तिनलाई बताउँदै गरेको मानिसहरूले सुने । उहाँले तिनलाई भन्नुभएको कुरा के थियो त? पदहरू ४३, ४४ पढ्नुहोस् ।

येशूले ती कुष्ठरोगीलाई निको बनाउनु भएको हो भन्ने कुरा पूजाहारीहरूले सुन्नुअघि, ती मानिस निको बनेको पूजाहारीहरूले आफ्नै आँखाले देखून् भनी येशूले इच्छा गर्नुभयो । तर ती मानिस कसरी चूप लागेर बस्न सक्थे र? तिनी हतार-हतार गरी दौडँदै गए, र मन्दिरमा बलिदानको निम्ति भेटीहरू ल्याए, तर त्यो घटनाको बारेमा अरू मानिसहरूलाई सुनाउन तिनी धेरै आतुर भए ।

मन्दिरमा, तिनको रोगलाई राम्रोसित जाँच गर्ने पूजाहारी उही नै थिए, जसले धेरै वर्ष अघि, तिनी कुष्ठरोगी हुन् भन्ने ठोकुवा गरेका थिए । अब, तिनी निको भइसकेको कुरा ती पूजाहारीले स्वीकार गर्नुपर्‍यो । एकपल्ट फेरि, तिनी आफ्नो परिवारलाई भेट्नका लागि घर जान पाए, र शबाथ-दिनमा आफ्नो परिवारको साथमा सभाघर जाने मौका पाए ।

त्यस घटनाको बारेमा कसैलाई नबताउनू भनी किन येशूले आज्ञा गर्नुभएको थियो भन्ने कुरा त्यो निको भएका मानिसले बुझ्नै सकेनन् । येशू नम्र बन्न खोज्नुभएको होला भनी सायद तिनले सोचे होलान् । तर धेरै कुष्ठरोगीहरू निको बन्नलाई उहाँकहाँ आए भने, त्यसले मानिसहरूको मनमा डर उत्पन्न गराउनेछ भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो । त्यसबाहेक, धेरै कुष्ठरोगीहरूले आफ्नो मार्ग परिवर्तन गर्ने छैनन्, किनकि चङ्गाई पाएका मानिसहरूले अरू मानिसहरूलाई सुनाए, र येशूकहाँ आउने मानिसहरूको भीड झन् बढ्यो । उहाँले मानिसहरूलाई मद्दत गर्ने काम केही समयका लागि बन्द गर्नुपर्‍यो । तर धेरै समयका लागि होइन ।

**सोच्नुहोस्:** कुष्ठ रोग र पाप भनेको उस्तै-उस्तै हो । कुष्ठरोगले मानिसलाई मृत्युको मुखमा पुर्‍याउँदछ, र पापले पनि मानिसलाई मृत्युको मुखमा पुर्‍याउँदछ, होइन र? तर जसले कुष्ठ रोगलाई निको बनाई दिनुहुन्छ, उहाँले हाम्रो हृदयलाई शुद्ध पार्न, हाम्रो पाप उठाई लान र हाम्रो पाप-क्षमा गर्नका लागि पनि सक्षम हुनुहुन्छ ।

## अधिक अध्ययनका निम्ति:

लूका ५:१–११; ४:३१–३७; ५:१२–१६; द डिजायर अफ एजेज, पेज २४४–२६६; द बाइबल स्टोरी, भोल्युम ७, पेज १६९–१७३; १५७–१६३; भोल्युम ८, पेज ३७–३८ ।

My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

# पहिला मेरो बाइबल

दोस्रो वर्ष
त्रैमासिक–३, पाठ–१३

# पापीहरूका मित्र, येशू ख्रीष्ट



**याद गर्नुपर्ने पदः**
"परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ?" – मर्कूस २:७

## आइतबार

**१** गालील समुद्रको किनारमा अवस्थित कफर्नहुम भन्ने व्यस्त शहरको बारेमा के तपाईंलाई सम्झना छ? जब त्यहाँ केही अचम्मका घटना भए, तब येशू त्यहीं ठाउँमा हुनुहुन्थ्यो ।

येशू पत्रुसको घरमा हुनुहुन्थ्यो, जुन घर परमेश्वरको वचन सुन्न आउने मानिसहरूले खचाखच भरिएको थियो । मर्कूस २:१, २ पढ्नुहोस् ।

येशूका चेलाहरू उहाँको नजिकै उहाँको वरिपरि बसिरहेका थिए, र त्यहाँ केही फरिसीहरू पनि बसिरहेका थिए । तिनीहरूको हृदयमा छाप पार्नलाई पवित्र आत्माको उपस्थिति पनि त्यहाँ थियो, तर फरिसीहरूलाई त्यो कुरा थाहा थिएन । लूका ५:१७ पढ्नुहोस् ।

वास्तवमा, ती फरिसीहरू र व्यवस्थाका पण्डितहरू जासूसी थिए भन्ने कुरा येशू जान्नुहुन्थ्यो । वचन दिने र चङ्गाई पार्ने जस्ता उहाँको काममा बाधा पुऱ्याउनका निम्ति केही गल्ती समात्ने उद्देश्यले तिनीहरू त्यहाँ बसिरहेको कुरा येशू जान्नुहुन्थ्यो ।

अचानक, जब येशू कुरा गर्दै हुनुहुन्थ्यो, तब उहाँ उभिनु भएको ठाउँको ठिक माथिपट्टिबाट केही गुनगुन आवाजहरू सुनिए । सबैजनाले माथितिर हेरे । के हुन गइरहेको थियो त? कसैले छाना माथि बसेर केही गरिरहेको तिनीहरूले देखे । केही कारणबश, चारजना मानिसहरूले छानामा प्वाल बनाइरहेका थिए । जब प्वाल ठूलो भयो, तब मानिसहरूले अचम्म मानेर हेर्दै थिए ।

के भइरहेको थियो भनेर हेर्नलाई भित्रबाट एकजना छानामाथि हेर्न गए । अनि तिनले उनीहरूलाई तल बोलाए, अथवा उनीहरूले के गर्न खोजेका हुन् भनी जान्नलाई तल बोलाए । येशू शान्तपूर्वक उभिएर हेरिरहनु भयो, र प्रतीक्षा गर्नुभयो । के भइरहेको थियो, र किन त्यसो भइरहेको थियो भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो ।

अन्तमा, चारजना मानिसहरूले एकजना मानिसलाई खाटै समेत त्यो प्वालबाट तल ओराल्दै गरेको मानिसहरूले देखे । जब मानिसहरूले होसियारीपूर्वक डोरी सम्हाल्दै खाटै समेत उचालेर बिरामीलाई येशूको सामुन्ने ओराले, तब ठाउँ छोडिदिन भीडका मानिसहरू पछि सरे । के हुने होला भनेर माथिबाट चारजना मानिसहरू हेरिरहेका के तपाईंले कल्पना गर्न सक्नुहुन्छ?

**सोच्नुहोस्ः** ती बिरामी मानिस को थिए? के हुनेछ होला भनेर उत्सुकतापूर्वक प्वालबाट हेरिरहेका ती चार जना मानिसहरू को थिए होलान् त? के तपाईंलाई पनि हेरिरहन मनपर्छ?

## सोमबार

**२** त्यो मानिसलाई के भएको थियो, जसलाई चारजना मानिसहरूले खाटै समेत छानाको प्वालबाट तल येशूको सामुन्ने ओराले? मर्कूस २:३, ४ पढ्नुहोस् ।

शबाथ-दिनमा बेथस्दाको जलकुण्डमा येशूले निको पार्नुभएको मानिस जस्तै ती गरिब मानिस पनि सहाराविहीन थिए । त्यस जलकुण्डको मानिस झैं ती मानिसले पनि आफ्नो मन-मस्तिष्क र शरीरलाई हानि गर्ने किसिमले गलत कामहरू गरेका कारण तिनी रोगले ग्रसित भएका थिए, र तिनलाई यो कुरा थाहा थियो । त्यस रोगको कुनै उपचार छैन भनी चिकित्सकहरूले तिनलाई बताएका थिए । तिनले गरेका पापहरूको कारण परमेश्वरले तिनलाई सजाय दिनुभएको हो, र जे भएको थियो, त्यसलाई तिनले स्वीकार्नुपर्छ भनेर फरिसीहरूले तिनलाई भनेका थिए । फरिसीहरूले तिनीप्रति कुनै सहानुभूति देखाएका थिएनन् ।

त्यसबखत उनी मर्नै लागेका थिए । तिनले गरेका पापको निम्ति परमेश्वरले क्षमा दिनुहुन्छ भन्ने कुरा यदि तिनलाई थाहा भएको भए, तिनलाई मर्नलाई पनि कुनै पछुतो लाग्ने थिएन । तर तिनले गरेका पापको निम्ति परमेश्वरले क्षमा दिनुहुन्न भनेर तिनलाई बताइएको थियो ।

अनि ती मानिसले येशूको बारेमा सुनेका थिए । येशूले सबै प्रकारको रोगहरू निको पार्न सक्नुहुन्छ, र परमेश्वरबाट सजाय पाएर जस्तो सुकै रोग लागेको भए तापनि, येशूले निको पार्न सक्नुहुन्छ भनेर तिनका मित्रहरूले तिनलाई सुनाएका थिए । उहाँले त्यस्तो खालको कुष्ठ रोग पनि निको पारिदिनु भएको थियो, जुन रोग चाहिँ धेरै नै बल्झिसकेको र पुरानो थियो । तिनले येशूसित भेट गर्नुपर्छ भनी तिनका मित्रहरूले विचार गरेर तिनलाई त्यहाँ ल्याएका थिए ।

येशूलाई देख्न पाइयोस् भनेर ती मानिसले कति धेरै इच्छा गरेका थिए! परमेश्वरले तिनलाई क्षमा दिइसक्नु भएको कुरा यदि येशूले भनिदिनु भएदेखि, बरू आनन्दले मर्न पाउँथे भनी तिनले विचार गरे । तर कसरी तिनले येशूलाई देख्न पाउलान् त?

**सोच्नुहोस्:** ती गरिब र असहाय मानिसले के कुराको निम्ति धेरै अपेक्षा गरेका थिए? सबै कुरा फेरि राम्रो होस् या परमेश्वरले तिनलाई अझै धेरै प्रेम गर्नुहुन्छ या गर्नुहुन्न भनी के तिनले बुझ्न चाहन्थे? यदि हामीले कुनै पाप गर्न पुगेको भए तापनि, के परमेश्वरले हामीलाई अझै प्रेम गर्नुहुन्छ त?

## मंगलबार

**३**

ती गरिब र असहाय मानिस, जसले परमेश्वरले तिनका पापहरू क्षमा गरि दिऊन् भनी चाहना गरेका थिए, तिनले केवल येशूलाई भेट्ने उपायको बारेमा मात्र सोचिरहेका थिए । तिनले आफ्ना मित्रहरूलाई येशूकहाँ बोकेर लानका लागि आग्रह गरेका थिए ।

तिनलाई येशूकहाँ बोकेर पुर्‍याइदिन पाए धेरै खुशी हुन्थ्यो भन्ने कुरा तिनका मित्रहरूले पनि बताए । तिनीहरूले गर्न खोजेका पनि त्यही नै थियो । तिनीहरू ती मानिसको घरमा गए, र तिनलाई खाटै समेत उठाएर ल्याइदिए ।

जब तिनीहरू येशू बस्नुभएको घरमा पुगे, तब तिनीहरूलाई मानिसहरूको भीडबाट घरभित्र पस्नलाई गाह्रो भइरहेको थियो, तर तिनीहरूले सकेजति हर प्रकारले कोशिस गर्न लागे; तर तिनीहरूलाई भित्र पस्न कसैले पनि बाटो छोडि दिएनन् । तिनीहरूले के गरे त?


ती गरिब मानिस येशू बस्नुभएको घर नजिक त पुग्न सके, तर जसले तिनलाई निको पार्न सक्नुहुन्थ्यो, उहाँलाई देख्न नपाएर तिनी धेरै निराश बन्न पुगेका थिए । "कृपया, मलाई छानामाथि लगिदिनुहोस्, र त्यहाँ एउटा प्वाल बनाएर त्यहाँबाट तल ओह्रालिदिनुहोस् ।" भनेर तिनले आफ्ना हितैषी मित्रहरूलाई आग्रह गरे, र तिनका मित्रहरूले त्यसै गर्न लागे । लूका ५:१८, १९ पढ्नुहोस् ।

ती मानिसका मित्रहरूले तिनलाई होसियारीपूर्वक बाहिर राखेको काठको भऱ्याङ्मा चढेर छानामाथि बोकेर लगे । तिनीहरूले छानाको झिँगटी हटाएर तिनलाई ओह्राल्न मिल्ने किसिमले ठिक्कको प्वाल बनाए । खाटको चारकुनाको वरिपरी डोरी बाँधेर तिनीहरूले त्यसलाई खाटैसमेत येशूको सामुन्ने ओह्रालिदिए ।

येशूले के गर्नुहुनेछ त? सबैजनाले उत्सुकतापूर्वक हेरिरहेका थिए, विशेष गरी फरिसीहरू र शास्त्रीहरूले पनि हेरि नै रहेका थिए । तिनको रोगको कुनै उपचार सम्भव छैन भनेर ती फरिसीहरूले नै तिनलाई बताएका थिए । यदि येशूले तिनलाई निको पार्न सक्नुभयो भनेदेखि, मानिसहरूले पहिले भन्दा झन् धेरै येशूमाथि विश्वास गर्नेछन्; र ती मानिसहरूले फरिसी र शास्त्रीहरूमाथि कमै विश्वास गर्नेछन् ।

येशूले दयापूर्वक ती मानिसलाई हेर्नुभयो । ती मानिसले के कुरामा धेरै इच्छा गरिरहेका छन्, र तिनले मनमा के सोचिरहेका छन् भन्ने कुरा येशू जान्नुहुन्थ्यो । उहाँले तिनलाई बोल्नु भएको पहिलो वाक्य के थियो त? मर्कूस २:५ पढ्नुहोस् ।

जब ती मानिसले येशूतिर हेरे, तब तिनको पापहरू क्षमा भइसकेका थिए । कति चाखलाग्दो कुरा!


© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

**सोच्नुहोस्:** जासूसीहरूले मनमा सोचिरहेको कुराहरूलाई येशू निश्चित रूपले जान्नुहुन्थ्यो । उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने कुरालाई पनि

तिनीहरूले विश्वास नगरेको कुरा उहाँ जान्नुहुन्थ्यो । "तिम्रो पाप-क्षमा भइसकेको छ ।" भनेर उहाँले ती बिरामी मानिसलाई बोल्नुभयो, र उहाँ स्वयम् परमेश्वर हुनुहुन्छ भन्ने कुराको जिकिर उहाँले गर्दै हुनुहुन्छ भनी ती जासूसीहरूले सोच्नेछन् भन्ने कुरा पनि उहाँ जान्नुहुन्थ्यो । उहाँमाथि अभियोग लगाएर उहाँलाई मार्नलाई तिनीहरूले उहाँले बोल्नुभएको वचनलाई नै मुख्य कारण बनाउनेछन् भन्ने कुरा पनि येशू जान्नुहुन्थ्यो । उहाँले के गर्नुहुनेछ त?

## बुधबार

**४** फरिसीहरू र शास्त्रीहरूले एक-अर्कालाई हेराहेर गर्न थाले । तिनीहरू सबैले एउटै कुरा सोचिरहेका थिए । येशूले गरिरहेका कामहरूलाई बन्द गराउनैपर्छ भनी तिनीहरूले सोचिरहेका थिए । उहाँको कामहरू रोक्नलाई उहाँले ती बिरामी मानिसलाई बोल्नुभएको वचनलाई नै मुख्य कारण बनाउनेछन् । तिम्रो पापहरू क्षमा भइसकेको छ भनेर येशूले ती बिरामी मानिसलाई बोल्नुभएको सुन्ने हरेक मानिसहरूलाई यो कुरा थाहा छ, कि केवल परमेश्वरले मात्रै त्यस्तो चमत्कारपूर्ण काम गर्न सक्नुहुन्छ । फरिसी र शास्त्रीहरूले पनि यसरी नै सोचिरहेका थिए । मर्कूस २:६, ७ पढ्नुहोस् ।

जब येशूले फरिसी र शास्त्रीहरूतिर फर्केर हेर्नुभयो, अचानक तिनीहरूले डर महसूस गर्न पुगे, र त्यहाँबाट निस्केर जाने कोसिस गरे । तिनीहरूले मनमा विचार गरिरहेका कुराहरूलाई येशूले जानिसक्नु भएको छ भनी तिनीहरूले महसूस गरे; र जब उहाँले बोल्नु भयो, तब तिनीहरूले मनमा सोचिरहेका कुराहरूलाई येशूले थाहा पाइसक्नु भयो भनी तिनीहरू पक्का भए । पदहरू ८, ९ पढ्नुहोस् ।

अनि येशू ती गरिब र असहाय मानिसतिर फर्कनुभयो । उहाँले के बोल्नुभयो त? पदहरू १०, ११ पढ्नुहोस् ।

ती मानिसले उफ्रँदै परमेश्वरलाई धन्यवाद चढाउँदै येशूको पाऊमा घोप्टो परेर उहाँलाई दण्डवत् गरे । आफूलाई हलुङ्गो महसूस भएपछि, ती मानिसले आफ्नो ओछ्यान उठाए, र तिनलाई जान दिन मानिसहरूले बाटो छोडिदिए । तिनले चङ्गाई पाएर त्यहाँबाट गइसकेपछि, मानिसहरूले एक-अर्कासित के कुरा गरिरहेका थिए? पद १२ पढ्नुहोस् ।

हाम्रो महान् सृष्टिकर्ताले एउटा मानिसलाई निको पार्नुभयो, जो पापको कारणले मर्नै लागेको थियो । सबैभन्दा असल कुरो यहीं हो, कि उहाँले मानिसको पापलाई क्षमा गर्न सक्नुहुन्छ ।


**सोच्नुहोस्ः** त्यसदिन, जब ती मानिस आफ्नो घर गए, तब तिनको परिवारले कस्तो अनुभव गरे होलान् भन्ने तपाईंलाई लाग्छ? केवल एक पक्षका मानिसहरू को थिए, जो चाहिँ पटक्कै खुशी थिएनन्? किन होला त? के येशूले ती रिसले चुर भइरहेका जासूसहरूलाई पनि प्रेम गर्नुहुन्थ्यो? ती जासूसहरूले गरिरहेका छनोटका निम्ति के येशू आत्मामा दुःखी बन्नुभयो? जब हामीले पनि कुनै पाप गर्न पुग्छौं, तब के उहाँ आत्मामा व्याकुल बन्नुहुन्छ?

## बिहीबार

**५** येशूले होसियारीसाथ मानिसहरूलाई उहाँको चेला हुनका निम्ति चुन्नुभयो । तिनीहरूले आफ्नो कामहरू स्वइच्छाले छोडे, र हरेक समय उहाँको साथमा रहन लागे, जहाँ तिनीहरूले धेरै ज्ञान आर्जन गर्न सक्थे । कसैले आफ्नो परिवारको हेरविचार गर्नु परे तापनि, परिवारलाई चाहिने सम्पूर्ण कुराहरू पर्याप्त होस् भनेर निश्चिन्त हुनका लागि तिनीहरूले येशूमाथि भरोसा गरे । येशूले तिनीहरूलाई चाहिने सम्पूर्ण कुराहरूको परिपूर्ति पनि गरिदिनुभयो । तिनीहरूले कुनै कुराको चिन्ता लिनुपर्ने आवश्यकता परेन ।

प्रत्येक चेलाहरू फरक थिए । प्रायः तिनीहरूमध्ये धेरै जना पुरूष नै थिए, जसले जीविकोपार्जनको लागि कडा मिहिनेत गर्नुपर्थ्यो । तर तिनीहरूमध्ये एकजनाले काम छोडे, जसले धेरै पैसा कमाउँथे भनी सबैजनालाई थाहा थियो । तिनको नाउँ लेवी मत्ती थियो । तर प्रायः हामी तिनलाई मत्ती भन्छौं । तिनको मुख्य काम भनेको रोमी सरकारको निम्ति कर उठाउनु थियो । त्यसलाई सामूहिक कर उठाउने कार्य भनिन्थ्यो; र मानिसहरूले तिनीहरूलाई त्यति मन पराउँदैनथे, किनकि प्रायजसो तिनीहरूले मानिसहरूलाई ठग्ने काम गर्दथे, र मानिसहरूले तिर्नुपर्ने भन्दा बढी नै कर असुल्थे । अनि तिनीहरूले बढी भएको पैसा आफूहरूसितै राख्थे । मत्ती ९:९ पढ्नुहोस् ।

मत्तीले येशूको वचनहरू सुनिरहेका थिए, र येशूलाई तिनको बारेमा थाहा थियो । पवित्र आत्माले मत्तीको हृदयमा बोल्दै हुनुहुन्छ भन्ने कुरा येशू जान्नुहुन्थ्यो; र त्यसले गर्दा तिनले आफ्नो काम बदल्ने र येशूसित इमान्दारीसाथ काम गर्ने इच्छा



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

जाहेर गरे । तर यहूदी धर्म-गुरूहरूले कर उठाउनेहरूको बारेमा के सोच्छन् भन्ने कुरा मत्तीलाई थाहा थियो । संसारकै महान् गुरू येशूले तिनीमाथि ध्यान दिइरहेका छैनन् भन्ने कुरामा तिनी पक्का थिए । तर एकदिन, जब येशू मत्तीको छेउ भएर हिँड्नु

भयो, तब उहाँले तिनलाई के सोध्नुभयो? मत्ती ९:९ पढ्नुहोस् ।

आफूले गरेको कामबाट कमाएको पैसाको बारेमा मत्तीले केही विचार गरेनन् । उहाँको चेला बन्नको निम्ति येशूले तिनलाई आग्रह गर्दै हुनुहुन्थ्यो । तिनले आफ्नो सबै कामहरू छोडेर येशूलाई पछ्याउन लागे । तिनी यो कुरामा धेरै खुशी थिए, कि तिनले येशूको निम्ति ठूलो भोजको आयोजना गरे, र तिनले आफ्नो मित्रहरूलाई पनि उहाँसँग भेट गराउन एकसाथ बोलाए । लूका ५:२९ पढ्नुहोस् ।

भोजमा येशूको उपस्थितिको बारेमा यहुदी धर्म-गुरूहरूले के सोचेका थिए त? पद ३० पढ्नुहोस् ।

तिनीहरूले उहाँका चेलाहरूलाई बोलेका कुराहरू येशूले सुन्नुभयो, र उहाँ स्वयम्ले तिनीहरूलाई उत्तर दिनुभयो । तिनीहरूले आफूलाई धेरै बुद्धिमान् सोचेका र सबै कामहरूमध्ये आफूहरूलाई असल लागेको कुरा उहाँले तिनीहरूलाई सुनाउनुभयो । तिनीहरूलाई मद्दतको खाँचो छ भन्ने कुरा तिनीहरूले विचार गरेनन् । पद ३१ पढ्नुहोस् ।

सोच्नुहोस्: कसलाई धेरै नै सहयोगको खाँचो थियो त – के ती धर्म-गुरूहरूलाई सहयोगको खाँचो थियो, जसले आफूहरू सबै कुराहरूमा निपूर्ण छु भन्ठान्थे? अथवा ती कर उठाउनेहरूलाई सहयोगको खाँचो थियो, जसले आफूहरू पापी हुँ भनी सोच्दथे? यदि हामीले पनि अरूहरूलाई हेरेर तिनीहरूभन्दा हामी धेरै नै असल छौं भनी सोच्यौं भनेदेखि, त्यसले शैतानलाई खुशी बनाउँछ, किनकि त्यो भनेको एक किसिमको घमण्डीपना हो; र घमण्डी मानिसहरू कहिल्यै पनि स्वर्गीय राज्यको हकदार बन्न सक्दैनन् ।


## शुक्रबार

६

येशूले आफ्ना चेलाहरूलाई अभिषेक गर्न तयार पार्दै हुनुहुन्थ्यो । त्यसको अर्थ, जब उहाँले तिनीहरूलाई सिकाउनुहुनेछ, तब तिनीहरू हरेकको साथमा विशेष तरिकाले रहनलाई उहाँले पवित्र आत्मालाई आग्रह गर्नुहुन्थ्यो । तिनीहरू उहाँको धेरै नै विशेष सहयोगी हुनेछन् । जब उहाँ तिनीहरूसित कुरा गर्दै हुनुहुन्थ्यो, तब एकजना मानिसलाई येशूले चुनेको नभए तापनि, तिनी उहाँको चेला बन्ने इच्छा लिएर आए । तिनको नाउँ यहूदा थियो । मत्ती ८:१९ पढ्नुहोस् ।

यहूदा अग्लो, फूर्तिलो र खाइलाग्दो युवक थिए । तिनले येशूको विशेष चेला बन्ने इच्छा राखेकोमा अरू चेलाहरू पनि खुशी भए । तर येशूले दुःख मान्नुभयो, किनकि अरू चेलाहरूलाई जुन कुरा थाहा छैन, त्यो कुरा उहाँ जान्नुहुन्थ्यो । यहूदा येशूको चेला हुने इच्छा गर्नुको कारण येशू जान्नुहुन्थ्यो ।

यहूदा पैसाको बढी मोह गर्थे । येशूले सबैले आशा गरे जस्तो राज्यको शुरूवात् गर्न गइरहनु भएको छ भन्ने



© sweetpublishing.com; License—http://creativecommons.org/licenses/by-sa/3.0/

कुरामा यहूदा पक्का थिए, र तिनले त्यस राज्यको महत्वपूर्ण हिस्सेदार बन्ने चाहना गरिरहेका थिए । अनि, तिनी धेरै नै धनाढ्य बन्नेछु भनी तिनले सोचेका थिए ।

येशूले यहूदालाई पनि प्रेम गर्नुभयो । यदि तिनले आफ्नो हृदय साँच्चिकै येशूमा समर्पित गरे भनेदेखि, तिनी येशूको एउटा सच्चा दास बन्न सक्थे । तर तिनी कहिल्यै पनि त्यस्तो बन्न सक्दैनन् भन्ने कुरा येशू जान्नुहुन्थ्यो । यहूदा साँच्चै नै धार्मिक मानिस हुन् भनेर अरू चेलाहरूले सोच्दै गरेको कुरा पनि येशू जान्नुहुन्थ्यो । यहूदालाई उहाँको विशेष सेवक बन्न दिने निर्णय येशूले गर्नुभयो । तिनले धन-सम्पत्तिलाई भन्दा पनि बढी उहाँलाई प्रेम गर्ने निश्चय गरून् भनी उहाँले तिनलाई मौका दिन चाहनुभयो। तर, शुरूमा उहाँको साथमा रहेर काम गर्न सहज छैन भनेर कसरी उहाँले यहूदालाई चेतावनी दिनुभयो त? पद २० पढ्नुहोस् ।

सोच्नुहोस्: यो हप्ताको हाम्रो पाठमा हामीले भेटेको मानिस जस्तै, के यो संसारमा अझै पनि त्यस्ता खालका मानिसहरू छन् त? एउटा मानिस पापको कारणले सहाराविहीन थियो; तर येशूले पापीहरूलाई पनि प्रेम गर्नुहुन्छ, र उहाँले खुशीसाथ तिनको पाप-क्षमा गरिदिनु भयो, र तिनको रोग निको पारिदिनु भयो । मत्ती धेरै धनाढ्य व्यक्ति थियो, तर तिनले पैसालाई भन्दा पनि बढी येशूलाई प्रेम गरे । यहूदाले येशूलाई प्रेम गर्छु भने, तर तिनले येशूलाई भन्दा पनि पैसालाई बढी प्रेम गर्न पुगे ।


## अधिक अध्ययनका निम्ति:

मर्कूस २:१–१७; द डिजायर अफ एजेज, पेज २६७–२८०; २९०–२९७; द बाइबल स्टोरी, भोल्युम ७, पेज १७४–१७६ ।


My Bible First Copyright © 2015
Web: www.mybiblefirst.org • E-mail: sales@mybiblefirst.org
Nepal: cssnepali@gmail.com

## मेरो सोंच/चित्र:

*Unless otherwise stated, Nepali Scripture quoted in this publication is taken from the Nepali New Revised Version. Copyrighted by the Nepal Bible Society1997, 2006, 2009, 2012, 2016. All rights reserved. Used with permission.*



१. बालक राजा योआश



२. हिजकिया प्रार्थनाका राजा



३. मन्दिरमा बहुमुल्य वस्तुहरू फेला परे



४. परमेश्वरका विशेष समाचारवाहकहरू




५. प्रचारक कैदीहरू



६. राजाको एउटा डर लाग्दो सपना



७. आगोको भट्टी



८. अदृश्य निगरानी



९. सिंहको खोर




१०. एउटा ठुहुरी रानी बन्छिन



११. एउटी रानीले आफ्ना मानिसहरूको उद्धार गरिन्



१२. विश्वासी निर्माणकर्ताहरू



१३. अयूबको धैर्यता

वर्ष २

त्रैमासिक ३



# पहिला मेरो बाइबल

## पारिवारिक बाइबल कथा पाठहरु